## पहिलो परिच्छेद

# शोधप्रस्ताव

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **सुषमा आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

### १.२ शोधपत्रको प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि यो शोधपत्र प्रस्ततु गरिएको छ ।

### १.३ विषयपरिचय

सुषमा आचार्यको जन्म २००७ साल फागुन ७ गते ताहाचल काठमाडौंमा भएको हो । उनका पिता वासुदेव शर्मा लुइटेल हुन् भने माता जानकीदेवी लुइटेल हुन् । आफ्नै पिताको प्रेरणाबाट साहित्यिक क्षेत्रमा सुषमा (शवरी)को नामले साहित्य सिर्जना गर्दै आएकी आचार्यले शिक्षामा विद्यावारिधि गर्न पनि सफल भएकी छिन् । उनले नेपाली साहित्यका कविता, कथा, उपन्यास र समालोचना गरी अनेक विधाको रचनामा आफूलाई प्रवृत्त गराएकी छिन् । उनले कविताअन्तर्गत फुटकर कविता र खण्डकाव्यको रचना गरेकी छिन् । उनका **गजुर ढल्किँदैछ** र **एकपत्र साकुरालाई** भन्ने शीर्षकका कविता-सङ्ग्रह प्रकाशित छन् । **शोक शब्दाञ्जलि** चाहिँ उनले रचना गरेको खण्डकाव्य हो र यो खण्डकाव्य शोककाव्य पनि हो । उनले कथातर्फ मौलिक सिर्जना गरेकी छैनन् । उनले जापानी भाषामा रचिएका केही बालकथाहरूलाई नेपाली भाषामा अनुवाद गरेकी छिन् । उनको त्यो एक मात्र बालकथा-सङ्ग्रह **चन्द्रमामा खरायो** शीर्षकमा प्रकाशित छ । उनको **निर्णय** शीर्षकको एउटा मौलिक उपन्यास प्रकाशित छ । समालोचनाका रूपमा उनका यी पुस्तकाकार कृतिहरू प्रकाशित छन्-**मुलुकबाहिर एक सर्वेक्षण, माइतघरलाई चियाएर हेर्दा, केही व्यक्ति र कृतिहरू, वीरकालको प्रवेश भक्तिकालतिर** र **लैनसिंह बाङ्गदेलको औपन्यासिक कृतिको मूल्याङ्कन** । उनी अझै साहित्यसिर्जनमा क्रियाशील छिन् ।

आचार्यले यी विविध विधामा कलम चलाएर आफूलाई साहित्यका क्षेत्रमा बहुमुखी प्रतिभाका रूपमा प्रतिष्ठित गराएकी छिन् । यो आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको शोध भएकाले यसमा उनको जीवनीका सम्पूर्ण पक्षलाई केलाउँदै सङ्क्षिप्त रूपमा उनका कृतिहरूको अध्ययन-विश्लेषण गरिएको छ ।

## १.४ समस्याकथन

नेपाली साहित्यका फाँटमा सशक्त रूपमा कलम चलाउने सुषमा आचार्यले साहित्यका विविध विधामा सिद्धहस्तता देखाई नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएकी छिन् । नेपाली साहित्यलाई सङ्ख्यात्मक रूपमा मात्र नभई गुणात्मकता समेत प्रदान गर्ने आचार्यले साहित्यको भण्डार भर्ने काम गरेकी छिन् । यसै परिप्रेक्ष्यमा उनको जीवनी, व्यक्तित्व, साहित्य-यात्रा, प्रवृत्ति आदि कुनै विषयमा छिटपुट अध्ययन बाहेक आजसम्म उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा गहन अध्ययन भएको छैन; तसर्थ प्रस्तुत शोधपत्रमा यिनै विषयहरूलाई मूल समस्या मानिएको छ । ती समस्याहरू हुन् :

क) सुषमा आचार्यको जीवनी के-कस्तो छ ?

ख) उनका व्यक्तित्वका पक्षहरू के-कस्ता छन् ?

ग) उनका हालसम्म प्रकाशित साहित्यिक कृतिहरू कति र के-कस्ता छन् ?

घ) उनको साहित्यिक-यात्रा र प्रवृत्ति के-कस्तो छ ?

## १.५ शोधकार्यका उद्देश्यहरू

माथिका समस्याहरूमा केन्द्रित रहेर साहित्यकार सुषमा आचार्यको समग्र जीवनी र उनका जीवनमा घटित विभिन्न घटनाहरू तथा तिनबाट उनको जीवनमा परेका प्रभाव, उनको जीवन-दृष्टि, साहित्य-सृजनाका प्रेरणा आदि विविध पक्षहरूको निरूपण गर्नुका साथै उनको जीवनी, व्यक्तित्व र कृतित्वको स्वरूप पहिल्याउनु प्रस्तुत शोधपत्रको उद्देश्य रहेको छ । ती उद्देश्यहरू यसप्रकार रहेका छन् ।

क) साहित्यकार सुषमा आचार्यको जीवनी प्रस्तुत गर्नु,

ख) उनका व्यक्तित्वका विभिन्न पक्षहरूको परिचय दिनु,

ग) उनका प्रकाशित साहित्यिक कृतिहरूको विश्लेषण गर्नु,

घ) उनको साहित्यिक यात्राको अध्ययन गर्दै उनको साहित्यिक योगदानको चर्चा गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

सुषमा आचार्य कवि, बालकथाकार उपन्यासकार र समालोचकका रूपमा नेपाली साहित्यका क्षेत्रमा परिचित छिन् । उनले नेपाली साहित्यका यी विविध विधामा कलम चलाएर सिद्धहस्तता प्राप्त गरेकी छिन् । उनका बारेमा छिटपुट मात्र चर्चा गरिएको पाइन्छ । उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा सुव्यवस्थित र विस्तृत

अध्ययन अहिलेसम्म खासै गरिएको छैन । उनका बारेमा उनैका कृतिमा लेखिएका प्रकाशकीय, मन्तव्य, भूमिका र पत्रपत्रिकामा गरिएका सामान्य चर्चा परिचर्चा मात्र पूर्वकार्य हुन आएका छन् । तसर्थ उनी र उनका कृतित्वका बारेमा यसपूर्व भएका चर्चा परिचर्चाहरूको समीक्षा यहाँ सङ्क्षेपमा कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ :

समालोचक गोपीकृष्ण शर्माले **नेपाली कविताको विकास वीरकालबाट भक्तिकालतिर** (२०५८) नामक सुषमा आचार्यको अनुसन्धानात्मक कृतिको मन्तव्यमा उनको साहित्यिक क्षेत्रका साथै शैक्षिक, सामाजिक र बौद्धिक क्षेत्रमा सुपरिचित व्यक्ति हुनुहुन्छ भनी उल्लेख गरेका छन् ।

पदमकुमार आचार्यले **लैनसिंह वाङ्देलका औपन्यासिक कृतिको मूल्याङ्कन** (२०५८) नामक आचार्यको अनुसन्धानात्मक कृतिको 'एक थुँगा फूल' शीर्षकको भूमिकामा आचार्यलाई स्वावलम्बी, समझदार चरित्रका रूपमा चित्रण गरेका छन् ।

मोहन सिटौलाले **केही व्यक्ति र कृतिहरू** (२०६३) नामक आचार्यकै समालोचनात्मक कृतिमा प्रकाशकीयको **केही व्यक्ति र कृतिहरू सित एक दिन रहँदा** शीर्षकको भूमिकामा आचार्यको प्रस्तुत कृति पढ्दा भारती गौतमद्वारा आफ्ना पिता साहित्यकार प्रा. स्व. हेमचन्द्र पोखरेलका विषयमा उनको मृत्युपश्चात् लेखिएको संस्मरणात्मक भावुक र समीक्षात्मक लेखको सम्झना आउँछ भन्ने टिप्पणी गरेका छन् ।

चूडामणि बन्धुले **चन्द्रमामा खरायो** (२०६४) नामक आचार्यको अनूदित बालकथा सङ्ग्रहको मन्तव्यमा सुषमा आचार्यले जापानी बाललोककथाहरूको सँगालो नेपाली बालबालिकाका निम्ति कोसेलीका रूपमा ल्याएकोमा धन्यवाद ज्ञापन गरेका छन् ।

होमनाथ सुवेदीले **शोक शब्दाञ्जलि** (२०६५) नामक आचार्यको खण्डकाव्यात्मक कृतिको प्रकाशकीयमा अनेसास (अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज) को प्रकाशनले शोककाव्य आजसम्म प्रकाशित गरेको थिएन; शोककाव्य प्रकाशनको नमुनामा पहिलो हुने अवसर चाहिं यही कृतिलाई प्राप्त भएको छ भन्दै उनले यसका लागि आचार्यलाई बधाई दिएका छन् ।

मोहन सिटौलाले **आचार्यको निर्णय** (२०६५) उपन्यासको 'एक अवलोकन एक मन्तव्य' शीर्षकको भूमिकामा जे भए पनि जीवन एक सकारात्मक या आ-आफ्नै किसिमको सुखान्त भोगाइ, बगाइ हो, भगाइ होइन भनी स्वीकार गर्दै आत्मसात गर्नुपर्छ भन्ने उच्च सन्देश यहाँ पाइन्छ भन्ने उल्लेख गरेका छन् ।

मोहन दुवालले **जनमत** (वर्ष २५, अङ्क १२, साहित्यिक अङ्क १३७ (२०६५ पौष) पत्रिकामा सुषमा आचार्यसँग लिइएको अन्तर्वार्ता प्रकाशित छ । यस अन्तर्वार्तामा आचार्यको जीवनका विविध पाटाहरू स्पष्ट भएका छन् । यसले यस शोधकार्य लेखनमा सहयोग पुऱ्याएको छ ।

लीला लुइटेलले **अभिव्यक्ति** (२०६६) पत्रिकाको सुषमा आचार्य : व्यक्तित्व र कृतित्व शीर्षकको लेखमा सुषमा आचार्यले नेपाली साहित्यका कविता, कथा, उपन्यास, समालोचना, अनुवाद आदि क्षेत्रमा कलम चलाएकी छिन् । यिनै साहित्यकारका साहित्यिक व्यक्तित्वका विविध पाटाहरूको चर्चा गर्नु यस लेखको उद्देश्य रहेको छ ।

## १.७ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

यस शोधपत्रमार्फत साहित्यकार सुषमा आचार्यलाई नेपाली साहित्यजगत्मा सबैका माझमा चिनाउने प्रयास गरिएको छ । त्यस्तै नेपाली साहित्यको विकासका निम्ति आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित भई अध्ययन, विश्लेषण एवम् मूल्याङकन गरिने हुनाले आउने पिंढीलाई यिनका बारेमा आजसम्म पूर्णतया अध्ययन हुन नसकेको सन्दर्भमा यो अध्ययनको औचित्य स्वतः पुष्टि हुन्छ ।

यसप्रकार सुषमा आचार्यको **जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्रले सुषमा आचार्यका बारेमा अध्ययन गर्ने अध्येताहरूका लागि मार्गदर्शनको काम गर्नेछ । यसरी नेपाली साहित्यको इतिहास लेखनका क्रममा तथा साहित्यिक गतिविधिको मूल्याङ्कन गर्ने क्रममा पनि यस शोधपत्रले थप महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ । यी विविध दृष्टिकोणले गर्दा यस शोधकार्यको औचित्यलाई यस अध्ययनले स्वतः स्थापित गरेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

यस शोधपत्र सुषमा आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा सीमित रहेको छ । यसमा उनका जीवनका आरोह-अवरोह एवम् व्यक्तित्वका विविध आयामलाई स्पष्ट पार्दै उनीद्वारा नेपाली भाषामा लेखिएका प्रकाशित कृतिहरूको मात्र अध्ययन गरिएको छ ।

## १.९ शोधविधि

यस शोधपत्रका निम्ति साहित्यकार सुषमा आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विभिन्न स्रोतहरूबाट सामग्री सङ्कलन गरिएको छ । शोधनायकसँग सम्बन्धित र परिचित व्यक्तिसँग सम्पर्क गरी अन्तर्वार्ताद्वारा सामग्री सङ्कलन गरिएको

छ । आचार्यका पुस्तकाकार कृतिका अग्र भागमा रहेका लिखित भूमिका र मन्तव्यलाई पनि यस शोधपत्रका सहायक सामग्रीका रूपमा लिइएको छ । त्यस्तै कृतित्व पक्षका लागि आचार्यका नेपाली भाषामा प्रकाशित पुस्तकाकार कृति र फुटकर रचनाहरू समेत अध्ययन गरिएको छ । यसमा उनको जीवनीको अध्ययनका क्रममा जीवनीपरक समालोचना प्रणालीलाई आधार मानिएको छ र यसबाहेक विधागत सैद्धान्तिक अध्ययन पनि गरिएको छ ।

### १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नानुसारका पाँच परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : सुषमा आचार्यको जीवनी

तेस्रो परिच्छेद : सुषमा आचार्यको व्यक्तित्व

चौथो परिच्छेद : सुषमा आचार्यको कृतित्वको अध्ययन

पाँचौं परिच्छेद : उपसंहार

उपर्युक्त परिच्छेदहरूलाई आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ ।

## परिच्छेद दुई

# सुषमा आचार्यको जीवनी

### २.१ जीवनी

कुनै पनि व्यक्तिको जीवन भोगाइलाई सिलसिलाबद्ध रूपमा प्रस्तुत गर्नु जीवनी हो । जीवनीमा इतिहासमा जस्तो कोरा विवरण र कथामा जस्तो कल्पनाको प्रबलता नभएर तटस्थता, वस्तुगतता र संयमितता हुनुपर्दछ । मानव प्राणीको जन्मदेखि मृत्युसम्मको समयावधि र त्यस अवधिभित्र  घटेका घटनाक्रमलाई सामान्यतया जीवनी, जिन्दगी वा जिन्दगानी भनिन्छ । यही जीवनका घटनाक्रमको समष्टिलाई नै जीवनी भन्ने गरिन्छ ।[१] यसरी कुनै पनि व्यक्तिको जीवनसँग सम्बन्धित घटनाहरूको तथ्यपूर्ण प्रस्तुति नै जीवनीको मूल मर्म हो । 'आत्मविश्वासका साथ स्वाभिमानी भएर अनुशासित जीवन बिताई सकारात्मक सोच राख्नु नै सुषमा आचार्यको जीवनदर्शन हो ।'[२] यसरी यहाँ जीवनीअन्तर्गत साहित्यकार सुषमा आचार्यका जीवनक्रमसँग सम्बन्धित घटनाहरूको अध्ययन गरिएको छ ।

### २.२. जन्म र जन्मस्थान

सुषमा आचार्यको जन्म २००७ फागुन ७ गते शिवरात्रिका दिन भएको हो । उनी पिता स्व. श्री वासुदेव लुइँटेल र माता स्व. जानकीदेवी लुइँटेलकी पहिली सन्तानका रूपमा जन्मिएकी हुन् । उनको जन्मस्थान वागमती अञ्चल, काठमाडौं जिल्लाअन्तर्गतको हालको काठमाडौं महानगरपालिका १३ नं. वडामा पर्ने ताहाचल हो । उनको न्वारानको नाम 'खो' अक्षरबाट जुरेको छ । उनलाई घरमा आमा-बाबा मायागरी बोलाउने नाम 'धन' हो ।[३] उनको बाबा साहित्यकार हुनाले महाकवि लक्ष्मीप्रसाद देवकोटा भेटघाटका सिलसिलामा उनको घरमा आएका वेला उनका बाबाले छोरीको स्कुलमा के नाम राख्नुपर्ला भनी सल्लाह लिँदा लक्ष्मीप्रसादले 'सुषमा' राख्नु भनेकाले उनको नाम 'सुषमा' रहन गएको हो । उनले कतैकतै 'शवरी' उपनामबाट आफूलाई चिनाउन पनि खोजेकी छिन् तापनि उनी सुषमा आचार्यकै नामबाट चिनिँदै आएकी छिन् ।

---

[१] भिक्टर प्रधान, **नेपाली जीवन र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४४), पृ. २८ ।

[२] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

[३] ऐजन ।

सुषमा आचार्यका एक भाइ र तीन बहिनीहरू छन् । भाइ विद्यादेव शर्मा लुइँटेल हुन् र बहिनीहरूमा क्रमशः कमला शर्मा अधिकारी, प्रतिमा बन्जाडे, उषा पौडेल रहेका छन् । प्रारम्भमा सुषमा आचार्यका पिता नेपाली विषय पढाउने सामान्य शिक्षक थिए । पछि उनको परिश्रम र सिर्जनाप्रतिको लगावका कारण महान् हास्यव्यङ्ग्य साहित्यकारका रूपमा स्थापित भई हाल उनी 'भूतको भिनाजु' नाउँले प्रख्यात भएका छन् । यसरी सुषमा आचार्य बाल्यावस्थादेखि नै शैक्षिक र साहित्यिक वातावरणमा हुर्कने मौका पाएकी एक भाग्यमानी साहित्यकार हुन् भन्न सकिन्छ ।

## २.३ बाल्यावस्था

बाल्यावस्था मानव जीवनको प्रारम्भिक चरण भएकाले यस उमेरका जुनसुकै बालकहरू पनि बालसुलभ आचरण, मनोरञ्जन तथा खेलकुदमा रमाउने गर्दछन् । कतिपय व्यक्तिले बाल्यकालमा थुप्रै आपत्विपत्को सामना गर्नु परेको हुन्छ, जसका कारण तिनीहरूको शारीरिक तथा मानसिक विकासमा असर पर्न जान्छ । यसका विपरीत सुषमा आचार्य बाल्यावस्थादेखि नै विशेष माया पाउने भाग्यमानी नारी हुन् । मात्र तीन वर्षको उमेरमा आमादेखि अलग्गिएर सानी आमा शान्तिदेवी लुइँटेलको सान्निध्यमा रहे तापनि उनी स्नेहमयी लालनपालनमा हुर्केकी थिइन् । सानैदेखि सन्तोषी स्वभाव भएकाले उनलाई रोग, भोक र शोकले सताउन पाएन । बाल्यावस्थादेखि नै धेरै पढ्न पाए हुन्थ्यो, अरूले किताब लेखेको देख्दा आफूले पनि लेख्न सके हुन्थ्यो भनी सोच्ने आचार्यको सोच आज पूरा भएको छ । उनले बाल्यावस्थादेखि नै अनावश्यक कुराको चाहना राखिनन् जसका फलस्वरूप उनले चाहेका कुराहरू प्रायः सबै नै पूरा भएका छन् ।[४] यसरी उनले मैले समाजमा केही गरेर देखाउनुपर्छ भन्ने चाहना राखेकी र बाल्यावस्थादेखि नै परिश्रमी स्वभावकी व्यक्तित्व भएकीले आज उनी बहुमुखी प्रतिभाकी धनी भएकी छिन् ।

## २.४ शिक्षा–दीक्षा

### २.४.१ अक्षरारम्भ र प्रारम्भिक शिक्षा

सुषमा आचार्य नेपाली हास्य साहित्यका योद्धा वासुदेव शर्मा लुइटेलकी छोरी हुन् । शिक्षित परिवारमा जन्मिएकी आचार्यको अक्षरारम्भ ६ वर्षको उमेरमा घरमै उनका पिताजीले गराएका थिए । अर्को औपचारिक शिक्षाको आरम्भ भने कालिमाटीको जनप्रभात स्कुलबाट भएको थियो । कक्षा पाँचदेखि सातसम्म कान्ति स्कुलमा अध्ययन

[४] ऐजन ।

गरिन् त्यसपछि स्कुल स्तरको सम्पूर्ण शिक्षा मदन मेमोरियल गर्ल्स स्कुलबाट भयो । त्यहाँ उनले नेपाली साहित्यको हस्ती पारिजातको छत्रछायामा अध्ययन गर्ने अवसर पाइन् जसले गर्दा अचेतन मनमा रहेको साहित्य प्रतिको अनुराग प्रस्फुटन हुन थाल्यो र विभिन्न साहित्यिक कार्यक्रमहरूमा सहभागी हुन  थालिन् ।

### २.४.२ **उच्च शिक्षा**

सुषमा आचार्यले मदन मेमोरियल गर्ल्स हाई स्कुलबाट एस.एल.सी. परीक्षा उत्तीर्ण गरी त्रिभुवन विश्वविद्यालयअन्तर्गतको पाटन कलेजमा प्रमाणपत्र तहमा भर्ना भइन् जहाँ उनलाई सहपाठीका रूपमा ज्ञानेन्द्र शाह भेटिए । ज्ञानेन्द्रलाई जित्ने अभिलाशा स्वरूप कस्सिएकी आचार्यले अन्ततोगत्वा प्रमाणपत्र तहमा सर्वोत्कृष्ट अङ्क ल्याई प्रथम समेत भइन् । सोही कलेजबाट २०२६ सालमा स्नातक तह उत्तीर्ण गरेकी आचार्यले त्रिभुवन विश्वविद्यालयबाट २०२८ सालमा नेपाली विषयमा स्नातकोत्तर तह प्रथम वर्षमा सर्वप्रथम भई उत्तीर्ण भइन् भने २०३३ सालमा शिक्षा विषयमा स्नातकोत्तर तह समेत उत्तीर्ण गरिन् । यसैगरी २०६१ सालमा जापानको निगाता विश्वविद्यालयबाट विद्यावारिधि गरिन् ।

## २.५ **पारिवारिक अवस्था**

पिता वासुदेव शर्मा लुइँटेल र माता जानकीदेवी लुइँटेलका पहिलो सन्तानका रूपमा सुषमा आचार्य (शवरी) को जन्म भएको हो । उनको न्वारानको नाम 'खो' अक्षरबाट जुरे तापनि उनलाई आमा-बाबाले मायाले बोलाउने नाम 'धन' हो । उनका पिताजीले दुईवटी श्रीमती भित्र्याएको पाइन्छ । सुषमा आचार्य र उनकी बहिनी कमला गरी दुई छोरी जेठी आमा जानकीदेवी लुइँटेलका कोखबाट जन्मिएका हुन् भने एक छोरा र दुई छोरी गरी तीन सन्तान सानी आमा शान्तिदेवीका कोखबाट जन्मिएका हुन् । उनकी आमाको नरम बोली, धैर्यशील र सहनशील स्वभावका कारण सुषमा पनि सानैदेखि सन्तोषी स्वभावकी थिइन् । यही सन्तोषी स्वभावका कारण उनको शरीर स्वस्थ रहनुका साथै आकर्षक पनि छ । सानी आमालाई बाबाले विवाह गरेपश्चात् धेरै समयसम्म छोराछोरी नभएको र उनको आकर्षक व्यक्तित्वका कारण उनलाई तीन वर्षको कलिलो उमेरमा आफ्नी आमादेखि अलग्याएर सानी आमा शान्तिदेवीले आफ्ना साथमा राख्न थालिन् । यसरी एक्लो सन्तानका रूपमा उनले धेरै माया पाइन् । पछि जन्मिएकी उनकी बहिनी भने जेठी आमासँगै बस्थिन् । यता सानी आमाका कोखबाट छोराको जन्म भए तापनि छोरीका रूपमा उनी मात्र भएकीले

उनलाई छोरालाई जस्तै व्यवहार गरिएको थियो । उनको लवाइ पनि छोराको जस्तै थियो । उनले आफूले सकेको काम आफ्नो परिवारलाई सघाउने भएकीले उनी आमा शान्तिदेवी र बाबाको दाइने हात भएकी थिइन् । यसरी उनले सानै उमेरमा आफ्नी आमासँग अलग्गिनु परे तापनि आमाको अभाव कहिल्यै महसुस गरिनन् र उनको जन्म जेठी आमा जानकीदेवीको गर्भबाट भए तापनि कर्मप्राप्ति भने कान्छी आमा शान्तिदेवीबाट भएको थियो ।

सुषमा आचार्य एम.एम. प्रथम वर्षको पढाइ सिद्धिना साथ श्री पद्मकुमार आचार्यसँग २०२७ माघ २२ गते वैवाहिक जीवनमा बाँधिन पुगिन् । त्यसवेला पद्मकुमार आचार्यले एम.ए., वि.एल. गरेका थिए । विवाहपश्चात् 'शवरी' ले माइतीको नियन्त्रणविनाको स्वच्छन्द जीवन पाएको अनुभव गरिन् र विभिन्न सामाजिक संघसंस्थामा आबद्ध हुने मौका समेत पाइन् । यसरी उनका पतिमा सधैँ उनीप्रति सकारात्मक सोच र महिला पनि पुरुषसरह आफ्नै खुट्टामा उभिनुपर्छ भन्ने भावना भएकाले उनले जीवनमा प्रशस्त प्रगति गर्ने अवसरहरू प्राप्त गरिन् । यसैगरी एम.ए. दोस्रो वर्षको पढाइ नसिद्धिँदै उनको जेष्ठ पुत्र पवनकुमार आचार्यको २०२८ सालमा जन्म भयो । यसपछि सुषमा आचार्य त्रि.वि.को शिक्षाशास्त्र अध्ययन संस्थानअन्तर्गत प्राध्यापन सेवामा संलग्न भइन् । उनी आफ्नै बाहुबलमा उभिन सफल भइन् । यसैगरी उनको अर्को पुत्र पारसको जन्म २०२९ सालमा भयो । सन्तानप्रतिको दायित्व कसरी निर्वाह गर्नुपर्छ भन्ने कुरा बुझेकी सुषमा आचार्यले आफ्ना सन्तानलाई पनि उचित शिक्षा-दीक्षा दिएर आज सक्षम नागरिक बनाएकी छिन् । यसरी उनका छोराहरू मात्रै होइन बुहारीहरू पनि जागिरे जीवन बिताइरहेका छन् र उनीहरूको पारिवारिक अवस्था र आर्थिक अवस्था सुदृढ रहेको छ । वास्तवमा आमा शिक्षित भएमा परिवारै शिक्षित र सुदृढ हुन्छ भन्ने भनाइलाई सुषमा आचार्यले सार्थक तुल्याएकी छिन् । बहुमुखी प्रतिभाकी धनी आचार्यले २०६१ सालमा पति पद्मकुमार आचार्यको असामयिक निधनलाई सहनु परेको थियो । उनले जीवनको यात्रामा आफ्नो सहयात्रीलाई गुमाउनु परे पनि आफ्नो कर्तव्यबाट कत्ति पनि पछि नहटी साहित्यसिर्जना र प्राध्यापन कार्यलाई समानान्तर रूपले अघि बढाएकी छिन् । यसरी उनको लगनशीलता र मिहिनेतले उनी आज त्रि.वि. मा प्राध्यापक जस्तो गरिमामय पदमा कार्यरत छिन् ।

## २.६ लेखन

### २.६.१ प्रेरणा र प्रभाव

सुषमा आचार्य 'शवरी' बाल्यावस्थादेखि नै धेरै पढ्न पाए हुन्थ्यो, अरूले किताब लेखेको देख्दा आफूले पनि लेख्न सके हुन्थ्यो भन्ने चाहना राख्ने साह्रै परिश्रमी स्वभावकी व्यक्तित्व हुन् । उनी आफ्नै पिताको प्रेरणाबाट साहित्यिक क्षेत्रमा 'शवरी' नामले लेख्दै आएकी छिन् । सुषमा आचार्य पुल्चोकस्थित मदन मेमोरियल गर्ल्स हाइस्कुलमा पढ्दा त्यस स्कुलमा प्रसिद्ध साहित्यकार पारिजातले पनि पढाउने गर्थिन् । 'हुने विरुवाको चिल्लो पात' भनेझैँ सुषमा आचार्य सानैदेखि एउटी मेधावी छात्रा भएकीले पारिजातकी प्रिय शिष्यमध्येकी एक हुन् । पारिजातले नै आचार्यलाई विविध साहित्यिक, सांस्कृतिक र वादविवाद कार्यक्रममा भाग लिनका निम्ति सदैव प्रोत्साहन गरेकी छिन् । यसैगरी आचार्यलाई महाविद्यालयमा प्रेरणा र प्रभाव प्रदान गर्ने व्यक्तिहरूमा मंगलराज जोशी, नारायणप्रसाद श्रेष्ठ र जगन्नाथ जोशी आदि छन् भने विश्वविद्यालयमा वल्लभमणि दाहाल र वासुदेव त्रिपाठी रहेका छन् । यसरी सुषमा आचार्यले साहित्य लेखनको प्रेरणा विभिन्न विद्वान्हरूबाट पाएकी थिइन् भने विद्यालयमा पढ्दा पाएका पुरस्कारहरूबाट पनि उनले साहित्य लेखनका लागि प्रेरणा पाएकी थिइन् ।

यसरी सुषमा आचार्य हास्यव्यङ्ग्य साहित्यका शिखर पुरुषमा गनिएका वासुदेव शर्मा लुइँटेलकी सुपुत्री भएकीले उनलाई बाल्यावस्थादेखि नै घरको साहित्यिक वातावरण र बाबाको प्रभावले साहित्यतर्फ आकर्षित गराएको पाइन्छ । उनको पहिलो रचना प्रतिध्वनिमा प्रकाशित **जीवन घामछाया** भन्ने कविता हो । यसरी सुषमा आचार्यले विविध स्रष्टाहरूबाट प्रेरणा र प्रभाव ग्रहण गरेर विद्यार्थी कालदेखि अहिलेसम्म साहित्यका विविध विधामा कलम चलाएर नेपाली साहित्यको भण्डार भर्ने काम गरेकी छिन् ।

### २.६.२ लेखनको आरम्भ र प्रकाशनको थालनी

बाल्यावस्थादेखि नै घरको साहित्यिक वातावरण र बाबाको प्रभावले साहित्यतर्फ आकर्षित भएकी सुषमा आचार्यको पहिलो प्रकाशित कविता **जीवन घामछाया** हो । यो कविता **प्रतिध्वनि** पत्रिकामा २०२२ सालमा प्रकाशित भएको छ । यसैगरी उनले विद्यार्थी जीवनमा लेखेको **ढुङगा बोल्छ** कवितालाई उत्कृष्ट ठहऱ्याई भारतबाट २०२८ सालमा आचार्यलाई स्वर्णपदक प्रदान गरिएको थियो ।[५] पुस्तकाकारका रूपमा प्रकाशित उनको पहिलो रचना **गजुर ढल्कदैछ** भन्ने कविता-सङ्ग्रह (२०४९) हो । यसरी २०२२

[५] ऐजन ।

सालदेखि नै उनले आफ्ना रचनाहरू प्रकाशित गरेर आजसम्म पनि आफूलाई सृजनात्मक गतिविधिमा संलग्न तुल्याउँदै आएकी छन् । उनको सृजनयात्रा कविता लेखनबाट आरम्भ भएर क्रमशः समालोचना अनुसन्धान, उपन्यास, बालकथा, शोककाव्य आदि विविध विधामा केन्द्रित हुन पुगेको छ ।

## २.७ कार्यक्षेत्र

नेपाली साहित्यको कविता, बालकथा, उपन्यास, समालोचना, अनुसन्धान, शोककाव्य आदि विविध विधामा कलम चलाएकी सुषमा आचार्यको लेखकीय व्यक्तित्व बहुमुखी प्रतिभाका रूपमा रहेको छ । हालसम्म प्राप्त जानकारी अनुसार आचार्यका बाह्रवटा विविध विधाका कृतिहरू र अन्य विविध पत्रपत्रिकाहरूमा फुटकर लेखरचना र कथाहरू प्रकाशित भइसकेका छन् ।

साहित्यलेखनबाहेक सुषमा आचार्यको कार्यक्षेत्र सरकारी सेवाअन्तर्गतको शैक्षिक क्षेत्र रहेको छ । २०२९ सालदेखि अर्थात् २२ वर्षको उमेरदेखि प्राध्यापन पेसामा संलग्न आचार्य हालसम्म पनि त्रि.वि.को शिक्षा सङ्कायअन्तर्गत नै प्राध्यापक पदमा कार्यरत छिन् ।[६] यिनको शैक्षिक कार्यक्षेत्रलाई हेर्दा क्रमशः सहायक प्राध्यापक (२०२९ शिक्षाशास्त्र अध्ययन संस्थान र पृथ्वीनारायण क्याम्पस पोखरा, उपप्राध्यापक (२०३४) शिक्षा सङ्काय कीर्तिपुर, सहप्राध्यापक (२०४३) शिक्षा सङ्काय कीर्तिपुर र प्राध्यापक (२०६६) शिक्षा सङ्कायअन्तर्गत कार्यरत छिन् भने उनी अन्य कार्यमा विभागीय प्रमुख (२०४५-२०४७) भाषाकला केन्द्रीय शिक्षण विभाग, कीर्तिपुर सदस्य (२०५४-०५५) उच्चस्तरीय शिक्षा आयोग, नेपाल र महिला दलित जनजाति राष्ट्रिय आयोग (२०६०)मा सदस्य पदमा संलग्न भएको पाइन्छ । यसरी सुषमा आचार्यको कार्यक्षेत्र मुख्य रूपमा अध्यापन क्षेत्रका अतिरिक्त साहित्य र विविध संघसंस्था रहेको पाइन्छ ।

## २.८ भ्रमण

नेपाली साहित्यका विविध विधामा कलम चलाई विद्वता हासिल गरेकी सुषमा आचार्यले साहित्यकारका रूपमा स्वदेश तथा विदेशका विभिन्न स्थानहरूको भ्रमण गरेकी छिन् ।

स्वदेश भ्रमण गर्ने क्रममा पूर्वमेचीदेखि पशिचममा महाकालीसम्मका विविध स्थानहरूमा पुगेकी छन् भने विदेश भ्रमण अन्तर्गत भारत, माल्दिभ्स, जर्मनी, अमेरिका, क्यानडा, चीन र जापानसम्म पुगेकी छिन् । उनी सार्क राष्ट्रहरूको महिला शिक्षा

---

[६] ऐजन ।

सम्मेलनमा राष्ट्रको प्रतिनिधि मण्डलमा समावेश भई माल्दिभ्स पुगेकी थिइन् । यसैगरी संयुक्त राष्ट्र संघको पचासौं महाधिवेशनमा राष्ट्रिय प्रतिनिधि मण्डलमा भाग लिन संयुक्त राज्य अमेरिका पुगेकी र जापान सरकारको जापान फाउन्डेशनको फेलोसिपमा छनोट भई जापान गएकी र एकवर्ष जापानमै रहेर जापान र नेपालको शिक्षा व्यवस्थाको तुलनात्मक अध्ययन गरेकी छिन् । त्यसैगरी जापानको निगाता विश्वविद्यालयबाट विद्यावारिधि गरेकी छिन् । यसरी विविध कारणले सुषमा आचार्यले स्वदेश तथा विदेशका थुप्रै स्थानहरूको भ्रमण गरेकी छिन् ।

## २.९ सम्मान र पुरस्कार

भाषा, साहित्य र समाजसेवामा समर्पित व्यक्तिहरूलाई राष्ट्रले सम्मानित र पुरस्कृत गर्ने गर्दछ । विद्यार्थी अवस्थादेखि आफ्नो साहित्यिक प्रतिभाको प्रकाशन गर्न थालेकी सुषमा आचार्यले केही सम्मान र पुरस्कारहरू प्राप्त गरेकी छिन् । उनले विद्यार्थी जीवनमा लेखेको **ढुङ्गा बोल्छ** कवितालाई उत्कृष्ट ठहऱ्याई भारतबाट ( २०२८) स्वर्णपदक प्रदान गरिएको थियो । यसैगरी उनले अन्य सम्मान र पुरस्कारहरूमा क्रमशः शिक्षा पुरस्कार (२०४६), शुभराज्याभिषेक रजत महोत्सव पदक (२०५३), दीर्घसेवापदक (२०५४), वीरेन्द्र-ऐश्वर्य सेवा पदक (२०५८), महेन्द्र विद्याभूषण 'क' (२०५८), जापान फाउन्डेसन फेलोसिप (२०००-०१), मानचित्र सम्मान (२०६६), बालसाहित्य उत्कृष्ट पुरस्कार (२०६६) जुन अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वासिङ्गटन डी.सी. अमेरिकाले प्रदान गरेको छ । यसरी 'परिश्रमको फल मिठो हुन्छ' भनेझैँ बाल्यावस्थादेखि नै परिश्रमी स्वभावकी सुषमा आचार्य 'शवरी' ले आफ्नो परिश्रमको मिठो फल पाएकी छिन् ।

## २.१० रुचि र स्वभाव

मान्छेको रुचिले र उसको स्वभावले उसको व्यक्तित्व निर्धारण गर्दछ । सुषमा आचार्यमा पनि आफ्नै पाराका रुचि र स्वभाव रहेका छन् । सरल र सहज व्यवहार एवम् मिलनसारिता र मृदुभाषिताले यिनको स्वभाव निष्कपट देखिन्छ । खानपिनमा यिनी मकै, मुला र हरियो सागपात बढी मन पराउँछिन् भने फूलमा जताततै पाइने, सयपत्री फूल मन पराउँछिन् । साहित्यका क्षेत्रमा यिनलाई मनपर्ने कविमा भूपी शेरचनका साथै साहित्यकारमा पारिजात हुन् भने नेपाली संस्कृतिमा देउडा संस्कृति मन पराउँछिन् । त्यसैगरी यिनलाई मनपर्ने बाजा पञ्चे बाजा हो भने गीतमा अरूणा लामाको भूलीदेउ पीर आँसु नै सुक्छ ........., भए तापनि गीतकारमा कालीप्रसाद रिजाल र गायकमा दीप श्रेष्ठलाई मन पराउँछिन् । यसरी सुषमा आचार्यका रुचिमा

पर्ने पुस्तकहरूमा महेश शर्माको 'योगमाया', पारिजातको 'शिरीषको फूल', हरिहर खनालको 'अस्तित्वको खोजी' र मोदनाथ प्रश्रितको 'मानव' महाकाव्य हो भने वाद्ययन्त्रमा मुर्चुङ्गा मन पराउँछिन् । यिनलाई मनपर्ने रङ्ग पहेँलो (वासन्ती) रङ्ग हो भने पोसाकमा शरीरलाई सुहाउने, सुविधायुक्त भेषभूषा मन पराउँछिन् । यिनलाई मनपर्ने अञ्चल बागमती, जिल्ला पाल्पा र गा.वि.स. पाल्पाको रूपसे हो भने हिमालमा अन्नपूर्ण हिमाल मन पराउँछिन् । जनजातिका बारेमा भन्नुपर्दा उनी भन्छिन् 'मलाई जातीय भेद मनपर्दैन' र राजनीतिका बारेमा 'सारथी राम्रो भएमा कुनै पनि राजनैतिक व्यवस्था मलाई मनपर्छ' भन्दछिन् ।

यिनलाई मनपर्ने अभिनेता हरिहर शर्मा हुन् भने मनपर्ने अभिनेत्री सुषमा शाही हुन् । उनलाई मनपर्ने सिनेमा **बसन्ती** हो । यिनको स्वभाव मिजासिलो भएका कारण यिनले सृजना गरेको साहित्यमा यिनको स्वभावको प्रभाव परेको देखिन्छ । यिनको साहित्यिक आदर्शका रूपमा यथार्थताको अभिव्यक्ति इमानदारीपूर्वक गरिएको भए तापनि उनले आफ्ना सिर्जनामा सकारात्मक सोच दिनुका साथै जाति, लिङ्ग, धर्म र वर्गीय भेदबाट माथि उठी उपेक्षित विषयवस्तुलाई आफ्ना साहित्यमा टिप्न चाहेकी छन् । उनले आफ्ना साहित्यमा समाजका उपेक्षित, शोषित, पीडित र पछाडि परेका वर्ग र उन्मूलन गर्नुपर्ने सामाजिक कुरीति तथा अन्धविश्वासलाई देखाउन चाहेकी छिन् । उनको सानैदेखिको चाहना असल मानिस बनेर समाजका लागि केही गर्न सके हुन्थ्यो भन्ने हो जुन चाहना आज पूरा भएको छ । उनकै शब्दमा भन्नुपर्दा साँच्चै ! भनुँ भने म धार्मिक प्रवृत्तिको भएर हो कि मैले चाहनु मात्र पर्छ मेरा इच्छा पूरा हुन्छन्; त्यसैले म अनावश्यक कुराको रुचि राख्दिन' भन्छिन् । वास्तवमा सुषमा आचार्यका रुचि नेपाली साहित्य क्षितिजमा महिला साहित्यकारहरू नगण्य रूपमा भएकाले प्रशस्त महिला साहित्यकारहरू निस्किउन् र हालसम्म पुरुषहरूको एकलौटी भएको साहित्यिक शासनबाट महिलामुखी भएको नेपाली साहित्य राष्ट्रियताको मोड लिँदै अन्तर्राष्ट्रिय स्तरमा पुग्न सकोस् भन्ने पनि रहेको छ । यसरी साहित्यसम्बन्धी गहन चिन्तन बोकेकी आचार्य हिजोआज विशेषगरी आफ्नो स्वास्थ्यको बढी ख्याल गर्ने र साहित्य सृजना गर्ने कार्यमा व्यस्त छिन् ।

**तेस्रो परिच्छेद**

# सुषमा आचार्यको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

व्यक्ति विशेषका सन्दर्भमा स्पष्ट रूपमा देखिने बाह्य रूपाकृति र मानसिक धरातलबाट उपार्जित ज्ञानका विविध पक्षहरूको समष्टि नै व्यक्तित्व हो । व्यक्ति विशेषका अनुभव, ज्ञान, आस्था, झुकाउ, शिक्षादीक्षा, मूल प्रवृत्ति तथा आर्जित गुण एवम् प्रवृत्तिहरूले व्यक्तित्व निर्माणमा सघाउ पुऱ्याउँछद ।[७] व्यक्तिका जीवनमा विभिन्न पक्षले व्यक्तित्वको निर्माण गर्दछ । परिस्थितिका अनुकूल चल्न सक्ने र प्रत्येक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्न सक्ने व्यक्तिभित्र निहित प्रतिभा नै व्यक्तित्व हो ।[८] कुनै पनि व्यक्तिको व्यक्तित्व मूलतः दुई किसिमले हेर्न सकिन्छ : निजी व्यक्तित्व र सार्वजनिक व्यक्तित्व ।

व्यक्तिका निजी व्यवहारसँग सम्बद्ध कुराहरू निजी व्यक्तित्वअन्तर्गत पर्दछन् । यसमा व्यक्तिका आन्तरिक र बाह्य व्यक्तित्व पर्दछन् । समाजअनुरूप चलेर समाजका लागि विभिन्न कार्य गर्नुलाई सार्वजनिक व्यक्तित्व भनिन्छ । सार्वजनिक व्यक्तित्वभित्रै व्यक्तिका साहित्यक व्यक्तित्व र साहित्येतर व्यक्तित्व समाहित हुन्छन् । सुषमा आचार्य नेपाली साहित्य र नेपाली समाजकी कस्ती व्यक्तित्व हुन् ? यी कुरालाई ध्यानमा राखी उनको योगदानका आधारमा उनको व्यक्तित्वलाई चिनाउने काम गरिएको छ ।

## ३.२ निजी व्यक्तित्व

व्यक्तिका आनीबानी तथा व्यवहारसँग सम्बन्धित व्यक्तित्व नै निजी व्यक्तित्व हो । निजी व्यक्तित्वले सार्वजनिक व्यक्तित्वमा प्रभाव पार्दछ । निजी व्यक्तिले व्यक्तित्वको बाहिरी आकार-प्रकारका साथै आन्तरिक आचरण, शीलस्वभाव आदिको ज्ञान गराउने भएकाले यसलाई पनि दुई भागमा विभाजन गरेर हेर्न सकिन्छ : बाह्य व्यक्तित्व र आन्तरिक व्यक्तित्व ।

### ३.२.१ बाह्य व्यक्तित्व

व्यक्तिको शारीरिक बनोट, आकारप्रकार नै बाह्य व्यक्तित्वसँग सम्बन्धित भएकाले सुषमा आचार्यलाई त्यसै अनुसार हेर्दा केही कुरा थाहा पाइन्छ । यिनी लगभग पाँच फिट दुई इन्च अग्ली, न ज्यादा मोटी न दुब्ली, गम्भीर र हसिलो

---

[७] दशरथ ओझा, **समीक्षाशास्त्र** (दिल्ली : राजपाल एण्ड सन्स, इ. १९७५), पृ. ३१ ।

[८] पूर्ववत् ।

मुखाकृति भएकी गहुँगोरो वर्णकी देखिन्छिन् । सुहाउँदिलो नाक, ठूला आँखा, बाक्लो छोटो केश, हृष्टपुष्ट र फूर्तिलोपन पनि उनका बाह्य शारीरिक व्यक्तित्वमा आकर्षण थप्ने तत्त्व हुन् । सानैदेखि आफूले सकेको काम आफ्नो परिवारलाई सघाउने सन्तोषी स्वभावकी सुषमालाई रोग, भोक र शोकले आजसम्म सताएको छैन । बाल्यावस्थादेखि पढाइमा धेरै रुचि राख्ने आचार्य अरूले लेखेका किताब देख्दा आफूले पनि लेख्न पाए हुन्थ्यो भन्ने चाहना राख्थिन् । बाल्यावस्थादेखि आजसम्म पनि असम्भव कुरा नसोच्ने हुनाले उनले चिताएका कुराहरू प्रायः सबै पूरा भएका देखिन्छन् । आफूले असम्भव कुराहरू नसोचेकाले नै चिताएजाति कुराहरू पूरा भएका हुन् भन्ने उनको भनाइ रहेको छ । सानैदेखि मेधावी स्वभावकी सुषमाले भविष्यमा असल मानिस बनेर समाजका लागि केही गर्नुपर्छ भन्ने अठोट लिएकाले त्यो आज पूरा भएको बताउँछिन् । आजमात्र होइन सानैदेखि जातीय भेदभावलाई वास्ता नगर्ने भएकाले सुषमा आफू ब्राह्मण कुलमा जन्मिएकी भए पनि आफ्ना साथीहरू कोही पनि ब्राह्मण परिवारका नभएको बताउँछिन् । बाल्यावस्थादेखि नै प्राकृतिक सौन्दर्यप्रति बढी आकर्षित हुने आचार्य सानैदेखि आफ्ना कोठामा फूलका हाँगाहरू, पातहरू सजाएर राख्थिन् र त्यसैमा हराउने रमाउने गर्थिन् । भएर पनि केही नभए जस्तो गरी बस्ने व्यक्तिभन्दा बाह्य साजसज्जा राम्रो देखिने आकर्षक व्यक्तित्व भएको व्यक्ति उनलाई ज्यादा मनपर्छ । खेलहरूमा टेबल टेनिस मन पराउने आचार्य आफ्ना कुरा स्पष्टसँग राखेर नेतृत्व गर्ने चाहना राख्छिन् र कसैसँग झुकेर बस्न चाहन्नन् । वास्तवमा आचार्यले जहाँ, जुन क्षेत्रमा हात हाले तापनि त्यस क्षेत्रको सुनौलो भविष्य बनाएरै छाड्छिन् ।

### ३.२.२ आन्तरिक व्यक्तित्व

सुषमा आचार्यको आन्तरिक व्यक्तित्व केलाउँदै जाँदा यिनमा सानै उमेरदेखि परिश्रमी, सन्तोषी र सहपाठी दौतरीसँग सहयोग आदानप्रदान गर्ने मिलनसार देखिन्छिन् । उनको बेलुका ९.३० बजे सुतेर बिहान ३.३० बजे उठ्ने बानी रहेको छ । मध्यम वर्गीय परिवारकी उनी कुशल गृहिणी र असल आमा समेत बनिसकेकी छिन् । पहिलो प्राथमिकता आफ्नो परिवारलाई दिने हुनाले छोराहरूको पढाइ नसकिँदासम्म र पति हुँदासम्म आफ्नो अधिकांश समय उनीहरूका लागि खर्चने गर्थिन् तर अब छोराछोरीको बिहेवारी भइसकेको, उनीहरू जागिरमा लागिसकेको अनि पतिको पनि देहावसान भइसकेको अहिलेको अवस्थामा उनले आफ्नो अधिकांश समय आफ्नो स्वास्थ्यको हेरविचार र सिर्जनामा खर्चिने गरेकी छिन् । जस्तोसुकै दुःख र आपत्मा पनि आत्तिनु हुँदैन र आफै सक्षम हुनुपर्छ भन्ने प्रेरणा पतिबाट पाएको बताउने आचार्य

आफू मानवधर्ममा विश्वास गर्ने तर ध्यान एकत्रित गर्नका लागि गणेश, लक्ष्मी, वृहस्पति आदिको पूजा आराधना गर्ने कुरा बताउँछिन् । उनलाई "मेरा लागि ईश्वर एउटै हो नाम मात्र फरक हो" भन्ने लाग्छ; त्यसैले उनका लागि क्राइस्ट, नानक, अल्लाह, शिव आदिमा केही फरक छैन । बिहानको समयमा उनी सधैँ स्नान गर्छिन्, चोखो सफा लुगा लगाउँछिन् र भगवान्का अगाडि बसेर जप र पूजापाठ गरेर आचार्यले आफ्ना मनका सुख, दुःखका कुरा भगवान्लाई सुनाई मन हल्का बनाएर आत्मिक शान्ति प्राप्त गर्छिन् । मलाई भगवान्प्रति विश्वास छ किनभने उसले मेरो कुरा ध्यानपूर्वक सुन्छ, उसले कहिल्यै पनि मेरो मन विह्वल पार्दैन, 'मलाई ईश्वरीय शक्तिमा विश्वास छ तर आडम्बर गरी धर्म गर्न चाहन्न' भन्ने सुषमा मानव पूजा र ईश्वर पूजा दुवैलाई उत्तिकै महत्त्व दिन्छिन् ।[९] धार्मिक विभेद पटक्कै मन नपराउने आचार्य सबै भगवान्लाई उत्तिकै सम्मान गर्नुपर्छ भन्दै धर्म र संस्कृति एकअर्काका पूरक हुन्, यी दुईबीच अन्योन्याश्रित सम्बन्ध हुन्छ र यसैबाट व्यक्तित्वको पहिचान हुन्छ भन्ने धारणा सुषमाले राखेकी छिन् ।

"परिश्रम गरेर कमाउनु, आरामसँग जीविका चलाउनु, नक्कली काम नगर्नु, कसैलाई पनि चाहिँदोभन्दा माथि उठाएर आफ्नो स्वार्थपूर्ति नगर्नु, मेरो नाम बेचेर दुई पैसा पनि नखानू" भन्ने पिताको उपदेशबाट अभिप्रेरित भएकी सुषमा आचार्य सरल र मिजासिलो स्वभावकी नारी हुन् । उनले सानो-ठूलो, धनी-गरिब, तल्लो वर्ग-माथिल्लो वर्ग आदिमा भेदभाव नगरी सबैलाई मानवताका आँखाले हेरेर समान व्यवहार गर्ने आचार्य दुःखमा नआत्तिनु, सुखमा नमात्तिनु भन्ने उक्तिलाई अनुसरण गर्छिन् । आचार्यले पिता र पतिको सान्निध्य गुमाए तापनि **शोक-शब्दाञ्जलि** जस्तो मार्मिक शोककाव्य पाठक समक्ष पुऱ्याएर आफ्नो शोक बाँडी मन हल्का पारेकी छिन् । यसरी विविध आरोह-अवरोह झेल्दै र उकाली-ओराली गर्दै जीवन अगाडि बढाइरहेकी सुषमालाई यही ऊहापोहको वातावरणले नै साहित्य सृजनामा अभिप्रेरित गरिरहेको छ ।

### ३.३ सार्वजनिक व्यक्तित्व

मानिस सामाजिक प्राणी भएकाले ऊ समाजमै घुलमिल भएर बस्न चाहन्छ । समाजमा रहेर सामाजिक कार्यहरूमा लागिरहने कार्यबाटै व्यक्तिको सार्वजनिक व्यक्तित्व बन्दछ । व्यक्तिले समाजलाई जे प्रदान गर्छ त्यसैबाट उसको सार्वजनिक व्यक्तित्व बन्दछ । सुषमा आचार्यले आफ्नो ५९ वर्षको उमेरमा पनि नेपाली साहित्य क्षेत्रका साथै विविध संघसंस्थाहरूमा समाजका निम्ति ठूलो योगदान गरेकी छिन् ।

---

[९] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

समाजमा केही गरेर देखाउने र समाजको समुन्नत भविष्यको कामना अनुरूप उनले समाजलाई विविध माध्यमबाट धेरै कुरा दिइसकेकी छिन् । उनका त्यस सार्वजनिक व्यक्तित्वका यी दुई महत्त्वपूर्ण पाटा छन् : साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्व ।

### ३.३.१ साहित्यिक व्यक्तित्व

सामान्यतया कुनै पनि व्यक्तिका कृतिका आधारमा त्यस व्यक्तिको साहित्यिक व्यक्तित्व निर्धारण गरिएको पाइन्छ । साहित्यका विविध विधागत योगदानबाट स्रष्टा व्यक्तित्वको पहिचान कायम गरेकी आचार्यले साहित्यका विविध विधामा कलम चलाएकी छिन् । नेपाली साहित्यका कविता, उपन्यास, समालोचना, अनुसन्धान, बालकथा, शोककाव्य आदि क्षेत्रमा उनको योगदान रहेको छ । उनको साहित्यिक व्यक्तित्वलाई उनका प्रकाशित विधागत कृतिहरूका सापेक्षतामा छुट्ट्याउँदा सान्दर्भिक हुने देखिन्छ ।

#### ३.३.१.१ कवि व्यक्तित्व

सुषमा आचार्यले विद्यालयमा अध्ययन गर्दादेखि नै कविताहरू लेखेर विविध कार्यक्रमहरूमा सुनाउने गर्थिन् र पुरस्कृत हुन्थिन् । उनको पहिलो प्रकाशित कविता **जीवन घामछाया** हो र यो कविता २०२२ सालमा **प्रतिध्वनि** पत्रिकामा प्रकाशित भएको हो । नेपाली साहित्य सम्मेलनको **दियालो** पत्रिकामा प्रकाशित उनको **ढुङ्गा बोल्छ** कविताले २०२८ सालमा उनलाई भारतबाट प्रदान गरिने दुलिचन्द स्वर्णपदक दिलाइदियो । सिर्जनातर्फ उनले पाएको यो महत्त्वपूर्ण पुरस्कार हो । उनका हालसम्म दुईवटा कविता-सङ्ग्रह प्रकाशित छन् र ती हुन्- **गजुर ढक्किदैछ** (२०४९) र **एक पत्र सकुरालाई** (२०५८) । **गजुर ढल्किँदैछ** कविता-सङ्ग्रहमा जम्मा अठारवटा कविताहरू रहेका छन् । उनको **एकपत्र-साकुरालाई** कविता-सङ्ग्रहमा जम्मा एघार कविता सङ्गृहीत छन् । यी दुवै कविता-सङ्ग्रहभित्रका कवितामा उनको कोमल नारी हृदयका कोमल भावहरूका साथै देशभक्तिको भाव स्वच्छन्द ढङ्गमा व्यक्त भएको पाइन्छ र यी कविताको भाषा सरल, सरस, मिठासपूर्ण र प्रभावकारी रहेको छ । आचार्यका प्राप्त यी दुई कविता-सङ्ग्रहको अध्ययन गर्दा उनको कवित्व शक्ति सबल रहेको देखिन्छ ।

#### ३.३.१.२ उपन्यासकार व्यक्तित्व

सुषमा आचार्य उपन्यासकारका रूपमा पनि परिचित छिन् । उनको हालसम्म **निर्णय** शीर्षकको एक मात्र उपन्यास प्रकाशित छ । यो कृति सर्वप्रथम २०६२ सालमा आगम प्रकाशन, बानेश्वरबाट प्रकाशित भएको हो । यो सामाजिक यथार्थवादी

उपन्यास हो । यसमा परम्परागत संस्कारमा हुर्किएकी एउटी टुहुरी केटीले बाल्यावस्थादेखि यौवनावस्थासम्म गर्नुपरेको सङ्घर्षको मार्मिक चित्रण गरिएको छ । यस उपन्यासका बारेमा विद्वान् मोहन सिटौलाले यस्तो टिप्पणी गरेका छन्-"सुषमा आचार्यद्वारा लिखत संक्षिप्त उपन्यास **निर्णय** मैले एकै बसाइमा पढी सिद्धयाएँ छोटो तर चेतनप्रवाहको संस्मरणात्मक पृष्ठप्रवाहमा बग्दै सघन मानसिक र सामाजिक द्वन्द्व एवम् खुलस्त अनि सकारात्मक समाधानका प्रस्तुत प्रसङ्ग र पहलुहरूले मलाई उपन्यासको सुमधुर प्रवाहमा बहाएर लगे, लगिरहे ।"

साँच्चि नै यो उपन्यासले छोटो मिठो शैलीमा नेपाली जनजीवनलाई मार्मिक रूपमा प्रस्तुत गर्न सकेको छ । आचार्यको प्रस्तुत उपन्यासमा ग्रामीण र सहरिया नेपाली सरल जनजीवनमा विद्यमान जटिलतालाई सरल र सुवोध शैलीमा राम्ररी चर्चा गरी त्यसको  समाधानको उपाय पनि बताइएको पाइन्छ । यसरी यस उपन्यासमा उच्च वर्ग र निम्न वर्गका चरित्रहरूको चित्रण गर्नु र तत्कालीन सामाजिक, धार्मिक र राजनैतिक व्यवस्थाका विकृति र विसङ्गतिलाई प्रस्तुत गर्नु उपन्यासकार आचार्यको अभीष्ट रहेको पाइन्छ ।

### ३.३.१.३ समालोचक व्यक्तित्व

सुषमा आचार्यले समालोचनाका क्षेत्रमा पनि आफूलाई उभ्याएकी छिन् । नेपाली साहित्यका फाँटमा उनको समालोचक व्यक्तित्व प्रभावशाली रहेको छ । उनले लैनसिंह बाङ्देलका दुईवटा औपन्यासिक कृतिहरूको समालोचना गर्नुका साथै **केही व्यक्ति र कृतिहरू** नामक कृतिमा विविध व्यक्तिका लेख-रचनाहरूको समालोचना गरेकी छिन् ।

सुषमा आचार्यका मुख्यमुख्य समालोचनात्मक कृतिहरूमा **मुलुक बाहिर एक सर्वेक्षण** (२०५३), **माइत-घरलाई चियाएर हेर्दा** (२०५३) र **केही व्यक्ति र कृतिहरू** (इ.स. २००६) रहेका छन् । आचार्यले लैनसिंह वाङ्देलका दुईवटा कृतिमा वाङ्देलको विविध दृष्टिकोणले विश्लेषण गरेकी छिन् भने केही व्यक्ति र कृतिहरूमा विविध विषयका साहित्यकार र तिनका लेखरचनाहरूको समालोचना गरेकी छिन् ।

### ३.३.१.४ अनुसन्धाता व्यक्तित्व

पृथ्वी गोलाकार छ भनेर भूगोलविद्हरू स्वीकार्दछन् । यही गोलाकार पृथ्वीमा आफ्ना जीवनका क्षणहरूलाई साहित्यिक आस्वादन प्रदान गरेर साहित्यकारहरू देशको सेवामा लागिरहन्छन् । यसरी नै आफ्नो जीवनलाई साहित्यको रचनामा अर्पण गर्ने साहित्यकारहरूमध्येकी एक सुषमा आचार्य हुन् । यस्ती महान् साहित्यकार सुषमा

आचार्यको अनुसन्धाता व्यक्तित्व पनि त्यत्तिकै प्रखर रहेको छ । उनका अनुसन्धानात्मक कृतिहरूमा **जापानको शिक्षा व्यवस्था** (इ.स. २००१), **लैनसिंह वाङ्देलको औपन्यासिक कृतिको मूल्याङ्कन** (२०५८), **नेपाली कविताको विकास वीरकालबाट भक्तिकालतिर** (२०५८) र **नेपालको शिक्षा व्यवस्था** (२०५९)  रहेका छन् । सधैँ सकारात्मक कुरा मात्र सोच्ने र अरूलाई पनि सकारात्मक विचारका लागि सल्लाह दिने आचार्यले अनुसन्धानात्मक कृतिहरू पनि प्रकाशित गरेकी छिन् ।

### ३.३.१.५ बालसाहित्यकार व्यक्तित्व

सुषमा आचार्यका बहुमुखी साहित्यकार व्यक्तित्वहरूमध्ये बालसाहित्यकार व्यक्तित्व पनि एक हो । उनले बालसाहित्यअन्तर्गत बालबालिकाहरूलाई शिक्षा र नैतिक उपदेश दिने रोचक खालका बालकथाहरू लेखेकी छिन् ।

आचार्यले लेखेका बालकथाहरूको एउटै मात्र सङ्ग्रह **चन्द्रमामा खरायो** (२०६४) शीर्षकमा प्रकाशित छ । उनको यस कथासङ्ग्रहलाई अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वासिङ्गटन डी.सी., संयुक्त राज्य अमेरिकाले प्रकाशित गरेको हो । यो उनको अनूदित कृति हो । यसमा उनले जापानी भाषामा रचिएका एघारवटा प्रसिद्ध बालकथाहरूलाई नेपाली भाषामा अनुवाद गरी सङ्ग्रहित गरेकी छिन् । यसमा आचार्यले सरल, सुबोध्य भाषाको प्रयोग गरेकी छिन् । मूल रूपमा समाज, मानिस, देश, प्रकृति, पशुपंक्षी, ईश्वर जस्ता विषयवस्तु रहेका यी कथाहरू जापानी लोककथाहरूको नेपाली रूपान्तरण प्रस्तुत गरेर एकैसाथ लोकसाहित्य र बालसाहित्यका क्षेत्रमा योगदान दिनु साहित्यकार आचार्यको वैशिष्ट्य हो ।

### ३.३.१.६ शोककाव्यकार व्यक्तित्व

सुषमा आचार्यका विविध व्यक्तित्वका पाटाहरूमध्ये लघु-शोककाव्यकार व्यक्तित्व पनि एक हो । उनले शोककाव्यका रूपमा लघु आकारको शोककाव्य **शोक-शब्दाञ्जलि** (२०६५)शीर्षकको लघु आकारको शोककाव्य हाम्रा माझमा पस्केकी छिन् । उनको यो काव्य  २०६५ साल भदौ  २३ गते अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वासिङ्गटन डी.सी. संयुक्त राज्य अमेरिकाले प्रकाशनमा ल्याएको हो । यस शोककाव्यको भूमिका लेख्दै होमनाथ सुवेदीले आचार्यका बारेमा केही शब्द खर्चेका छिन्, उनकै शब्दमा भन्नुपर्दा “कवयित्री डा. सुषमा आचार्यका पति श्री पद्मकुमार आचार्यको देहावसान भएको वर्ष दिनपछि नै भाद्र २५, २०६३ का दिन उहाँका पिताजी वासुदेव लुइँटेलको पनि निधन भयो । पति र पिताका काखबाट बञ्चित हुनुपर्दा कुन नारीको मन रुन्न र यो सार्वजनीन सत्य हो । सुषमामा कविहृदय र झन्डै ४० वर्षतकको

प्राध्यापकीय अनुभव भएकाले ती आँसुलाई काव्यको भाषामा उतार्न सफल हुनुभएको छ । आचार्यले आफ्ना पति र पिताको अवसानको असह्य पीडा सहँदाको वेदनामय क्षणमा रचिएको यो कृति नेपाली शोकसाहित्यको एउटा उल्लेख्य र सार्थक रचना हो ।" यसरी आचार्यको यस शोककाव्यले पाठक वर्गको मन पनि कवयित्रीकै भावनासँग आत्मसात् गर्दै शोकको वहमा तरङ्गिन बाध्य बनाएको छ ।

### ३.३.२ साहित्येतर व्यक्तित्व

सुषमा आचार्य बहुमुखी प्रतिभा भएकी व्यक्तित्व हुन् । यिनले साहित्यका साथै साहित्येत्तर कार्यहरूमा पनि महत्त्वपूर्ण योगदान दिएकी छिन् । यिनका साहित्यिक व्यक्तित्वभित्र विभिन्न पाटाहरू भएजस्तै साहित्येतर व्यक्तित्वका पनि विविध पाटाहरू रहेका छन् । यहाँ उनका साहित्येतर व्यक्तित्वका विविध पाटाहरूबारे बुँदागत रूपमा चर्चा गरिएको छ ।

#### ३.३.२.१ शिक्षिकाका रूपमा आचार्य (प्राध्यापक व्यक्तित्व)

बहुमुखी प्रतिभाकी धनी सुषमा आचार्यका साहित्येतर व्यक्तित्वमध्यको एक महत्त्वपूर्ण व्यक्तित्व शिक्षिका हो । एउटा असल र दक्ष शिक्षिकामा हुनुपर्ने गुण आचार्यमा विद्यार्थी अवस्थादेखि नै परेको बुझिन्छ । त्रि.वि.बाट एम.ए.गरेकी आचार्य २०२९ सालदेखि हालसम्म शिक्षण पेसामा संलग्न रहँदै आएकी र २०३४ सालमा शिक्षा शास्त्र सङ्काय, कीर्तिपुरमा उपप्राध्यापक पदमा कार्यरत उनी २०४३ सालमा सोही सङ्काय अन्तर्गत सहप्राध्यापक पदमा नियुक्त भएको पाइन्छ । भाषाकला केन्द्रीय शिक्षण विभाग, कीर्तिपुर (२०४५-०४७) मा विभागीय प्रमुखको दायित्व पूरा गरिसकेकी आचार्यको २०६६ सालमा प्राध्यापक पदमा पदोन्नति भएको छ । आचार्य हाल प्राध्यापक पदलाई सम्हाल्दै विविध संघसंस्थामा र साहित्य सृजनामा संलग्न रहेकी छिन् । जापानको निगाता विश्वविद्यालयबाट विद्यावारिधि गरेर आएकी आचार्यको लगभग ३७ वर्ष पूरा भइसकेको प्राध्यापन व्यक्तित्व निकै प्रौढ र परिपक्व बनिसकेको देखिन्छ । यही पेसाबाट नै यिनको व्यक्तित्वले मौलाउने र आफ्नो गन्तव्यमा पुग्ने अवसर प्राप्त गरेको देखिन्छ ।

#### ३.३.२.२ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलन तथा कार्यशालामा सहभागी व्यक्तित्व

बाल्यावस्थादेखि नै विविध साहित्यिक कार्यक्रममा संलग्न रहँदै आएकी सुषमा आचार्यले विविध राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलनमा सहयागी हुने मौका पाएकी छिन् । आचार्यले निम्न राष्ट्रिय सम्मेलन, गोष्ठी तथा कार्यशालामा सहभागी जनाइसकेकी छिन्:

क) परिचयात्मक गोष्ठी - पाठ्यक्रम विकास केन्द्र (वि.सं. २०३५)

ख) अनिवार्य नेपाली कार्यशाला गोष्ठी - पाठ्यक्रम विकास केन्द्र (२०२९)

ग) शिक्षामा महिला गोष्ठी - सुर्खेत (वि.सं. २०४५)

घ) माध्यमिक पाठ्यक्रम कार्यशाला गोष्ठी- युनेस्को (वि.सं. २०४६)

ङ) आर्थिक र शैक्षिक क्षेत्रमा महिला सहभागिता गोष्ठी - सेरिड (वि.सं.२०४८)

च) एक्काइसौं शताब्दीमा शिक्षक शिक्षा - शिक्षा सङ्काय (वि.सं. २०५४)

त्यसै गरी आचार्यले निम्न अन्तर्राष्ट्रिय सम्मेलनमा पनि सहभागी हुने मौका पाइसकेकी छन्:

क) संयुक्त राष्ट्र संघको ५० औं साधारण सभामा नेपालको प्रतिनिधि मण्डलमा सहभागिता वि.सं. २०५२

ख) 'महिला र शिक्षा' विषयक सार्क राष्ट्रहरूको सम्मेलनमा माल्दिभ्समा सहभागिता वि.सं. २०४७।

### ३.३.२.३ समाजसेवी व्यक्तित्व

लामो समयदेखि सामाजिक सेवामा संलग्न रहँदै आएकी सुषमा आचार्यले सर्वप्रथम वासुदेव- विद्यादेव लुइँटेल गुठीमा उपाध्यक्षको पद सम्हाल्नुका साथै गुञ्जनमा पनि सोही पद सम्हाल्दै आइरहेकी छिन् । जीवन अभिशाप होइन वरदान हो भन्न रुचाउने आचार्य सार्क लेखक संघ, पेन नेपाल च्याप्टर, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, नारीस्वर, मितेरी नेपाल आदि संस्थाहरूमा सदस्य पदमा रहनुका साथै रचना र अभिव्यक्ति जस्ता पत्रपत्रिकाहरूमा पनि आजीवन सदस्य पदमा रहेकी छिन् । यसरी आचार्यले विविध संस्था, पत्रपत्रिका आदिमा आफ्नो सक्रियता देखाई एउटी असल समाजसेवीको भूमिका निर्वाह गर्दै आएकी छिन् ।

### ३.३.२.४ बहुभाषी व्यक्तित्व

सुषमा आचार्यको साहित्येतर व्यक्तित्वको अर्को महत्त्वपूर्ण पाटो बहुभाषी व्यक्तित्व पनि हो । उनको मातृभाषा नेपाली हो र उनले लामो समयदेखि यही भाषा र यसका साहित्यको प्राध्यापन गर्दै आउनुका साथै यसै भाषासाहित्यमा विद्यावारिधि उपाधि हासिल गरेकी छिन्; त्यसैले उनको यस भाषामा गहिरो ज्ञान छ । विद्यालयमा अध्ययन गर्ने क्रममा उनले संस्कृत पढेकीले यस भाषामा पनि उनको सामान्य ज्ञान छ । औपचारिक शिक्षाबाट अङ्ग्रेजी भाषामा पनि उनको दखल रहेको छ । उनी विद्यावारिधि गर्ने सिलसिलामा जापान गई केही समय त्यहाँ बसेकीले जापानी भाषामा

पनि पोख्त बनेकी छिन् । यसरी नेपाली, संस्कृत, अङ्ग्रेजी र जापानी गरी चार भाषामा उनको दख्खल रहेको छ । साहित्यिक व्यक्तित्वको निर्माण र विकासमा उनको बहुभाषी व्यक्तित्वले महत्त्वपूर्ण प्रभाव पारेको देखिन्छ ।

### ३.३.२.५ अनुवादक व्यक्तित्व

सुषमा आचार्य अनुवादक व्यक्तित्वका रूपमा पनि परिचित छन् । उनको **चन्द्रमामा खरायो** शीर्षकको बालकथासङ्ग्रह मूलतः जापानी भाषामा रचिएका कथाहरूको नेपाली अनुवाद हो । आचार्यद्वारा अनूदित यस कथासङ्ग्रहभित्रका एघारवटै कथाहरू आजका बालबालिकालाई भाषा-शिक्षण र नैतिक शिक्षा दिने खालका हुनाका साथै अत्यन्त उपयोगी रहेका छन् । यी कथाहरू विषयवस्तुका दृष्टिले अत्यन्त रोचक र भाषाशैलीका दृष्टिले सरल, स्वाभाविक तथा प्रभावकारी छन् । यी कथाहरू बालबालिकाहरूका निम्ति प्रस्तुत गरिएका भए पनि यी सबै उमेरका व्यक्तिका लागि उत्तिकै उपयोगी र पठनीय छन् । यसरी जापानी लोककथाहरूको नेपाली भाषामा अनुवाद गरेर एकैसाथ नेपाली लोकसाहित्य र बालसाहित्यका क्षेत्रमा योगदान दिने आचार्यको अनुवादक व्यक्तित्व पनि निकै प्रभावशाली रहेको छ ।

### ३.३.२.६ जीवनी, व्यक्तित्व र कृतित्व लेखनका बीच अन्तःसम्बन्ध

सुषमा आचार्यको उनन्साठी वर्ष लामो जीवन विभिन्न सुखद एवम् दुःखद परिस्थितिहरू भेल्दै गुज्रेको देखिन्छ । आफूले बाल्यकालदेखि हालसम्म भोगेका सुखदुःख ,सरल र कठिन परिस्थिति, विभिन्न संघसंस्थामा कार्य गर्दाको अनुभव आदिको ज्ञान एवम् सीपबाट यिनको साहित्यिक व्यक्तित्व निर्माण भएको देखिन्छ । जीवनका सङ्घर्ष, मिहिनेत, निर्भीकता र अध्ययनशीलताले आचार्यलाई सफलताको सिँढीसम्म पुऱ्याएको देखिन्छ । विविध विधामा कलम चलाएकी आचार्यका साहित्यिक कृतिहरूमा जीवन भोगाइका कटु यथार्थ, सामाजिक परिवेश र राजनीतिक परिवेश आदि विविध विषयवस्तुको चित्रण पाइनुका साथै विदेशको प्राप्त अनुभव आदि अभिव्यक्त भएका छन् । उनको साहित्यिक जीवन क्रमशः परिष्कृत एवम् परिमार्जित हुँदै अगाडि बढेको पाइन्छ ।

निष्कर्षतः बाल्यावस्थादेखि आजसम्म आचार्यको जीवनी र व्यक्तित्वलाई हेर्दा जीवन भोगाइका अनुभव, अनेक आरोह-अवरोह, विभिन्न संघ-संस्थाहरूसँगको संलग्नता, विदेशको बसाइ, विभिन्न विशिष्ट व्यक्तिहरूसँगको सम्पर्क आदिले गर्दा उनको साहित्यसिर्जनामा राम्रो संयोजन भएको छ । उनी अहिले आफ्नो प्रारम्भिक कालको सिकारु लेखनदेखि क्रमशः परिष्कृत हुँदै अगाडि बढिरहेकी छिन् ।

## चौथो परिच्छेद

# सुषमा आचार्यको कृतित्वको अध्ययन

### ४.१ पृष्ठभूमि

नेपाली साहित्यका क्षेत्रमा लगभग साढे चार दशक (२०२२-वर्तमान) साधनारत आचार्यले कविता, समालोचना, बालकथा, उपन्यास र शोककाव्य जस्ता विविध विधामा कलम चलाएकी छिन् । यी पुस्तकाकार कृतिका अतिरिक्त आचार्यका धेरै फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा समेत प्रकाशित भइसकेका छन् । उनका यिनै विविध पुस्तकाकार रूपमा प्रकाशित रचनाहरूको विश्लेषण यस परिच्छेदमा गरिएको छ ।

### ४.२ प्रकाशित रचनाहरूको विवरण

सुषमा आचार्यले नेपाली साहित्यका कविता, कथा, समालोचना, उपन्यास शोककाव्य गरी विविध विधाको रचना गरेकी छिन् । यसका अतिरिक्त नेपाली भाषा साहित्यका बारेमा थुप्रै फुटकर लेखहरू विभिन्न पत्रपत्रिकामा छपाएकी छिन् र छपाइरहेकी छिन् । अहिले पनि लेखनमा सक्रिय रहेकी आचार्यका प्रकाशित कृति तथा फुटकर लेख रचनाहरूको विवरण यसप्रकार छ ।

प्रकाशित कृतिहरू

| क्र.सं. | शीर्षक | विधा | साल |
|---|---|---|---|
| १. | गजुर ढल्किँदैछ | कविता | वि.सं. २०४९ |
| २. | मुलुकबाहिर एक सर्वेक्षण | समालोचना | वि.सं. २०५३ |
| ३. | माइतघरलाई चियाएर हेर्दा | समालोचना | वि.सं. २०५८ |
| ४. | नेपाली कविताको विकास वीरकालबाट भक्तिकालसम्म | समालोचना | वि.सं. २०५८ |
| ५. | लैनसिंह बाङदेलका औपन्यासिक कृतिको मूल्याङ्कन | समालोचना | वि.सं. २०५८ |
| ६. | एकपत्र साकुरालाई | कविता | वि.सं. २०५८ |
| ७. | निर्णय | उपन्यास | वि.सं. २०६२ |
| ८. | केही व्यक्ति र कृतिहरू | समालोचना | वि.सं. २०६२ |
| ९. | चन्द्रमामा खरायो | बालकथासङ्ग्रह | वि.सं. २०६४ |
| १०. | शोक-शब्दाञ्जलि | लघु-शोककाव्य | वि.सं. २०६५ |

### ४.२.१ फुटकर लेखरचनाहरू

| क्र.सं. | शीर्षक | विधा | पत्रिका | वर्ष | अङ्क | साल |
|---|---|---|---|---|---|---|
| १. | नेपाली उपन्यास परम्पराको प्रवृत्ति | समीक्षा | जनमत | २५ | १२ | २०६५ |
| २. | मेरो दृष्टिमा स्व. वासुदेव शर्मा लुइँटेल | " | " | " | " | " |
| ३. | नयाँ नेपाल | " | " | " | " | " |
| ४. | सहाराको खोजी | " | " | " | " | " |

## ४.३ चरण विभाजन

सुषमा आचार्यले २०२२ सालमा **प्रतिध्वनि** पत्रिकामा प्रकाशित **जीवन घामछाया** शीर्षकको कविताबाट आफ्नो औपचारिक साहित्ययात्राको सुरुवात गरेकी हुन् । करिव साढे चार दशकको अवधिसम्म आइपुग्दा उनले कविता लगायत कथा, समालोचना, उपन्यास, शोककाव्य गरी विविध विधामा बाह्रवटा पुस्तकाकार कृतिको प्रकाशन पनि गराइसकेकी छिन् । यिनै विविध विधामा प्रकाशित कृतिलाई हेर्दा उनको हरेक कृतिको प्रकाशनमा फरक प्रवृत्तिगत विशेषता पाइन्छ । तसर्थ उनको चरण विभाजनको आधार पनि यसैलाई मानिएको छ :

क) पहिलो चरण (वि.सं. २०२२-२०५२)

ख) दोस्रो चरण (वि.सं. २०५३-२०६१)

ग) तेस्रो चरण (वि.सं. २०६२ - हालसम्म)

### ४.३.१ पहिलो चरण

सुषमा आचार्यले साहित्य लेखनको औपचारिक आरम्भ यस चरणको सुरुवातमा गरेकी छिन् भने अन्त्यमा आएर **गजुर ढल्किँदैछ** शीर्षकको कवितासङ्ग्रहको प्रकाशन पनि गरेकी छिन् । यसैले आचार्यको यस चरणलाई साहित्यलेखनको पृष्ठभूमि काल र साहित्यिक कृतिको प्रकाशन आरम्भ कालको रूपमा लिन सकिन्छ ।

उनको प्रथम प्रकाशित कविता **जीवन घामछाया** प्रकाशित भएको तर हाल उपलब्ध नभएको र **ढुङ्गा बोल्छ** कविता **गजुर ढल्किँदैछ** कवितासङ्ग्रहमै समावेश भएकाले यस चरणको विशेषता केलाउनका निम्ति यसै सङ्ग्रहलाई कोसेढुङ्गाका रूपमा लिएको छ ।

यस कविता सङ्ग्रहमा यथार्थ अवस्थाका अनुभूतिहरूलाई विषयवस्तु बनाइनुका साथै वर्गीयविभेद, निरङ्कुशताको विरुद्ध सङ्घर्ष, व्यक्तिप्रतिको व्यभिचारी आचरण आदिको चर्चा गरिएको छ ।

उनका यस कवितासङ्ग्रहभित्र विविध प्रवृत्तिहरू रहेका छन् । ती मध्येका प्रवृत्तिहरूमा विसङ्गतिप्रतिको विद्रोह, मानवतावाद, युगवोध, प्रतीकात्मकता आदि विविध प्रवृत्ति भए तापनि मुख्यतः स्वच्छन्दतावादी प्रवृत्तिलाई नै यस चरणको प्रमुख प्रवृत्ति मान्न सकिन्छ ।

### ४.३.२ दोस्रो चरण

सुषमा आचार्यको प्रथम चरणको कवि व्यक्तित्व यस चरणमा आएर समालोचकका रूपमा बढी फस्टाएको छ । प्रथम चरणकै निरन्तरता स्वरूप **एकपत्र साकुरालाई** (२०५८) कवितासङ्ग्रह पनि प्रकाशित भएको छ । यसर्थ उनका यस कालका प्रवृत्तिलाई केलाउनु पूर्व यस समयमा प्रकाशित कृतिको विवरण प्रस्तुत गर्दा चरणको वैशिष्ट्य अध्ययन गर्न सहज हुने देखिन्छ :

| क्र.सं. | शीर्षक | विधा | प्रकाशन वर्ष (वि.सं.) |
|---|---|---|---|
| १. | मुलुकबाहिर एक सर्वेक्षण | समालोचना | २०५३ |
| २. | माइतघरलाई चियाएर हेर्दा | " | २०५३ |
| ३. | नेपाली कविताको विकास वीरकालबाट भक्तिकालतिर | " | २०५८ |
| ४. | लैनसिंह वाङ्देलका औपन्यासिक कृतिको मूल्याङ्कन | " | २०५८ |
| ५. | एकपत्र साकुरालाई | कविता | २०५८ |
| ६. | Education System of Japan | | २०५८ |
| ७. | Education System of Nepal | | २०५९ |

यस चरणको सुरुवात २०५३ सालमा प्रकाशित समालोचनात्मक कृति **मुलुकवाहिर एक सर्वेक्षण**देखि भएको हो । यस कृतिमा आचार्यले लैनसिंह वाङ्देलद्वारा लिखित **मुलुकबाहिर** उपन्यासलाई विविध कोणबाट अध्ययन विश्लेषण गरेकी छिन् । यसैगरी यस चरणमा आचार्यले नेपाली कविताको विकासको चर्चा परिचर्चा **नेपाली कविताको विकास वीरकालबाट भक्तिकालतिर** शीर्षकको कृतिमा गरेकी छिन् । **लैनसिंह**

**वाङदलेलका औपन्यासिक कृतिको मूल्याङ्कन** शीर्षकको ३७३ पृ. भएको बृहत् आकारको कृतिमा आचार्यले वाङ्गदेलको जीवनी, व्यक्तित्व र औपन्यासिक कृतिहरूको विविध कोणबाट विश्लेषण गरेकी छिन् । कविता लेखनको पहिलो चरणमा देखिएको भए तापनि यसको प्रभाव उनका अन्य चरणमा पनि रहेको कुरा यस चरणको **एक पत्र साकुरालाई** शीर्षकको कविता सङ्ग्रहबाट प्रस्ट हुन्छ । यस सङ्ग्रहका कविताहरू आचार्य जापानमा रहँदा र केही यतै बस्दा लेखिएका यी कविताहरूमा **स्वदेशप्रतिको माया झल्काउने, अभिनय, नारी** आदि विषयवस्तुमा आधारित यस कविता सङ्ग्रहका कविताहरूले अत्यन्त मार्मिक रूपले भाव अभिव्यक्त गरेका छन् ।

उनका समालोचनालाई हेर्दा समालोचक व्यक्ति, नेपाली भाषा, शिक्षा र संस्कृति जस्ता विषय पर्दछन् । आचार्यका यस चरणका प्रवृत्तिहरू पहिलो चरणका भन्दा भिन्न किसिमका छन् । उनले पहिलो चरणमा कविता मात्र लेखेकी छिन् भने यस चरणमा समालोचनालाई थपेकी छिन् । उनका प्रवृत्तिहरूमा सामाजिकता, सामाजिक यथार्थवाद, प्रकृतिप्रेमी, स्वावलम्बी, प्रवासी नेपालीप्रतिको माया, बौद्धिकता आदि रहेका छन् । उनको यस चरणका प्रवृत्ति अनुसन्धानात्मकलाई नै प्रमुख मान्न सकिन्छ ।

यसरी गुणात्मक र सङ्ख्यात्मक दृष्टिले यो चरण आचार्यको ज्यादै उर्वर र महत्त्वपूर्ण बनेको छ ।

### ४.३.३ तेस्रो चरण

आधुनिक नेपाली साहित्यमा समसामयिक धाराको सुरु भएपछि कुनै एउटा धाराको नेतृत्व रहेन । समसामयिकता भित्रै रहेर एउटै स्रष्टाले विविध प्रवृत्ति अंगालेर साहित्य सृजना गर्न थालेकाले २०६१ सालपछिका आचार्यका कृतिहरूमा पनि समसामयिक प्रवृत्तिहरू प्रशस्त मात्रामा देखिन्छन् । यस चरणमा प्रकाशित कृतिहरू यसप्रकार छन् :

| क्र.सं. | शीर्षक | विधा | प्रकाशन वर्ष (वि.सं.) |
|---|---|---|---|
| १. | निर्णय | उपन्यास | २०६२ |
| २. | केही व्यक्ति र कृतिहरू | समालोचना | २०६२ |
| ३. | चन्द्रमामा खरायो | बाल कथासङ्ग्रह | २०६४ |
| ४. | शोक-शब्दाञ्जलि | लघु-शोककाव्य | २०६५ |

२०६२ सालमा प्रकाशित आचार्यको **निर्णय** उपन्यास सामाजिक यथार्थवादी विषयवस्तुमा आधारित छ । यस चरणमा आएर आचार्यको **चन्द्रमामा खरायो** बालकथा सङ्ग्रह (२०६५) देखापर्छ । यस कथासङ्ग्रह भित्रका कथाहरूले बालबालिकाहरूलाई भाषा शिक्षण र नैतिक शिक्षाको ज्ञान दिने उद्देश्य राखेको छ । २०६१/६३ सालमा आएर आचार्यले पति र पिता दुवैको काख गुमाउनु पर्दाको दुःखद् अवस्थालाई 'शोक-शब्दाञ्जलि' शीर्षकको शोककाव्य कृतिमा मार्मिक र हृदयस्पर्शी रूपमा भाव व्यक्त गरेकी छिन् ।

बहुआयमिक व्यक्तित्व भएकी आचार्यका यस चरणका प्रवृत्तिहरूमा सामाजिक यथार्थवाद, प्रगतिशील, अस्तित्ववाद, समसामयिक, राजनीतिक प्रवृत्ति, बालकथाकार प्रवृत्ति आदि रहे तापनि यस चरणको मुख्य प्रवृत्तिका रूपमा औपन्यासिक सामाजिक यथार्थवादलाई नै लिन सकिन्छ ।

### ४.३.४ निष्कर्ष

यसरी सुषमा आचार्यले **गजुर ढल्किँदैछ** (२०४९) सालको कविता सङ्ग्रहदेखि **शोक-शब्दाञ्जलि** (२०६५) सम्म आइपुग्दा विविध विधाका रचनाहरू प्रकाशित गरेकी छिन् । आचार्य साढे चार दशक लामो साहित्यिक यात्रामा विभिन्न मोडहरू पार गर्दै अघि बढिरहेकी छिन् । प्रथम चरणदेखि नै यिनका रचनाहरू विशुद्ध साहित्यिक कलाले ओतप्रोत बन्न पुगेका देखिन्छन् । आफ्नो साहित्यिक जीवनमा कविता समालोचना, उपन्यास, बालकथा र शोककाव्य जस्ता बहुआयामिक कृतिहरू प्रकाशित गर्दै आएकी आचार्य मूलतः सामाजिक यथार्थवादी साहित्यकार हुन् । आफ्नो देश जाति, भाषा र साहित्यप्रति गहिरो स्नेह राख्दै आचार्यले आफ्नो साहित्य लेखनलाई अझै पनि निरन्तरता दिइरहेकी छिन् ।

कविता कविको भाव अभिव्यक्त गर्ने माध्यम हो । परापूर्वकालदेखि हालसम्म यो विधा लोकप्रिय विधाका रूपमा रहेको छ । आचार्यले समालोचना गर्ने क्रममा व्यक्ति, कृति, नेपाली भाषा, शिक्षा र संस्कृति आदि विषयवस्तुलाई चयन गरेकी छिन् । उपन्यास आधुनिक सभ्यताको लोकप्रिय कलात्मक विधा हो । बालकथासङ्ग्रह बालबालिकाहरूको भाषा शिक्षण र नैतिक शिक्षालाई वृद्धि गराउने एउटा माध्यम हो । यसैगरी लघु-शोककाव्य आफूभित्र गुम्सिएर रहेका शोक अर्थात् दुःखहरू अभिव्यक्त गर्ने माध्यम हो ।

यसरी आचार्य आफ्ना तीन चरणमा विविध विधामा कलम चलाएर बहुआयामिक व्यक्तित्व बन्न एवम् देखाउन सफल भएकी छिन् ।

## ४.४ 'गजुर ढल्किँदैछ' कविताको विश्लेषण

### ४.४.१ परिचय

**गजुर ढल्किँदैछ** सुषमा आचार्यले रचना गरेका फुटकर कविताहरूको सङ्ग्रह हो । यस सङ्ग्रहभित्र उनले रचना गरेका यी अठारवटा फुटकर कविताहरू सङ्कलित छन् : **नारी एक रूप अनेक, तीन मुक्तक, हिमाल, कर्मचारी, दार्जिलिङ, सम्बन्ध, मेरो देश, सिक्किम, पुरुष, ढुङ्गा बोल्छ, वरमाला, गजुर ढल्किँदैछ , लाग्छ, गीत, गुँडुल्किएको वास्तविकता, प्रसववेदना, आर्तनाद-महाकालीको, पढ्न गएको छोरालाई पत्र** आदि । यी कविताहरूलाई अनेक आधारमा विश्लेषण गर्न सकिन्छ तापनि कविताका तत्त्वका आधारमा यिनको विश्लेषण गर्नु वाञ्छनीय हुन्छ । कविताका तत्त्वहरू अनेक छन् र विद्वान्हरूले यसका अनेक तत्त्वहरू देखाएका छन् । कविताका मूलभूत तत्त्वहरू **शीर्षक, संरचना, लयविधान, छन्दविधान, भाषाशैली, कथनपद्धति, भावविधान, बिम्बविधान, प्रतीक र अलङ्कार** मानिन्छन् ।[१०]

यिनै कविता तत्त्वका आधारमा आचार्यको **गजुर ढल्किँदैछ** भित्रका कविताहरूलाई विश्लेषण गरिएको छ ।

### ४.४.२ शीर्षक

सुषमा आचार्यको २०४९ सालमा प्रकाशित भएको **गजुर ढल्किँदैछ** कवितासङ्ग्रहको नामकरण यस सङ्ग्रहभित्रको **गजुर ढल्किँदैछ** शीर्षकको कविताबाट गरिएको हो । यस शीर्षकले हिन्दूहरूका आराध्यदेव पशुपतिनाथको मन्दिरको गजुर ढल्किएको कुरालाई प्रतिबिम्बत गरेको छ ।

कुनै पनि कविताले शीर्षकको अभिधात्मक व्यङ्ग्यात्मक वा प्रतीकात्मक अर्थ समेटेको हुन्छ । यस कवितासङ्ग्रहको नामकरण पनि प्रतीकात्मक तरिकाले रहन आएको छ । यस सङ्ग्रहका धेरैजसो कविताहरूको शीर्षकहरू प्रतीकात्मक रूपमा आएका छन्, जस्तै : **ढुङ्गा बोल्छ, वरमाला, गजुर ढल्किँदैछ, गुडुल्किएको वास्तविकता, आर्तनाद-महाकालीको, पढ्न गएको छोरालाई पत्र** आदि । अन्य कविताहरूले पनि व्यङ्ग्यात्मक अर्थवहन गरेका छन् । **नारी एक : रूप अनेक, हिमाल, कर्मचारी, सम्बन्ध दार्जिलिङ, पुरुष, सिक्किम** आदि कवितामा शीर्षक साधारण समाजमा प्रचलित विषयवस्तुहरू रहेको भए तापनि तिनीहरू भित्रको वास्तविक मर्म भने फरक किसिमका छन् । अन्याय, अत्याचार, दीनहीन आर्थिक असमानता, विदेशीहरूको

---

[१०] वासुदेव त्रिपाठी र अन्य, **नेपाली कविता भाग-४**, चौथो संस्करण, (काठमाडौं : साझा प्रकाशन, २०६०), पृ.  ।

घुसपैठ, सबैमा देश र जनताको समानता र स्वतन्त्रताको लागि कठोर व्यङ्ग्यात्मक आवाज पनि उठाएका छन् । यस सङ्ग्रहमा सङ्कलित कविताका शीर्षकहरू प्रतीकात्मक, व्यङ्ग्यात्मक हुनका साथै सम्पूर्ण कविताहरूमा चित्र लिपिको प्रयोग गरेकाले बढी आकर्षक रहेका छन् ।

### ४.४.३ **संरचना**

कविताको संरचना भन्नाले एउटा साहित्य कृतिको बनोट भन्ने बुझिन्छ । हरेक कृतिको आफ्नै संरचना रहेको हुन्छ । त्यस्तै **गजुर ढल्किँदैछ** कवितासङ्ग्रंहको संरचना ४२ पृष्ठमा फैलिएको छ भने सन्दर्भ पृष्ठहरू गद्य र मुक्तक जस्ता कविताहरूले भरिएका छन् । लामा-छोटा संरचनामा रहेका कविताहरूमा शीर्षकहरू पनि शब्दात्मक र शब्दावलीगत रहेका छन् । यस सङ्ग्रंहका सबै कविता थोरै शब्दमा कम संरचनामा संरचित भएका भए तापनि आयतनका हिसाबले सबैभन्दा सानो कविता **गीत** पृ. ३४ हो भने लामो कविता **सम्बन्ध** र **प्रसववेदना**ले लमाइका दृष्टिले सबैभन्दा धेरै ठाउँ ओगट्न सकेको छ । समग्रमा हेर्दा एक शब्दको हरफ कवितालाई खासै खण्डन वर्गीकरण नगरेर सिधै प्रस्तुत गरिएको पाइन्छ । प्रत्येक कतिवाको सुरुमा चित्र प्रयोग गरिएको छ ।

यसरी सुषमा आचार्यले आफ्ना लघु कविताहरूको सङ्ग्रंह **गजुर ढल्किँदैछ** मा प्रतीकात्मक प्रकारको संरचनामा कविता सिर्जना गरेर तत्कालीन राजनैतिक, विदेशी, घुसपैठ, सामाजिक विकृति, विसङ्गतिप्रति असन्तोष र विद्रोह प्रकट गर्दै व्यङ्ग्य प्रहार गरेकी छिन् । सम्पूर्ण कविताको संरचना प्रतीकात्मक र बिम्बात्मक तरिकाले प्रस्तुत गरेकी छिन् । यो आचार्यको छुट्टै संरचनागत विशेषता हो ।

### ४.४.४ **लयविधान**

लयविधान भनेको कविताको अस्तित्व निर्माण गर्ने र अन्य विधाबाट छुट्याउने माध्यम हो । लय कविताको आत्मा हो, जसले कवितालाई गेयात्मक सङ्गीतात्मक श्रुतिमाधुर्य प्रदान गर्दछ । कवि सुषमा आचार्यका कविताहरूभित्र मिठो लयात्मकता पाउन सकिन्छ । प्रतीकात्मक र बिम्बात्मक संरचना भएको भए तापनि साङ्गीतिकताका हिसाबले सफल रहेका छन् ।  यसरी मुक्तलयमा संरचित उनका कवितामा सहज रूपमा भाव र भाषाका बीच तादात्म्यता पाइन्छ । साङ्गीतिक र सुन्दर भाषाको प्रयोगले कविता सुमधुर गेयात्मक हुनका साथै ध्वन्यात्मक अर्थभावले आह्लादित तुल्याउँछन् । गद्य कविता भएपछि सुललित र छरिता शब्दहरूको प्रयोगले कवितामा विविध अन्त्यानुप्रास प्रयोग हुन आउनाले कविता भावगत तीव्रता र

गाम्भीर्यका आधारमा सशक्त रहेका छन् । लयात्मकताको पुष्टिका लागि निम्न लिखित कविता प्रस्तुत गर्न सकिन्छ ।

अर्थ लगाउन नसकिने शब्द हो नारी
बुझ्न नसकिने भाषा हो नारी
देख्न नसकिने व्यथा हो नारी
जीवन-मरणको प्रश्न हो नारी

यहाँ नारी शब्द धेरै ठाउँमा दोहोरिएर आएकाले कवितालाई लयात्मक बनाउने काम गरेको छ भने एउटै हरफमा एउटै शब्द धेरै पटक दोहोरिएर आउँदा सङ्गीतात्मक बनेको छ ।

हारेका छैनौ जीवनमा कहिल्यै
हार्नु अभिशाप हो
जितेको पनि छैन कहिल्यै
जित्नु फलिफाप हो ।

यस कवितांशमा ‘कहिल्यै हो’ जस्ता शब्दहरू हरेक पटक दोहोरिएर कवितालाई अनुप्रासयुक्त र लयात्मक बनाएका छन् ।

यसरी **गजुर ढल्किँदैछ** कवितासङ्ग्रह लयविधानका दृष्टिले सफल सङ्गीतमय बन्न पुगेको छ । अन्त्यानुप्रास, वृत्यानुप्रास लगायत शब्द वर्ण र ध्वनिमा रहेको अन्तर्सम्बन्धले कविताहरू गेयात्मक बन्न सफल भएका छन् ।

### ४.४.५ छन्दविधान

कवि सुषमा आचार्यले छन्दविहीन मुक्तलयमा कविता सिर्जना गरेकी छिन् । उनी स्वच्छन्दवादी कवि भएकाले मुक्त लयमा शास्त्रीय छन्दहरू भन्दा अघि बढेर आफ्ना कवितालाई लयात्मक बनाउन सफल भएकी छिन् । छन्दबद्धताको सीमामा रहेर शाब्दिक क्लिष्टता र जटिल संरचना बनाउनुभन्दा स्वच्छन्द तरिकाले सरल सहज ढङ्गले सम्प्रेषणीय कविता निर्माणमा जोड दिएकी छिन् । आम जनताका भावनालाई उनीहरूकै आवाजमा अभिव्यक्त गर्न चाहेकी छिन् । कवितामा छन्दबद्धताभन्दा व्यञ्जनात्मकता स्थापना गर्न रुचाउने आचार्यका कविता प्रतीकात्मक, बिम्बात्मक र आलङ्कारिकताले युक्त छन् ।

### ४.४.६ भाषाशैली

कविताको बाह्य तत्त्वका रूपमा भाषाशैलीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । भाषाशैलीले कविताको कला-पक्षको र कविको पहिचान दिने काम गर्दछ । भाषा भाव अभिव्यक्त गर्ने माध्यम हो भने शैली प्रस्तुत गर्ने तरिका हो । कविताको भाषा सामान्यतया अभिधात्मक नभएर लक्षणायुक्त र व्यञ्जनात्मक रूपमा विशिष्ट प्रकारको रहेको हुन्छ । भाषाशैलीले विषयवस्तु र भावका बीच समन्वय गरी रचनालाई रोचक बनाउन विशेष भूमिका खेलेको हुन्छ ।

कवि सुषमा आचार्यका कविताको भाषाशैली सरल-सरस र सुवोध्य बिम्बात्मक प्रतीकात्मक प्रकारको देखिन्छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग अनुप्रासीय, आलङ्कारिक भाषाको प्रयोग र स्पष्ट अभिव्यक्तिका कारणले उनको भाषा क्लिष्ट नभई सम्प्रेषणीय बनेको छ । गेयात्मक र लयात्मकको सुकोमलताले कविता सुललित श्रुति रमणीय बनेका छन् ।

यस **गजुर ढल्किँदैछ** कविता सङ्ग्रहमा कविले कवितालाई आलङ्कारिताले सम्पन्न बनाउनुका साथै सरल सरस गद्यात्मक भाषामा वर्णनात्मक शैलीको प्रयोग गरेकी छिन् । एउटै शब्दलाई धेरैपटक प्रयोग गरेर कवितालाई ललित बनाउने काम गरेकी छिन् ।

### ४.४.७ कथनपद्धति

कविता मूलतः आत्मालाप वा मनोलाप गर्ने भाषिक लयात्मक कथन-कला हो तापनि त्यस मनोलाप वा मनोगुन्गुनको अभिव्यक्ति गर्ने श्रुतिरम्य कथन अपेक्षित नै हुन्छ । यो कथन-कौशलका रूपमा उच्चार्यगेय रहने परिप्रेक्ष्यमा कथनपद्धति कवितामा पनि एक महत्त्वपूर्ण पक्षका रूपमा रहेको हुन्छ । यदि कवितामा कविले आफ्ना आत्मालापी कथ्य कुरालाई आख्यानीकृत गर्दछ भने त्यो नै कविताको कथनपद्धति हो । आचार्यले यस **गजुर ढल्किँदैछ** कविता सङ्ग्रहभित्रका कविताहरू प्रायः जसो कविनिवद्धप्रौढोक्ति पद्धतिमा लेखेकी छिन् ।

### ४.४.८ भावविधान

सुषमा आचार्य मूलतः प्रगतिवादी कवि हुन् । उनले यस **गजुर ढल्किँदैछ** कवितासङ्ग्रह भित्रका कविताहरूको विषयवस्तुमा मार्क्सवादी सौन्दर्य चेत र वर्गीय ढाँचालाई प्रगतिशील धारमा कलम चलाउँदै सामाजिक विकृति, विसङ्गतिलाई प्रकट गरेर सुधारात्मक कोटिको बिम्बविधानलाई स्थापना गरेर अगाडि बढेकी छिन् । समाजका दुःख-सुख अनुभव गर्ने सामाजिक मानवीय भावनाका पक्षमा क्रान्ति

गरेकी छिन् । स्वाधीनता, स्वतन्त्रता, समानताका साथै उज्ज्वल भविष्यका लागि मुक्ति, न्याय र सामूहिक कोमल सौन्दर्य पक्ष एवं आशालाई आफ्नो ठानेर उक्त कृतिमा कवि आचार्यले आफ्ना विचार अभिव्यक्त गरेकी छिन् । साहित्य मुटुले खिँचेर लेख्ने हो, साहित्य अन्तर मनकै संवेदना भएकै कारणले साहित्यलाई इमान्दारीपूर्वक शब्दमा रूपान्तरित हुने, मुटु छुने स्पन्दनझैं यिनी सम्झिने गर्छिन् ।

### ४.४.९ बिम्बविधान, प्रतीक र अलङ्कार

सशक्त बिम्ब-प्रतीकको प्रयोग गरेर कविताको भावलाई गहकिलो बनाउन सफल आचार्यका हरेक कविता सहज बिम्ब बनेका छन् । यिनका कवितामा बिम्बबिधान र व्यङ्ग्यको कुशल संयोजन भएको छ । समाजका विविध विषयवस्तुलाई अन्तर्हृदयको अनुभूतिमा प्रस्तुत गर्ने साधनको रूपमा बिम्ब र प्रतीकको सहायता कविले लिएकी छिन् । मानिसका दैनिक प्रयोगमा आउने जीवनजगत सम्बन्धी धारणा तथा बिम्बप्रतीकको सफल प्रयोग कविले कवितामा प्रस्तुत गरेकी छिन् । आचार्यको कवितामा पाइने आलङ्कारिक गुण भनेको नै बिम्ब र प्रतीकको सफल प्रयोग हो । यस कविता सङ्ग्रहका कवितामा कविले सामाजिक, राजनैतिक, आक्रोश तथा विसङ्गतिलाई विविध बिम्बको प्रयोग गरेर प्रस्तुत गर्नुका साथै स्वनिर्मित नवीनतम् बिम्बको पनि सफल प्रयोग गरेकी छिन् ।

### ४.४.१० निष्कर्ष

सुषमा आचार्यको यस कवितासङ्ग्रहमा अठारवटा कविताहरू समेटिएका छन् । तत्कालीन समयको राजनैतिक व्यवस्था त्यसमा विद्यमान विकृति, विसङ्गति लगायत राष्ट्रिय जीवनजगतको यथार्थ अवस्थाका अनुभूतिलाई कविताको विषयवस्तु बनाएकी छिन् । वर्गविभेद, निरङ्कुशताको विरुद्ध सङ्घर्ष, व्यक्तिप्रतिको व्यभिचारी आचरण लगायतका कुरालाई कविताका माध्यमद्वारा गद्यात्मक शैलीमा अभिव्यक्त गरेकी छिन् । सुषमा आचार्य नेपाली साहित्यको बहुचर्चित र लोकप्रिय कवि हुन् । उनका कवितामा व्यक्त, समाज र राजनीतिका अनेकौं विषय सन्दर्भहरू समेटिएका छन् । कवितालाई सजाउने शिल्पशैली, बिम्ब र प्रतीकको प्रयोगमा उनी साह्रै समृद्ध छिन् । विसङ्गतिप्रतिको विद्रोह, मानवतावाद, युगबोध, प्रजातन्त्रमा पनि निराशा मात्र हात लागेका सन्दर्भ जस्ता कुरा उनका साहित्यिक प्रवृत्ति हुन् । जनताका सङ्घर्षशील यात्रा, कठिन जीवन भोगाइ र समतामूलक समृद्धि स्थापनाका लागि कविताले प्रतीकात्मक संकेत गरेका छन् । सरस सरल भाषाका गेयात्मक र लयात्मक कविताका रूपले आचार्य आशावादी जीवन दृष्टि राख्ने कवि हुन् । उनको **गजुर ढल्किँदैछ**

कवितासङ्ग्रहमा हिन्दूहरूका आराध्यदेव पशुपतिनाथ मन्दिरको दक्षिण दिशातिर ढल्किएको र दक्षिणबाटै उनको पूजा आराधना सम्पन्न हुने भारतीय संस्कृतिको प्रतीकात्मक रूपमा विरोध गरिएको छ । उनका अधिकांश कविताहरू समसामयिक विषयवस्तुसँग सम्बद्ध छन् । यो कवितासङ्ग्रह आधुनिक नेपाली कविताको समकालीन धाराको उल्लेखनीय कृति हो ।

## ४.५ सुषमा आचार्यको 'एक पत्र साकुरालाई' कवितासङ्ग्रह भित्रका कविताहरूको विश्लेषण

आचार्य जापानमा बस्दा फुर्सदको समयमा लेखिएका र केही यतै हुँदा कोरिएका थोरै कविताहरूको सँगालोका रूपमा **एक पत्र साकुरालाई** नामक कृतिलाई लिन सकिन्छ । यो कवितासङ्ग्रहलाई आचार्यले दुई भाषामा अनुवाद गरेकी छिन् : जापानी र अंग्रेजी ।

सुषमा आचार्यको दोस्रो कवितासङ्ग्रहका रूपमा **एक पत्र साकुरालाई** नामक कृतिलाई लिन सकिन्छ । यो २०५८ सालमा लुषप्रेस नयाँ बानेश्वर काठमाडौंमा प्रकाशन भएको थियो । उनका कविताका विषयवस्तु अर्थात् शीर्षकलाई हेर्दा **सगरमाथा मेरो देश बुद्ध  मेरो मन, मानवता, प्रेम, निगाता विश्वविद्यालय, बुझाइदेऊ, हिमाल, नारी,** **एक पत्र साकुरालाई, मन अभिनय, तिमी** आदि रहेका पाइन्छन् । यस कवितासङ्ग्रह भित्रका कविताहरूको अध्ययन तथा सामान्य विश्लेषण यसप्रकार गर्न सकिन्छ ।

आचार्यले सगरमाथा **मेरो देश बुद्ध मेरो मन** कवितामा स्वदेशप्रतिको प्रगाढ माया रहेको भाव प्रस्तुत गरेकी छिन् । विविध कारणवश विदेशिएका नेपालीहरूले आफ्नो देशलाई कसरी हृदयमा राखेर सम्झन्छन् भन्ने कुरालाई आचार्यले यस कविताका माध्यमबाट प्रस्ट पारेकी छिन् । मानवहरूमा मानवता नै नभएको विषयलाई रोजेर लेखिएको यो **मानवता** कविता समसामयिक घटनामा आधारित छ । आजको मानवीय प्रवृत्तिलाई उदाङ्गो पारिएको यो कविताले साह्रै मार्मिक र घतलाग्दो भाव/पोखेको छ । दुई युवायुवतीको वासनात्मक प्रेमको चर्चा गरिएको **प्रेम** कविताले शीर्षकलाई सार्थक बनाएको छ ।

प्रेमका बारेमा विस्तृत विश्लेषण गरिएको यस कवितामा दुई आँखा जुधेपछि मुटु घाइते भई मन र मस्तिष्क प्रभावित हुन्छ । जसबाट कल्पनाका बोटमा कोपिला एउटा सुगन्धित फूलमा परिणत हुन्छ । त्यसैको नाम प्रेम हो भन्नेभाव भएको यस कतिवामा प्रेमप्रसङ्गको मार्मिकतालाई प्रस्ट पारिएको छ । आचार्य जस्तै कैयौं

व्यक्तिहरूलाई विद्यावारिधि प्रदान गरिसकेको निगाता विश्वविद्यालय सुन्दर शान्त र विशाल भएर नै होला आफ्ना सन्ततिलाई उचित शिक्षा दिई योग्य र सक्षम नागरिक बनाउन सफल भएको, आचार्यले यस विश्वविद्यालयबाट विद्यावारिधिको ज्ञान हासिल गरेकीले उनले यसका बारेमा साह्रै मार्मिक पंक्तिहरू कोरेकी छिन् । नेताहरूलाई व्यङ्ग्य गरेर लेखिएको **बुझाइदेऊ** कविताका माध्यमबाट आचार्यले जापानी अर्थात् विदेशीहरूलाई हाम्रा देशका जनतालाई पनि तिमीहरू जस्तै मिहिनेती र साक्षर बन्न सिकाइदेऊ, उनीहरूलाई समयको महत्त्व बुझाइदेऊ भनेर आफ्नो **बुझाइदेऊ** कवितामा उनले अनुरोध गरेकी छिन् । नारीलाई सत्यम्, शिवम् र सुन्दरम्को प्रतीक मानिएको **नारी** कवितामा आचार्यले नारीका दुःख, कष्ट र उनीहरूले झेल्नुपरेका पीर, व्यथा र वेदनाहरूका बारेमा विस्तृत रूपमा चर्चा गर्दै नारीलाई मूल्य-मणिका रूपमा स्थापित गरेकी छिन् । आचार्य जापानमा रहँदा साकुरा फूल अत्यन्त राम्रो लागेको, त्यसैका माध्यमबाट जापानको भाषा, संस्कृति आदिको विश्लेषण गर्दै साकुराको सम्झनामा एउटा पत्र लेख्दै त्यसलाई आफ्नो देशका निम्ति महान् कोसेली सम्झेकी छिन् । यसरी उनले साकुराको सुगन्धित फूल र वासनालाई आफ्ना मनभरि फुलाएर यो **एक पत्र साकुरालाई** कविता लेखेको देखिन्छ । वास्तवमा मन चिन्न नसकिने वस्तु हो, मन थाम्नै नसकिने चिज हो, त्यसैले एकछिनमा कहाँ पुग्छ कहाँ थाहै पाइँदैन । यस **मन** कवितामा आचार्यले प्रेम र मनको तुलना गरेकी छिन् र मनले नै सम्पूर्ण कुरा पूरा हुने कुरा प्रस्ट पारेकी छिन् । प्रेम प्रसङ्गमा अभिनय सामान्य कुरा हो भन्ने भाव बोकेको यो **अभिनय** कविता मार्मिक र हृदयस्पर्शी रहेको देखिन्छ । स्वदेशप्रतिको माया व्यक्त गरिएको यस **तिमी** कवितामा हरेक नेपालीहरूलाई तिमी भनेर सम्बोधन गरिएको छ ।

प्रस्तुत कविताहरूमा निश्चित गण र मात्राका नियमहरूको पालना नगरी गद्य शैलीमा लेखिएकोले सरल र मार्मिक प्रकारका छन् । यो कवितासङ्ग्रहभित्रका कविताहरूमा कवि आफैले आफ्ना अनुभवहरू कोरेको कतै नारीको उत्थानमा बोलेको तथा कतै स्वदेशको बारेमा चिन्ता व्यक्त गरेकोले कतै-कतै प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको वा कविप्रौढोक्ति कथन पद्धतिको प्रयोग गरिएको पाइन्छ ।

यी कविताहरूमा कतै सुखको, कतै पीडा, करुणा र स्वदेशप्रतिको मायाको भाव पनि व्यक्त गरिएको छ । यिनमा तत्सम बहुल सरल र प्रचलित शब्दहरूको प्रयोग गरिएकाले सरलता पाइन्छ । यिनमा ललित र कलात्मक शब्दहरूको पनि प्रयोग गरिएको छ । कवितामा सामान्य रूपमा नारी उत्थानको कामनाका साथै राष्ट्रप्रतिको

अगाध प्रेम र राष्ट्रवादी धारणा पनि प्रकट गरिएको छ । यी कविताहरू आचार्यले जापानमा रहँदा लेखेकीले कतै-कतै त्यहाँको भाषा संस्कृतिको पनि झलक पाइन्छ ।

### ४.६ समालोचनात्मक कृतिको परिचय

सुषमा आचार्यले केही समालोचनात्मक पुस्तकहरू पनि लेखेकी छिन् । उनका ती समालोचनात्मक पुस्तकाकार कृतिहरू यी हुन् :

क) **माइतघरलाई चियाएर हेर्दा** (२०५३)

ख) **मुलुकबाहिर एक सर्वेक्षण** (२०५३)

ग) **नेपाली कविताको विकास वीरकालबाट भक्तिकालतिर** (२०५८)

घ) **लैनसिंह वाङ्देलका औपन्यासिक कृतिको मूल्याङ्कन** (२०५८)

ङ) **केही व्यक्ति र कृतिहरू** (२०६२)

आचार्यका उपर्युक्त समालोचनात्मक कृतिहरू बाहेक हालसम्म अरू कृतिहरू प्रकाशित छैनन् । माथि उल्लिखित समालोचनात्मक कृतिमध्ये **माइतघरलाई चियाएर हेर्दा** र **मुलुकबाहिर एक सर्वेक्षण** चाहिँ पछि गएर उनको लैनसिंह वाङ्देलका औपन्यासिक कृतिको मूल्याङ्कन नामक कृतिमा सङ्कलित छन् । त्यसैले यी दुवै कृतिको अध्ययन **लैनसिंह वाङ्देलका औपन्यासिक कृतिको मूल्याङ्कन** नामक कृतिसँगै गरिएको छ ।

उनका माथि उल्लिखित यिनै कृतिहरूको क्रमिक विश्लेषण यहाँ गरिएको छ ।

#### ४.६.१ नेपाली कविताको विकास वीरकालबाट भक्तिकालतिरको अध्ययन

यो सुषमा आचार्यले लेखेको तेस्रो समालोचनात्मक कृति हो । यस कृतिमा उनले मुख्य चार शीर्षकमा नेपाली कविताको सिङ्गो प्राथमिक कालको अध्ययन गरेकी छिन् ।

चारवटा शीर्षक मध्ये **नेपालको ऐतिहासिक पृष्ठभूमि** शीर्षक यस कृतिको पहिलो शीर्षक हो । यस शीर्षकमा आचार्यले पृथ्वीनारायण शाहले नेपाललाई एकीकरण गर्नुभन्दा अघिको नेपाल र नेपालीहरूको अवस्थाको वर्णन गर्नुका साथै मित्रराष्ट्र भारतमा अङ्ग्रेजहरूले शासन गरेको कुराको चर्चा गरेकी छिन् । यसरी यस शीर्षकमा आचार्यले पृथ्वीनारायण शाहको वीरता र नेपालप्रतिको अगाध मायाको चर्चा गर्दै अंग्रेजहरूका हातबाट नेपाललाई बचाएको कुरा यस कृतिको पृष्ठभूमिमा प्रस्ट पारेकी छिन् ।

**नेपाली कविताको विकास वीरकालबाट भक्तिकालतिर** नामक शीर्षकमा परापूर्वकालमा नेपाली कविताहरू नेपाली भाषामा नलेखिएर अन्य नेवारी, हिन्दी, अवधी, भोजपुरी र संस्कृत जस्ता विविध भाषामा लेखिएको कुरा प्रस्ट पार्नुका साथै नेपाली साहित्यको सिर्जनाको निम्ति भीमसेन थापाको प्रधानमन्त्रित्व काललाई नै श्रेयस्कर मानिएको छ । यसरी यस शीर्षकमा आचार्यले नेपाली कविताको उत्थान के-कसरी भयो भने कुरा प्रस्ट पारेकी छिन् ।

अर्को 'नेपाली साहित्यको काल विभाजन' शीर्षकमा आचार्यले नेपाली साहित्यको कालविभाजन भानुभक्तलाई मुख्य आधार मानेर गरेकी छिन् । उनले नेपाली साहित्यको कालविभाजन मुख्यतः तीन प्रकारले गरेकी छिन् ।

१. प्राक् भानुभक्त काल

२. भानुभक्तकाल

३. भानुभक्त-उत्तरकाल

आचार्यले प्राक् भानुभक्तकाललाई वीरकाल र पूर्व भक्तिकाल गरी दुई कालमा विभाजन गरी अध्ययन गरेकी छिन् । जस अन्तर्गत वीरकालमा सुवानन्द दास, साँढ्याको कवित्, शक्तिवल्लभ अर्याल र उद्यानन्द अर्याल पर्दछन् भने पूर्व भानुभक्तकाल अन्तर्गत गुमानी पन्त, इन्दिरस, दैवज्ञकेशरी, विद्यारण्य केशरी, वसन्त शर्मा, वीरशाली पन्त, हीनव्याकरणी विद्यापति, यदुनाथ पोखरेल, रघुनाथ पोखऱ्याल, शशिधर, सुन्दरानन्द बाँडा र हीरा गाइनेनीलाई राखेकी छिन् ।

भानुभक्त कालका केवल भानुभक्तलाई राखेकी छिन् भने भानुभक्त उत्तरकालमा मोतीराम, लेखनाथ, सम, देवकोटा आदि कविहरू राखेकी छिन् ।

सन्दर्भग्रन्थसूचीमा आचार्यले यो कृति लेख्दा आफूले प्रयोगमा ल्याएका सम्पूर्ण सामग्रीहरूको विवरण दिएकी छिन् ।

यसरी नेपाली साहित्यको सुरुवात वीरकालबाट भएको पाइए तापनि भक्तिकाल वीरकालको भन्दा निकै लामो आयु लिएर बाँचेको छ । भक्तिकाललाई प्राक् भानुभक्तकाल र भानुभक्त काल गरी दुई चरणमा विभाजन गरिएको यस कृतिमा उमेरले जेठा रघुनाथ भए पनि रचनाकालको समयले भानुभक्त नै जेठा भएको विषयमा चर्चा गरिएको छ । भानुभक्तलाई आदिकवि भन्नुका कारणहरू प्रस्ट पारिएको यस कृतिमा आचार्यले नेपाली साहित्यको उद्‌गम प्राथमिक कालको वीरधाराबाट हुन्छ भने प्राथमिक कालको अन्त्य भक्तिकालमा आएर हुन्छ भन्ने कुरालाई अध्ययनको

विषयवस्तु बनाई नेपाली कविताको विकास वीरकालबाट भक्तिकालतिर शीर्षकलाई सार्थक बनाएकी छिन् ।

### ४.६.२ **'लैनसिंह वाङ्‌देलका औपन्यासिक कृतिको मूल्याङ्कन' को अध्ययन**

**लैनसिंह वाङ्‌देलका औपन्यासिक कृतिको मूल्याङ्कन** आचार्यले लेखेको चौथो समालोचनात्मक ग्रन्थ हो । यसमा उनले वाङ्‌देलका तीनवटा औपन्यासिक कृतिको विभिन्न आधारमा विश्लेषण गरेकी छिन् । यस पुस्तकलाई उनले सात परिच्छेदमा विभाजन गरी वाङ्‌देलको जीवनी, व्यक्तित्व र कृतित्वको मूल्याङ्कन गर्दै उनको **मुलुकबाहिर, माइतघर** र **लङ्गडाको साथी** उपन्यासको विभिन्न कोणबाट विश्लेषण गरेकी छिन् । यस पुस्तकको अन्त्यमा उनले उपसंहार शीर्षक राखी त्यसमा वाङ्‌देलको औपन्यासिक प्रवृत्तिको मूल्याङ्कन गरी विश्लेषण गरेकी छिन् । उनको यस पुस्तकलाई यसप्रकार विश्लेषण गर्न सकिन्छ :

#### ४.६.२.१ **परिच्छेद एकको विश्लेषण**

सुषमा आचार्यले उपन्यासकार लैनसिंह बाङ्गदेलको परिचय दिने क्रममा यस पहिलो परिच्छेदमा उनको जीवनी, व्यक्तित्व र कृतित्वको सर्वेक्षण शीर्षक अन्तर्गत वाङ्गदेलको पारिवारिक पृष्ठभूमिदेखि आफ्नो जन्म, बाल्यावस्था, शिक्षा, साहित्य र कलाको साधना व्यवसाय र जागिर, उनले गरेका विविध देश विदेशका यात्रा, सम्मान र पुरस्कारका साथै उनको व्यक्तित्वका विविध पक्षहरू, स्वभाव, रुचि, उनको विवाह, दाम्पत्य जीवन र सन्तानका बारेमा प्रस्ट पारेकी छिन् । यसरी आचार्यले बाङ्गदेलको बहुआयमिक व्यक्तित्वले कला र साहित्य दुवै क्षेत्रमा योगदान पुऱ्याएको र उनको उपन्यास क्षेत्रमा विशेष स्थान रहेको कुरा प्रस्ट पारेकी छिन् ।

#### ४.६.२.२ **परिच्छेद दुईको विश्लेषण**

सुषमा आचार्यले नेपाली साहित्यको औपन्यासिक क्षेत्रमा लैनसिंह बाङ्गदेलको स्थान अविस्मरणीय रहेको कुरा यस परिच्छेदमा उल्लेख गरेकी छिन् । यसअन्तर्गत **लैनसिंह बाङ्गदेलको औपन्यासिक यात्रा** शीर्षक दिई बाङ्गदेलको उपन्यास विधातर्फको अभिरुचिदेखि लिएर उपन्यास लेखनका सिर्जनात्मक पृष्ठभूमि र प्रकाशनका साथै औपन्यासिक प्रवृत्तिको चर्चा गर्दै उपन्यास लेखनप्रतिको उत्तरवर्ती विमुखताका बारेमा समेत जानकारी दिएकी छिन् । काम न काजका धेरै उपन्यास लेखेर सङ्ख्या बढाउनु भन्दा थोरै लेखेर मौलिक रचनाको सिर्जना गर्नुपर्छ भन्ने बाङ्गदेलको विचारलाई प्रस्ट पार्दै आचार्यले नेपाली उपन्यास परम्परामा

रहेको नीतिवाद र स्वच्छन्दतावादको विकासशील प्रवाहमा नवीन यथार्थवादी प्रवृत्तिको थालनी बाङ्गदेलका उपन्यासहरूबाट भएको कुरा यस परिच्छेदमा प्रस्ट पारेकी छिन् ।

### ४.६.२.३ परिच्छेद तीन, चार र पाँचको विश्लेषण

सुषमा आचार्यले लैनसिंह वाङ्लेलका उपन्यासहरूका विश्लेषण गर्ने क्रममा नामकरण, औपन्यासिक संरचना र कथनपद्धति, कथानकको विवेचना, उपन्यासको चरित्रचित्रण, उपन्यासमा प्रकृति प्रयोग, सामाजिक र भाषिक विश्लेषणमा यस कृतिको तेस्रो, चौथो र पाँचौं परिच्छेद खर्चेकी छिन् । यसअन्तर्गत उपन्यासकार बाङ्गदेलका तीनवटै उपन्यासलाई एउटै विश्लेषणको आधरमा प्रस्ट्याउन खोजेकी छिन् । यसरी आचार्यले यो तीन परिच्छेदमा क्रमशः उपन्यास, कथा, कविता, यात्रा, जीवनी र कलामा रहेको अनेकतालाई समेटी एकता उन्मुख बाङ्गदेलले गराएको, बाङ्गदेलले उपन्यासलेखनलाई फ्रान्सेली साहित्यको हाराहारीमा पुऱ्याएर नेपाली उपन्यासको स्तर उच्च बनाएको र नेपाली उपन्यासलाई यथार्थवादको मूल प्रवाहमा बगाउँदै अति यथार्थवादको सूत्रपात बाङ्देलबाट भएको कुरालाई प्रस्ट पारेकी छिन् ।

### ४.६.२.४ परिच्छेद छ को विश्लेषण

आचार्यले नेपाली साहित्यको क्षेत्रमा उपन्यासको सर्वोपरि स्थान रहेको देखाउँदै यस परम्परामा लैनसिंह बाङ्गदेलका औपन्यासिक प्रवृत्तिको चर्चा यस छैठौं परिच्छेदमा आएर गरेकी छिन् । उनले बाङ्गदेलका प्रवृत्तिमा धारागत प्रवृत्तिका साथै कथावस्तुगत मूल प्रवृत्तिदेखि लिएर चरित्रचित्रणगत मुख्य प्रवृत्ति, सामाजिक चित्रणको मुख्य प्रवृत्ति, भाषाशैलीगत वैशिष्ट्य लगायत संरचना र कथनपद्धति सम्बन्धित मुख्य प्रवृत्तिहरूसम्मको सूक्ष्म अध्ययन गरेकी छिन् ।

### ४.६.२.५ परिच्छेद सातको विश्लेषण

आचार्यले उपन्यासकार लैनसिंह वाङ्गदेललाई नेपाली साहित्यको औपन्यासिक क्षेत्रमा स्थापित व्यक्तित्वका रूपमा उभ्याउँदै यस सातौँ परिच्छेदमा उनले बाङ्गदेलका औपन्यासिक योगदानका बारेमा चर्चा गरेकी छिन् । नेपाली उपन्यासका क्षेत्रमा बाङ्गदेलको स्थान निर्धारण गर्दै नेपाली उपन्यासका फाँटमा उनको आगमनले एकछत्र पूर्वीय प्रभावलाई पर सारेर युरोपेली साहित्यकारको नजिक पुऱ्याएको प्रसङ्ग आचार्यले यस परिच्छेदमा प्रस्ट पारेकी छिन् ।

### ४.६.२.६ उपसंहार : अन्तिम निष्कर्षको विश्लेषण

सुषमा आचार्यले यस उपसंहारमा उनले बाङ्गदेलका जीवनी, व्यक्तित्व र औपन्यासिक कृतिहरूका बारेमा गरेको अध्ययनको सार खिच्दै बाङ्गदेलले नेपाली

उपन्यास परम्परालाई दिएको योगदान र उनका औपन्यासिक प्रवृत्तिहरूका बारेमा प्रस्ट पारेकी छिन् । उनले यस शीर्षकमा परिच्छेद एक, दुई गर्दै सातवटै परिच्छेदको निचोड दिएकी छिन् भने अन्त्यमा आफूले यस पुस्तकको अध्ययन र विश्लेषणमा प्रयोग गरेका सन्दर्भहरूको विवरण प्रस्तुत गरेकी छिन् ।

### ४.६.३ **'केही व्यक्ति र कृतिहरूको' अध्ययन**

**केही व्यक्ति र कृतिहरू** सुषमा आचार्यको पाँचौं अर्थात् अन्तिम समालोचनात्मक कृति हो । यस कृतिमा आचार्य कुनै एउटा व्यक्ति वा कृतिमा केन्द्रित नभई विभिन्न व्यक्ति र विभिन्न विधाका विविध कृतिहरूको व्याख्या विश्लेषण गर्ने कार्यमा लागिपरेकी छिन् । यस **केही व्यक्ति र कृतिमा** उनले चार शीर्षकमा एघार उपशीर्षक राखेर अध्ययन तथा विश्लेषण गरेकी छिन् ।

पहिलो शीर्षक अन्तर्गत व्यक्ति परिचय राखेकी छिन् भने यसमा पनि **मेरो दृष्टिमा वासुदेव शर्मा लुइँटेल, उपन्यासकार श्री वि.प्र. कोइरालालाई एक सम्भनापत्र, साहित्य र कलाका साधक लैनसिंह बाङ्गदेल** उपशीर्षकमा विभिन्न व्यक्तित्वको चर्चा गरेकी छिन् । यसलाई यसरी विश्लेषण गर्न सकिन्छ :

मानवताका पुजारी वासुदेव शर्मा लुइँटेल आफू सधैं हाँस्ने र दुःखको भारी लिएर आउने सबैलाई हँसाउने महान् व्यक्ति थिए । पुरस्कार र सम्मानप्रति खासै रुचि नराख्ने उनी समाजका प्रतिष्ठित र उपेक्षित व्यक्तिहरूका जीवनी लेख्न लगाउने, प्रकाशित गरिदिने, फोटो खिच्ने र तिनका बोलीलाई टेपमा भरेर सुरक्षित राख्ने जस्ता समाजसेवाका कार्य गर्न उत्सुक हुन्थे भनी आचार्यले आफ्ना पिता वासुदेव शर्मा लुइँटेलका बारेमा प्रस्ट पारेकी छिन् ।

सुषमा आचार्यको व्यक्ति परिचय अन्तर्गतको अर्को लेख **उपन्यासकार वि.प्र. कोइरालालाई एक सम्भना पत्र** हो । यो लेख उपन्यासकार वि.प्र.ज्यूलाई हार्दिक नमस्कार गर्दै पत्रात्मक शैलीमा लेखिएको छ । यसमा आचार्यले विश्वेश्वरप्रसाद कोइरालाले नेपाली साहित्यमा दिएको योगदान र नेपाली समाजमा गरेको त्यागको वर्णन कलात्मक तरिकाले गरेकी छिन् ।

**साहित्य र कलाका साधक लैनसिंह बाङ्देल** शीर्षक अन्तर्गत बहुमुखी प्रतिभाका धनी लैनसिंह बाङ्देल सानैमा मातृस्नेहबाट बञ्चित रहेपनि सहनशील, गम्भीर र इमान्दार स्वभावले गर्दा नै आफ्नो सम्पूर्ण जीवन साहित्य र कलासाधनामा होमी नेपाली साहित्यलाई विश्वको उच्च उचाईमा पुऱ्याएको कुरालाई प्रस्ट पारेकी छिन् ।

यसैगरी भाषा शीर्षकमा **भाषासाहित्यको उत्थान** उपशीर्षक अन्तर्गत कुनै पनि देशको राष्ट्रियताको विकासमा त्यस देशको भाषा र साहित्यले ठूलो बल पुऱ्याएको हुन्छ भने झैं आचार्यले यस शीर्षकमा भाषा र साहित्य सम्बन्धी चिन्तन गरेकी छिन् । नेपाली भाषा नेपालीहरूको राष्ट्रिय एकताको प्रतीक भएकोले यो राष्ट्रभाषा बन्न सफल भएको कुरा प्रस्ट पार्दै यस भाषालाई हुर्काउन बढाउन सबै नेपालीको उत्तिकै योगदान रहेको कुरा प्रस्ट पारेकी छिन् ।

आचार्यले **शिक्षा** शीर्षकमा **नेपालको शैक्षिक अवस्था** उपशीर्षक अन्तर्गत कुनै पनि राष्ट्रको सर्वाङ्गीण विकासमा त्यस देशको शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्ने भएकोले शिक्षाको उज्यालो ज्योतिबाट कोही पनि बञ्चित हुन नपरोस् भनी उनले शिक्षाको महत्त्व यस लेखमा उल्लेख गरेकी छिन् । एक्काइसौं शताब्दीमा पनि नेपालको साक्षरता ४८% मात्र हुनु दुःखद् कुरा हो भन्दै आचार्यले यस प्रतिशतलाई बढाउन शिक्षा प्रणालीमा समयानुकूल परिवर्तन गरी दक्ष र कुशल विज्ञबाट आवश्यक ठोस नीति अपनाई अगाडि बढ्नु उचित हुने कुरा प्रस्ट पारेकी छिन् ।

आचार्यले **हिन्दू धर्ममा नारी शिक्षा** उपशीर्षकमा नारीमा त्याग, तपस्या, धैर्य, पतिव्रता, सहनशीलता, आदर्श, मर्यादा, कर्तव्यपरायणता र वात्सल्यता आदि गुण हुन्छन् । नारीविना पुरुषार्थ प्राप्त गर्न सकिँदैन किनभने सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता नारी हुन् भन्दै नारीको महत्ता दर्शाउँदै सीता, सावित्री, सती, गार्गी, मैत्रेयी आदि देवीहरूले मृत पतिहरूलाई जीवन दिएकाले नारीको महत्ता हिन्दूधर्ममा व्यापक र विस्तृत रहेको कुरा आचार्यले यस लेखमा उल्लेख गरेकी छिन् ।

**कृति समीक्षा** गर्ने क्रममा **अलिखित** उपन्यासका प्रमुख पात्रहरू **अझै दैलो उघारै छ, पहाडीको कृति** आदि उपशीर्षक राखी अध्ययन विश्लेषण गरेकी छिन् ।

२०४० सालको मदन पुरस्कार विजेता ध्रुवचन्द्र गौतमले **अलिखित** उपन्यासमा सामाजिक विकृति, विसङ्गति, अन्याय र अत्याचारलाई प्रस्तुत गरी नवीन प्रयोगात्मक शैली अपनाएको कुरा प्रस्ट पारेकी छिन् । यस उपन्यासमा नेपालको मानचित्रमा नरहेको बिरहिनपुर बरेवा गाउँको चर्चा गरिएको छ । बाह्रै महिनामा अलग-अलग पात्र र तिनको चरित्रहरूले त्यस गाउँको रहनसहन, भेषभूषा, धर्म, संस्कृति, हावापानी र जनताको क्रियाकलापको सूक्ष्म अवलोकन गरी यी पात्रहरू स्वयम्ले पनि आफ्ना क्रियाकलापलाई छर्लङ्ग पारेको कुरा आचार्यले उल्लेख गरेकी छिन् ।

**अझै दैलो उघारै छ** उपशीर्षक अन्तर्गत नारीद्वारा नारीकै समस्याहरूलाई लिएर लेखिएका चौधवटा कथाहरू समेटेर लेखिएको कथासङ्ग्रह हो । यसमा लेखकले नेपाली

समाजका विभिन्न क्षेत्रका विषयवस्तु टिपेर वर्णनात्मक शैलीमा सजीव ढङ्गले प्रस्तुत गर्नुका साथै समाजमा विद्यमान विकृति, विसङ्गति र कुरीतिहरूलाई औंल्याउँदै सुधारका निम्ति प्रयास गर्नुपर्ने कुरामा आचार्यले सचेत गराएकी छिन् ।

**पहाडीको कृति** उपशीर्षकमा किशोर पहाडीद्वारा लिखित **शहरमा बत्ती निभेको बेला** कवितासङ्ग्रह चारभागमा विभक्त छ । यसमा कविता, मुक्तक, गीत तथा बाल भावनाहरूमा कविता, मुक्तक र गीतमा समान भावना पाइन्छन् भने बालसुलभ प्रकृतिको चित्रण छ भन्दै आचार्यले वर्तमान नेपाली समाजमा देखापरेका विकृति, विसङ्गति, राजनीतिप्रति व्यङ्ग्य गर्दै यसलाई सुधार गर्नका लागि पथप्रदर्शक बन्न जनताहरूलाई अनुरोध गरेकी छिन् ।

यसैगरी **ऐतिहासिक महत्त्वको सङ्ग्रह** उपशीर्षक अन्तर्गत उच्च खानदानमा जन्मिएर पनि सामाजिक आर्थिक रूपले पिछडिएका वर्गप्रति सहानुभूति राख्ने लेखक द्वयद्वारा लेखिएको निबन्धसङ्ग्रह 'शिला खोजेको थुप्रै र अन्य केही' हो । यस सङ्ग्रहभित्रका निबन्धमा निबन्धकार द्वयले भाषिक, धार्मिक, सामाजिक तथा राजनैतिक क्षेत्रमा आएको विचलनलाई औंल्याउँदै समयमा नै सबैलाई व्यक्ति र समाजलाई सुधार गर्नुपर्ने आवश्यकता भएको कुरा प्रस्ट पारेकी छिन् ।

अर्को लेख मनोहराको **घाँसको फूल** एक विवेचना उपशीर्षक अन्तर्गत मनोहरद्वारा लिखित **घाँसको फूल** कविता सङ्ग्रहको अध्ययन विश्लेषण सुषमा आचार्यले गरेकी छिन् । यस कविता सङ्ग्रहभित्र मनोहराले नेपाल राष्ट्र र नेपालीप्रति अटल, आस्था, सद्भाव माया दर्शाउँदै नारी मूल्य, महत्ता, नारी जागरण र मुक्तिका स्वर घन्काउनुका साथै प्रेम-प्रणय, मिलन विछोड जस्ता रागात्मक पक्षको वर्णन गरेको कुरा आचार्यले प्रस्ट पारेकी छिन् । भक्ति भावमा आधारित कविता पनि यस सङ्ग्रहमा भएकाले यहाँ आध्यात्मिकताको पनि छनक पाइएको चर्चा आचार्यले गरेकी छिन् ।

यसरी सुषमा आचार्यको **केही व्यक्ति र कृतिहरू** नामक कृति कुनै एउटा व्यक्ति वा कृतिमा केन्द्रित नभई विभिन्न व्यक्ति र विभिन्न विधाका विविध कृतिहरूको व्याख्या विश्लेषण गरी उनी एक असल समालोचक बन्न सफल भएकी छिन् ।

## ४.७ 'निर्णय' उपन्यासको विश्लेषण

### ४.७.१ सामान्य परिचय

**निर्णय** सुषमा आचार्यले रचना गरेको उपन्यास हो । यो उनको मौलिक उपन्यास हो । उनले यस उपन्यासमा सृष्टिका दुई रूप नारी र पुरुषका बीच व्याप्त सामाजिक असमानतालाई चिरफार गरेर देखाउँदै नारीप्रति राखिने सङ्कीर्ण सामाजिक

सोचाईको विरोध गरेकी छिन् । जन्मैदेखि गरिने लैङ्गिक विभेद, बालविवाह अनमेल विवाह तथा नारीलाई शिक्षा तथा चेतनाबाट बञ्चित गरिने परिपाटीप्रति विरोध गरिएको यस उपन्यासमा पूर्व र पश्चिम दुवैतिरका पौराणिक तथा ऐतिहासिक सन्दर्भबाट नारीको सम्पन्न र दयनीय अवस्थाको तुलनात्मक चित्र प्रस्तुत गर्दै नारी शक्तिको महिमागान गरिएको छ । यस उपन्यासलाई उपन्यास तत्त्वका आधारमा विश्लेषण गर्नु बाञ्छनीय हुन्छ ।

उपन्यासका तत्त्वहरू के-कति छन् भन्ने बारेमा विद्वान्हरूका बीच विविध मतमतान्तर रहेको छ । यस उपन्यासलाई निम्नलिखित तत्त्वहरूका आधारमा विश्लेषण गरिएको छ । जुन यसप्रकार रहेका छन् :

कथानक, चरित्र (प्रमुख पात्र, सहायक पात्र, गौण पात्र), परिवेश, द्वन्द्व, भाषाशैली, कौतुहल ।

### ४.७.२ कथानक

कथानक उपन्यासको महत्त्वपूर्ण तत्त्व हो । यो विभिन्न किसिमका सामान्य र जटिल घटनाहरूको योगबाट बनेको हुन्छ । घटनाहरूलाई एक अर्कोसित उनेर सम्बन्ध जोर्ने र सुसङ्गठितता प्रदान गर्ने काम कथानकले गर्दछ ।[११] घटनाप्रधान उपन्यासमा यसको महत्त्वपूर्ण स्थान रहने भएपनि हिजोआज यसको महत्त्व कम भएको छ । वर्तमान समयमा कथानकहीन उपन्यासहरूले ज्यादा महत्त्व पाउन थालेका छन् ।

यस **निर्णय** उपन्यासको कथानक प्रमुख नारी पात्र सागरीकै केन्द्रीयतामा घुमेको पाइन्छ । बिहान चार बजेबाट सुरु भई, रातको एघार बजे यस उपन्यासको कथानक अन्त्य हुन्छ । सागरीको मानसिक द्वन्द्व, नेपालीको अनुदार सामाजिक पारिवारिक दृष्टिकोण, आमाबुवाले सानैमा मामा-माइजूलाई सुम्पनु र मामा-माइजूको टोकासो, धर्मार्थ विवाह सागरीकै बैधव्य बन्न पुगेका छन् । दुलहाले सागरीसँगको विवाहलाई यान्त्रिक विवाह भनी सागरीलाई अपहेलना गरेकाले उसले दुलहाको घर त्यागेर आकाशको न्यानो अङ्गालोमा बाँधिन पुग्नु, शशिकहाँ बस्ने क्रममा जीवनयापन गर्नलाई स्कूलमा पढाउन थाल्नु, केशवबाबूको उपदेशले समाजसेवा गर्न थाल्नु जस्ता यस उपन्यासका महत्त्वपूर्ण घटनाहरू रहेका छन् । त्यसैगरी केशवसेवा प्रतिष्ठान नामक संस्थाको लोकप्रियताका कारण स्वदेश तथा विदेशमा यसले ख्यातिप्राप्त गऱ्यो र यसै सिलसिलामा आकाश गोष्ठीमा भागलिन बेलायत जान्छ भने यता सागरीलाई

[११] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार**, ते.सं., काठमाडौं : साझा प्रकाशन, २०५२), पृ. ७ ।

प्रसव पीडाले सताउँछ । आकाश आउने खुसीमा बसेकी सागरीले प्लेन दुर्घटनामा आकाशको मृत्यु भएको खबर सुन्छे । जीवनमरणको दोसाँधमा रहेकी सागरीका गर्भबाट नव शिशु क्षितिजको जन्म हुन्छ जसको मुख हेरेर सागरी समाजसेवी भई बाँच्ने प्रण गर्दै यस उपन्यासमा कथानकको अन्त्य भएको छ ।

### ४.७.३ चरित्र

उपन्यासमा कुनै विशेषता बुझाउन व्यवस्थित रूपमा प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिनको लागि चरित्रको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । चरित्र व्यक्ति जीवनको बाह्य र आन्तरिक प्रवृत्तिहरूको मूल व्यञ्जनासित सम्बद्ध हुने हुनाले यसको चित्रणमा व्यक्ति जीवन स्वयम् मनुष्य र उसको बृहत्तर सत्य हो, जसको अध्ययन गर्नु उपन्यासको अभीष्ट ठहरिन्छ । वर्तमान समयका उपन्यासहरू कथानकहीन र चरित्रप्रधान भएकोले यसको महत्त्व अझ बढ्न गएको देखिन्छ ।

यस उपन्यासमा विविध पात्रहरूको प्रयोग गरिएको छ । यसमा सागरी र आकाश जस्ता प्रमुख पात्रहरूका साथै अन्य सहायक र गौण पात्रहरूको पनि प्रयोग गरिएको छ । तिनीहरूको चरित्र चित्रण यसप्रकार गर्न सकिन्छ ।

#### ४.७.३.१ प्रमुख पात्रहरू

##### ४.७.३.१.१ सागरी

सागरी यस उपन्यासकी प्रमुख नारीपात्र हो । ऊ हँसिली उज्यालो अनुहार भएकी, अनारका दानाझैं चट्ट मिलेका दाँत, सजिलै अरूको मन हरण गर्न सक्ने भएकी अप्सराझैं लाग्ने सागरी धर्मार्थ विवाहपछि श्रीमानबाट अपहेलित बन्न पुगेकी छ । शिक्षिका, समाजसेवी बनेकी सागरी प्रथम वैवाहिक जीवन दुःखदायी भएपछि आकाशसँग दोस्रो विवाह गर्न पुग्छे । समाजसेवाकै क्रममा विदेशबाट आउँदा बाटोमै आकाशले मृत्यु वरणगरेपछि सागरीको जीवन झनै कष्टकर बन्दछ । हिम्मत र साहस मनमा राखी बालक क्षितिजको मुख हेरेर समाजसेवा गर्दै सुखद् जीवन यापन गर्ने असल चत्रिका रूपमा यस उपन्यासमा सागरी देखापर्दछे ।

##### ४.७.३.१.२ आकाश

लगनशील, परिश्रमी, शिक्षित, खाइलाग्दो आकाश निर्णय उपन्यासको प्रमुख पुरुष पात्र हो । आफ्नो कर्तव्य र दायित्वलाई पूरा गर्ने आकाश सागरीको असल श्रीमान हो । आकाश नारीलाई सम्मान गर्ने असल प्रेमी पनि हो । अन्तर्राष्ट्रिय

सेमिनारमा भाग लिई बेलायतबाट फर्कने क्रममा प्लेन दुर्घटनामा परी मृत्युलाई अँगाल्ने आकाश कर्मठ समाजसेवी र निर्भीक व्यक्तित्वका रूपमा यस उपन्यासमा चिनाइएको छ ।

### ४.७.३.२ सहायक पात्रहरू

केशवबाबु यस **निर्णय** उपन्यासका सहायक पात्र हुन् । 'सङ्घर्ष नै जीवन हो । कहिल्यै हरेस खानु हुँदैन' भन्ने केशवबाबू राष्ट्रवादी समाजसेवीका रूपमा देखापर्दछन् ।

बस्नेत काजी अवकाश प्राप्त कर्णेल हेमबहादुर बस्नेतको एक्लो छोराको वास्तविक नाम हिमाल बस्नेत हो । धनाढ्य बाबुको एक्लो छोरो कुलतमा लागेर विग्रिएको ऊ यस उपन्यासको प्रतिकूल खल पात्रका रूपमा रहेको देखिन्छ । सागरीसँगको विवाहलाई यान्त्रिक खालको मानेर उसलाई माया नगर्ने बस्नेत काजी बाहिर प्रेमिका राखी मोज गर्ने र सागरीलाई घरबाट निस्कन बाध्य पार्ने असत् पात्रका रूपमा रहेको छ ।

सेनाको उच्च तहमा काम गरेको हेमबहादुर कर्णेल र कर्णेल्नी यस उपन्यासका सहायक चरित्र हुन् । एउटै मात्र सन्तान रहेका यी दम्पतिले पुत्रलाई नियन्त्रणमा राख्न नसकेकाले आफैं दुःखित बन्न पुगेका छन् । छोराको प्रेमिकाबाट पुत्र जन्मेको सुनेपछि घरकी बुहारीलाई हेला गर्ने परिवर्तनशील चरित्रका रूपमा देखापर्दछन् ।

### ४.७.३.३ गौण पात्रहरू

प्रमुख र सहायक पात्रका अतिरिक्त यस उपन्यासमा केही गौण पात्रहरू पनि रहेका छन् । यस उपन्यासका गौण पात्रहरूमा कर्णेलका घरमा काम गर्न आउने लता, सागरीकी साथी शशी र उसको श्रीमान राजेश, सागरीसँग काम गर्न बस्ने माया, सागरीकी घनिष्ठ साथी महिमा, स्कुलका साथीहरू, आकाशको अभिन्न मित्र शैलेश, केशवबाबुका तीन छोराहरू र नाति विवेक, शिक्षक सन्तोष, शेखर, रमेश, सागरीको छोरा क्षितिज छिमेकीहरू, इष्टमित्र, बुद्धिजीवी, राजनीतिज्ञ र समाजसेवी आदि रहेका छन् । उनीहरू उपन्यासमा उपस्थित भए पनि कथावस्तुमा कसैले महत्त्वपूर्ण प्रभाव पार्न सकेका छन् भने कसैले प्रभाव पार्न सकेका छैनन् ।

### ४.७.४ परिवेश

उपन्यासमा पात्रहरूले कार्य गर्ने वा घटना घटित हुने स्थान, समय र त्यसको मानसिक प्रभावलाई परिवेश भनिन्छ । यसभित्र देशकाल र वातावरण पर्दछन् । यसलाई पर्यावरण, वातावरण, परिवृत्त वा परिधि पनि भन्ने गरिन्छ । यस अन्तर्गत कुन

स्थानमा कुन समयमा घटना घटित भयो र त्यसले कस्तो खालको प्रभाव छाड्यो भन्ने कुराको अध्ययन गरिन्छ । देशकालको तात्पर्य वातावरणको कुनै सीमा हो, जसको परिवेश अन्तर्गत उपन्यासले आफ्ना संसार सृष्टि गर्छ ।[१२]

विहान चार बजेबाट सुरु भएर बेलुकी एघार बजे अन्त्य भएको यस उपन्यासमा काठमाडौं, बैङ्कक र बेलायतका साथै अन्य विभिन्न स्थानहरूको तात्कालीन सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक आदि परिवेशको चित्रण गरिएको छ । वुहार्तन, हैकम, बहुपत्नी, कुलतमा फसेका युवाहरूको जमात, बढ्दो सहरीकरण, रुढि, परम्परावादी समाजको विकृति विसङ्गति आदिको चित्रण यस उपन्यासमा गरिएको पाइन्छ ।

**४.७.५ द्वन्द्व**

कथानक र चरित्रलाई क्रियाकलापसँग आबद्ध गराएर अभिव्यक्ति दिने तत्त्व द्वन्द्व हो । मोटमोटी रूपमा द्वन्द्वलाई आन्तरिक र बाह्य गरी विभाजन गरे पनि यो तीन तहमा विभक्त हुन्छ ।

यो उपन्यास मूलतः सामाजिक उपन्यास भए पनि यसमा आन्तरिक र बाह्य दुवै किसिमका द्वन्द्व निकै तीव्र बन्न पुगेको छ । यस उपन्यासमा सागरीको मानसिक द्वन्द्वलाई प्रमुख द्वन्द्वका रूपमा लिइएको छ । त्यसैगरी सागरीको साथी महिमाले विवाह नभएको बूढीकन्या भनी अनेकन मानसिक द्वन्द्व खेप्नुपरेको छ । केशवबाबू जस्तो स्वतन्त्र राजनीतिक व्यक्तित्वको लाशमाथि विभिन्न पार्टीका नेताहरूले गरेको तछाडमछाड देख्दा यस उपन्यासमा बाह्य द्वन्द्वका रूपमा राजनीतिक द्वन्द्व सवल रहेको छ । सागरीले समाज र जनतासँग द्वन्द्व गरेर एउटा नयाँ समाजको निर्माण गरेको प्रसङ्गलाई पनि बाह्य द्वन्द्वका रूपमा लिन सकिन्छ । त्यसैगरी यस उपन्यासभित्र सागरीको बाल्यावस्थादेखि यौवनावस्थासम्मका विविध उतारचढाव र उसले भोग्नुपरेका अनेकन द्वन्द्वहरूको चर्चा गरिएको पाइन्छ यो पक्ष नै यस उपन्यासको द्वन्द्वको सबल पक्ष हो ।

**४.७.६ भाषाशैली**

उपन्यासलाई भाषाका माध्यमबाट मूर्त रूप दिइन्छ भने भाषाकै कारण उपन्यास शक्तिशाली बन्दछ । साहित्यमा प्रचलित भाषिक रूपलाई छाडेर नवीन भाषाको खोजी गरे पनि उपन्यासमा कवितामा जस्तो अत्यधिक विचलनको भाषा भने

[१२] कमला न्यौपाने, **उसको सपना**, (काठमाडौं : साझा प्रकाशन, २०३४) ।

प्रयोग गरिँदैन । भाषा बिम्बात्मक र प्रतीकात्मक किसिमको हुनुपर्छ । भाषालाई उपन्यास रचनाको यथार्थिक स्वभाविक र शिल्पगत सम्भावना विस्तार गर्ने शक्तिका रूपमा स्वीकार गरिएको छ । भाषिक प्रयोगको कलालाई नै शैली भनिन्छ । उपन्यासको शैली आकर्षक, रोचक तथा कलात्मक हुनुपर्छ ।

यो उपन्यासमा सरल, सरस र सहज किसिमको भाषाको प्रयोग गरिएको छ । यस उपन्यासमा शैली र शब्दचयनका क्रममा उद्दीपन, निर्घृणी जस्ता संस्कृत शब्द प्रयोग भएका छन् भने उखानटुक्काको प्रयोग पनि ठाउँठाउँमा भएको देखिन्छ । यस उपन्यासको भाषामा प्रतीक र बिम्बबिधानको प्रचुरता पाइनुका साथै तिनमा कुनै सर्वसाधारण बोलचालबाट आएका हुन्छन् भने कुनै उखानटुक्का, गीत र लोकगीतबाट झिकिएका छन्, जस्तै : इन्द्रेणी सपना जस्तो विवाहको कल्पना, नुन खाएको कुखुरा जस्तो, मरुभूमिमा क्याक्टस आदि पाइन्छ । मौलिक उपजका बिम्बहरूमा श्री खण्ड दलेजस्तो शीतल, बोटैमा सुकेर झर्न लागेको पात जस्तो, फलाम जति ठोक्यो उति बलियो भएजस्तो मन पनि हो आदि रहेको पाइन्छ । यस्ता बिम्बहरूले यस उपन्यासुको अभिव्यक्तिलाई मिठासपूर्ण, स्पष्ट र प्रभावकारी बनाएको देखिन्छ । यसरी यस उपन्यासमा सर्वसाधारण व्यापकताका बहुविध अभिव्यक्तिहरूले अर्थात् भाषाशैलीले जनजीवनको प्राञ्जल, सुवोध सुमधुर र जीवन्त नेपाली वाग्धारालाई समातेको छ ।

### ४.७.७ कौतूहल

उपन्यास आकारका दृष्टिले बृहत् कायको हुन्छ र यसमा एउटा मूल कथाका वरिपरि प्रशस्त सहायक र उपसहायक कथाहरू समेटिएका हुन्छन् । यस शृङ्खलालाई उपन्यासमा कुतूहलताले गाँसेको हुन्छ । 'अब के होला', 'अनि के भयो होला' जस्ता तरङ्गहरू मनमा जगाई राख्ने तत्त्व नै कौतूहल हो ।

यस उपन्यासमा सागरीको बाल्यावस्थादेखि यौवनावस्थासम्मका विविध उतार चढावको चर्चा गरिएको र ती अवस्थाहरूमा उसले लिएका अनेक किसिमका निर्णयका प्रसङ्गहरूको चित्रण गरिएको पाइन्छ । सागरीलाई बाल्यावस्थामा नै उसका बाबुआमाले मामामाइजूलाई दिन्छन् त्यसपछि उसको जीवनले कस्तो मोड लेला ? सागरी आफ्ना कर्म घर गएपछि सुख पाउँछे कि दुःख ? उसको जीवनले कस्तो मोड लिन्छ होला ? उसको पहिलो विवाह असफल भएपछि अर्को विवाह गर्छे कि गर्दिन होला ? सागरीले आकाशसँग विवाह गरेपछि उसको जीवनले कस्तो मोड लिन्छ होला ? आकाश बैङ्कबाट फर्कन्छ कि फर्कदैन होला ? जस्ता अनेक खुल्दुलीहरू पाठकका मनमा उब्जिने गर्छन् । यस उपन्यासमा अत्यधिक कुतूहलता भएका कारण

पाठकले पठन सुरु गरेपछि एकै बसाइमै सिध्याइहाल्नुपर्ने हतारको महसुस गर्छ । अन्त्यमा आकाशको मृत्य भएतापनि सागरीको जीवन सुखमय-सम्पन्न र छोरा क्षितिज कानुनविद् भएको प्रसङ्ग पश्चात यी सबै किसिमका खुल्दुलीहरू समाप्त हुन्छन् र उपन्यासको पनि अन्त्य हुन्छ ।

### ४.७.८ निष्कर्ष

सुषमा आचार्यको साहित्यिक यात्राका क्रममा देखापरेका अनेकन पुस्तकाकार कृतिहरूमध्ये प्रस्तुत **निर्णय** उपन्यास पनि एउटा कृतिका रूपमा रहेको छ । यो उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो । यसमा नेपाली सामाजिक परिवेशमा घट्न सक्ने घटना प्रस्तुत गरिएको छ । यस उपन्यासमा मानिसको जीवनमा घट्ने विभिन्न किसिमका मोडहरूका साथै आफूले खोजेका चिजबाट बञ्चित हुनु परेका अवस्थाको पीडा पनि पाउन सकिन्छ । मूलतः सागरीको जीवनमा केन्द्रित यस उपन्यासमा उसका जीवनसँग सम्बन्धित हुन आउने अत्यधिक पात्रहरूको कम तर प्रभावकारी भूमिका रहेको पाइन्छ । यस उपन्यासमा सहरिया परिवेशमा आधुनिकता र राजनीतिका नाममा देखिएका विकृति विसङ्गति शोषण आदिको चित्रण पाइन्छ । यस उपन्यासले महिला-पुरुषको सामाजिक र वैयक्तिक चरित्र निर्माण गर्नुका साथै यौनमनोविज्ञान त्यसमा पनि महिलाको अन्तरकुन्तरमा पसी निकै राम्रो र संवेदित चित्रण गर्दै सम्मानपूर्वक मातृत्वभावजन्य रतिरागोन्मुख शृङ्गाररसको चयन गरेको छ ।

त्यसैगरी वास्तवमा जीवन एक सकारात्मक आ-आफ्नै किसिमको सुखान्त भोगाइ, बगाइ हो भगाइ होइन भनी स्वीकार गर्दै आत्मसात् गर्नुपर्छ भन्ने महान् सन्देश यस उपन्यासबाट पाइन्छ । यो उपन्यास आकारमा छोटो (सानो) भएपनि विशद् किसिमले अर्थपूर्ण, व्यापक, प्रतिनिधिमूलक र विस्तृत एक नवमानवीय सफल तथा चर्चित कृति हो भन्न सकिन्छ ।

## ४.८ बालसाहित्यको परिचय

शारीरिक र मानसिक विकासपूर्ण रूपले नभईसकेका भाषिक क्रियाकलापलाई भने सजिलै बुझ्न सक्ने क्षमता भएकालाई सामान्यतया बालक भनिन्छ ।[१३] जीवनजगत्का विभिन्न विषय, विचार र मानवीय मनोभावहरूको अभिव्यक्ति गरी भाषिक कलाका रूपमा रचिने साहित्यका अनेक प्रयोजन छन् । तीमध्ये साहित्यको पाठक, आस्वादक, मानवका उमेर, समूहमध्ये बालक उमेरका पाठक आस्वादकहरूका

---

[१३] महादेव अवस्थी, **बालसाहित्यका विधा र तिनको लेखन प्रक्रिया** (काठमाडौं : एकता प्रकाशन, २०६५), पृ.७ ।

निम्ति रचिने साहित्य नै बालसाहित्य भएको हुँदा यसलाई साहित्यकै पनि प्रयोजनपरक एक प्रकार मानिन्छ । बालसाहित्य भन्नाले त्यो साहित्य हो जो भाषा, विषय शैली, प्रस्तुति सबै दृष्टिबाट बालबालिकाका रुचि र ग्रहण क्षमता अनुरूप रचिएको हुन्छ ।

### ४.८.१ बालकथाको परिचय

बालकका निम्ति वा बालकलाई लक्षित गरी भनिएको, रचिएको कथा नै बालकथा हो । बालबालिकालाई मनोरञ्जन दिनका लागि सरल, सहज गद्यात्मक भाषाशैलीमा लेखिएको छोटो, मीठो र कलात्मक कथा नै बालकथा हो, जुन उनीहरूको रुचि र ग्रहण गर्ने क्षमता अनुरूप कथा लेखिएको हुन्छ ।

सुषमा आचार्यको **चन्द्रमामा खरायो** बालकथासङ्ग्रह जापानी लोककथाहरूको अनुवाद र रूपान्तरित रूप हो । यस कथासङ्ग्रहमा आचार्यले जापानी लोककथाहरूको अनुवाद गरेर एउटै रचनाबाट नेपाली लोकसाहित्य र बालसाहित्यका क्षेत्रमा योगदान पुऱ्याएकी छिन् । यो यस कृतिको उल्लेखनीय पक्ष हो । यस बालकथासङ्ग्रह भित्र ११ वटा कथाहर सङ्कलित छन् । दयाराम श्रेष्ठले उल्लेख गरेका निम्नलिखित तत्त्वहरूका आधारमा बालकथाको विश्लेषण गरिन्छ । १) कथावस्तु, २) पात्र ३) संवाद/ कथोपकथन ४) देशकाल र परिस्थिति, ५) भाषाशैली ६) उद्देश्य ।[१४]

बालकथामा हुनुपर्ने आवश्यक तत्त्वहरूको विश्लेषण :

### ४.८.२ कथानक/कथावस्तु

कथानक भनेको कथामा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो । यसमा आउने घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् । बालकहरूका लागि सरल कथानक भएको घटना प्रधान कथा राम्रो मानिन्छ भने ठूलाका लागि उत्सुकता जगाउने खालका कथानक राम्रो हुन्छ । पशुपंक्षी वरपरको वातावरणजन्य घटना र असम्भव कुरालाई सम्भव बनाउने खालको कथानक नै बालकहरूका लागि उपयुक्त हुन सक्छ भने बालकहरूमा भय, घृणा, क्रोध र अवैज्ञानिक धारणा व्यक्त गर्ने खालका कथा राम्रो मानिँदैन । कथामा प्रारम्भदेखि अन्त्यसम्म उत्सुकता र कौतूहल आवश्यक हुनुका साथै संक्षिप्तता पनि उत्तिकै आवश्यक ठानिन्छ ।

---

[१४] दयाराम श्रेष्ठ, सम्पा. **नेपाली कथा भाग-४**, दो.सं. (काठमाडौं : साझा प्रकाशन, २०६०), पृ. ८ ।

**४.८.३ पात्र**

कथाभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र भनिन्छ । पात्रको माध्यमबाटै कथाको घटना घट्दछ । यिनीहरूकै क्रियाकलापबाट कथानकको निर्माण हुन्छ । पात्रहरूले नै कथालाई ऊर्जा प्रदान गर्ने भएकाले यो अङ्गविना कथाको संरचनाको कल्पना पनि गर्न सकिँदैन ।

**४.८.४ संवाद/कथोपकथन**

संवाद बालकथाका लागि आवश्यक पर्ने एक तत्त्व हो । संवाद भन्नाले पात्रका बीचको दोहोरो कुराकानी हो । कथालाई स्वाभाविकताबाट सजीवतामा ल्याउने प्रमुख तत्त्व संवाद हो । बालकथामा संवादको महत्त्वपूर्ण स्थान हुन्छ । वर्णन र संवादका माध्यमबाट बालमनमा एउटा खाका खिचिन्छ । यसैबाट कथामा प्रभावकारिता र आकर्षण गुण आउँछ । संवाद कथालाई अगाडि बढाउने एउटा सहायक तत्त्व हो तर नाटकमा जस्तो मूल तत्त्वकै रूपमा भने यसलाई लिन सकिँदैन ।

**४.८.५ देश, काल र परिस्थिति**

कथामा भएको घटना कुनै ठाउँ विशेषमा घटेको हुन्छ, यसलाई देश अन्तर्गत विश्लेषण गरिन्छ । कालले कथामा घटना घटेको समयलाई बुझाउँछ । परिस्थिति भन्नाले विशेष स्थिति जस्तै राणकाल, पञ्चायत काल, दैवी विपत्ति इत्यादिलाई बुझाउँछ ।

**४.८.६ भाषाशैली**

कथा भाषाद्वारा मूर्त रूपमा प्रकट हुने साहित्यिक कथा भएकाले यो भाषाकै रूपमा शक्तिशाली भएको छ । यथार्थलाई वरण गर्ने साहित्यिक विधा कथा भएकाले यसमा गद्यभाषाको प्रयोग गरिन्छ । सामान्यतः बालकहरूको शैलीमा विभिन्नता देखिन्छ । बालकथामा सामान्यतया तीन शैली उपयुक्त मानिन्छन् । ती हुन् संवाद शैली, आत्मकथात्मक शैली र प्रश्नोत्तर शैली घटनाहरूमा सजीवता आउँछ भने आत्मकथात्मक शैलीले पात्रसँग आत्मीयता बढ्छ । फलस्वरूप बालमनमा सद्भावना जागृत हुन्छ र प्रश्नोत्तर शैलीमा बौद्धिक स्तर चतुरताका कुरा व्यक्त गर्न सकिन्छ । बालकथाको भाषा सरल र उखान टुक्का युक्त हुन सक्छ । यसका साथै लोकजीवनमा पात्रहरूका लागि लोक भाषाको प्रयोग पनि रोचक हुन्छ ।

**४.८.७ उद्देश्य**

घटना र पात्रहरूको सिर्जना गरेर कथाकारले पाठकहरूलाई कुनै शिक्षा दिन खोजेका हुन्छन् यसलाई उद्देश्य अन्तर्गत विश्लेषण गरिन्छ ।

### ४.८.८ **'चन्द्रमामा खरायो' (२०६४) कथा सङ्ग्रहको विश्लेषण**

**चन्द्रमामा खरायो** सुषमा आचार्यले जापानी भाषामा लेखिएका कथाहरूलाई अनुवाद रूपान्तरण गरी लेखेका लोककथाहरूको सँगालो हो । यस कथा सङ्ग्रहमा जम्मा एघारवटा कथा **गँगटो र बाँदर, सुन्दर मूर्तिहरू, सिन्काको लडाइँ, चन्द्रमामा खरायो, एक इन्चको सानो मान्छे, धूपीको रूख, समुद्र तर्ने खरायो, भाग्यमानी पराले बाबु, उल्लु साबुरो, बेमौसममा फूल फुलाउने व्यक्ति, आरुबाबु कथा** सङ्ग्रहीत छन् । यी कथाका विषयवस्तु अत्यन्त रोचक, भाषाशैली सरल स्वाभाविक तथा प्रभावकारी रहेको छ । बालबालिकाहरूका निम्ति यी कथाहरू लेखिएका भएपनि यी सबै उमेरका व्यक्तिका लागि उत्तिकै पठनीय सिद्ध भएका छन् ।

**चन्दमामा खरायो** (२०६४) कथासङ्ग्रहको पहिलो कथा **गंगटो र बाँदर** बाल कथालाई कथाको तात्त्विक दृष्टिले क्रमशः अध्ययन विश्लेषण यस शोधपत्रमा गरिएको छ ।

#### ४.८.८.१ **कथावस्तु**

**गँगटो र बादर** कथामा एउटा बाठो बाँदरले मन मिल्ने आफ्नै साथी गँगटोलाई दुःख दिएको र पछि आफ्ना गल्तीमा माफी मागेर असल साथी बनेको कथा देखाइएको छ । सरल कथानक भएको यस कथामा कथाको आदि, मध्य र परिणामयुक्त अन्त्यलाई क्रमबद्ध रूपमा एक-एक खुड्किलो पार गरेको छ । थालनी गँगटो र बाँदरको मित्रता र भ्रमणबाट गरिन्छ भने कथाको मध्यमा गँगटाले जामुनको बियाँबाट रूख उमारेको र फलेको पाकेको देखाइएको छ भने अन्त्यमा बादरले गँगटोलाई ढाँटेबापत सजाए पाएको र अबदेखि, असल मित्र बन्ने बाचा गरेको कथानक यस कथामा देखिएको छ।

#### ४.८.८.२ **पात्र**

यस कथामा मानव पात्र नभएको हुँदा मानवेतर पात्रद्वारा कथानक तयार पारिएको छ । प्रमुख पात्रका रूपमा गँगटो र बाँदर छन् भने कटुस अरिङ्गाल र ढुङगालाई सहायक पात्रका रूपमा लिई 'गँगटो र बाँदर' कथा सिर्जना गरिएको छ ।

#### ४.८.८.३ **संवाद/कथोपकथन**

दुई व्यक्ति वा प्राणीका बीचमा हुने कुराकानी नै संवाद हो । गँगटो र बाँदरको कुराकानीको केन्द्रीयतामा घुमेको यस कथाको संवाद क्षीण भए तापनि कथाको प्रभावकारितामा भने कमी आएको छैन ।

### ४.८.८.४ देश, काल/परिस्थिति

यो कथा जापानी लोककथाबाट अनुवाद रूपान्तरण भएकोले जापानी परिवेशमा आधारित छ । तथापि नेपाली सेरोफेरोलाई समेट्ने प्रयास पनि गरिएको छ ।

### ४.८.८.५ भाषाशैली

**गँगटो र बाँदर** वर्णनात्मक शैलीमा लेखिएको जापानी लोककथाबाट नेपाली भाषामा अनुवाद रूपान्तरण गरिएको कथा हो । सहज, सरल र आकर्षक भाषाशैलीमा लेखिएको यस कथामा सरल नेपाली तत्सम र आगन्तुक शब्दहरूको प्रयोगले गर्दा कथाको भाषाशशैली रोचक बनेको छ ।

### ४.८.८.६ उद्देश्य

सबै कथाहरूको उद्देश्य भए झै यस कथाको मूल उद्देश्य उपदेश र मनोरञ्जन दिनु रहेको छ । बालबालिकालाई गँगटो र बाँदरका माध्यमबाट अन्य विविध किसिमका शिक्षा प्रदान गर्नु पनि यस कथाको मूल लक्ष्य रहेको छ ।

## ४.८.९ सुन्दर मूर्तिहरू

सुषमा आचार्यको **सुन्दर मूर्तिहरू** दोस्रो रूपान्तरित बालकथा हो । एउटा दयालु र मिहिनेती बूढोलाई आधार बनाएर लेखिएको यस कथाले सरल कथानक दिई गहकिलो भाव दिन सकिन्छ भन्ने भनाइलाई सत्य सावित गरेको छ । यस **सुन्दर मूर्तिहरू** कथामा एउटा वृद्धले बेच्न भनी बजारतिर लगेका टोप र आफूले लगाएको जिजोका मूर्तिहरूलाई लगाइदिएर दयालुपनको परिचय दिइएको छ ।

### ४.८.९.१ कथावस्तु

परोपकारी भावना भएको मानिसलाई अभावले कहिल्यै सताउँदैन भन्ने भावमा **सुन्दर मूर्तिहरू** कथाको कथानक बुनिएको छ । जापानको एउटा गाउँका गरिब बूढाबूढीको जीवनमा आधारित यस कथाको कथानक बिहान-बेलुकाको छाक टार्नका लागि परालको टोप बुनेर बेचेर अर्थ आर्जन गरेबाट सुरु हुन्छ । नयाँ वर्ष मनाउने खर्चका निम्ति बूढो मान्छे पाँचवटा परालको टोप बेच्न लगेको र ती टोप बेच्न नसक्दा पनि निराश नभई जिजोका ढुङ्गाका मूर्तिहरूलाई लगाइदिएको प्रसङ्गबाट यस कथाको मध्य भागलाई प्रस्ट पारिएको छ । यस कथाको अन्त्य बूढोले जिजोका मूर्तिहरूलाई बेच्न लगेका र आफूले लगाएको टोप समेत फुकालेर लगाइदिएबापत मूर्तिहरूले बूढाबूढीलाई पुरस्कार स्वरूप राम्रो र ठूलो चामलको केक दिएको प्रसङ्गबाट भएको छ । यसरी यस कथाको कथावस्तु आदि, मध्य र अन्त्यका श्रृङ्खलामा आबद्ध भएर अघि बढेको छ ।

**४.८.९.२ पात्र**

बूढो, बूढी र जिजोका मूर्तिहरू यस कथामा पात्रका रूपमा आएका छन् । जसमा बूढो प्रमुख पात्र र जिजोका मूर्तिहरू सहायक पात्रका रूपमा आएका छन् । मेहनती बूढो मान्छे कला, सीप र पारिवारिक कार्यमा निपुण रहेको छ र उसको कार्यलाई अघि बढाउनका निम्ति बूढो र जिजोका मूर्तिहरू उपस्थित भएका छन् ।

**४.८.९.३ संवाद/कथोपकथन**

वर्णनात्मक शैलीमा लेखिएको यो कथामा संवाद झिनो रहेको छ । दुई बूढाबूढी बीचको कुराकानीमा केन्द्रित यस कथामा संवाद नयाँ वर्ष कसरी मनाउने भन्ने प्रसङ्गमा नै टुङ्गिएको छ ।

**४.८.९.४ देशकाल/परिस्थिति**

जापानी सहरिया परिवेशसँग सम्बन्धित घटनाहरू बढी देखिएपनि बूढाबूढी गाउँमा बस्ने भएकाले गाउँको परिवेश नै यस कथामा सरल रूपमा आएको छ । जुन नेपाली ग्रामीण परिवेशसँग मिल्दोजुल्दो छ ।

**४.८.९.५ भाषाशैली**

सरल शब्द र वाक्यको सुगठित संयोजन गरिएको यस कथामा छोटा-छोटा वाक्यहरूको मिठासपूर्ण प्रयोग गरिएको छ । तत्सम र आगन्तुक शब्दहरूको प्रयोग गरिएको यस कथाको भाषाशैली सरल, स्वाभाविक र प्रभावकारी रहेको छ । बालबालिकाहरूलाई मध्यनजर गरेर लेखिएको यस कथाको भाषिक प्रस्तुति सुबोध्य देखिएको छ ।

**४.८.९.६ उद्देश्य**

छोटो छरितो आकारमा लेखिएको यस कथामा बालबालिकालाई परिश्रमी बन्नुपर्ने, लगनशील हुनुपर्ने, दयालु हुनुपर्ने जस्ता अनेक किसिमका शिक्षा प्रदान गर्ने ध्येयले रचिएको **सुन्दर मूर्तिहरू** को मूल लक्ष्य बालबालिकालाई उपदेश र मनोरञ्जन प्रदान गर्नु नै हो ।

**४.८.१० सिन्काको लडाइँ**

**सिन्काको लडाइँ** कथा सुषमा आचार्यको तेस्रो रूपान्तरित कथा हो । यस कथामा जथाभावी फोहोर फाल्ने मानवीय नकारात्मक प्रवृत्तिप्रति बालबालिकाहरूलाई सचेत गराउनुका साथै आफू लगायत आफ्नो घर आँगन सधैँ सफा राखी अल्छी बन्नु हुँदैन भन्ने सन्देश यस पाठमा माध्यमबाट बालबालिकालाई दिइएको छ ।

### ४.८.१०.१ कथावस्तु

**सिन्काको लडाइँ** कथामा अल्छी स्वभाव भएकी राजकुमारीको चित्रण आदि भागमा गरिएको छ भने जथाभावी फोहोर फ्याँक्ने बानी कै कारण कोठामा विभिन्न किसिमका कीटाणुहरू जम्मा भएको र रातभरि सुत्न नसकेका कारण उनी दुब्लाउँदै गएको प्रसङ्ग छ । अन्त्यमा यो रहस्यको उद्घाटन भई आफूले गरेको क्रियाकलापबाट लज्जित भई सरसफाईमा लागेको देखाइएको छ । यसरी यस कथाको आदि, मध्य र अन्त्य श्रृङ्खलामा आबद्ध भएको छ ।

### ४.८.१०.२ पात्र

राजमहलमा हुर्किएकी राजकुमारी, राजा (बाबु) र लडाकुहरू (फ्याँकिएका सिन्काहरू) नै यस कथामा पात्रका रूपमा आएका छन् । राजकुमारी प्रमुख नारी र गतिशील पात्रका रूपमा आएकी छ भने अन्य राजा र लडाकुहरू सहायक पात्रका रूपमा आएका छन् । यसरी यस कथाका पात्रहरूले यस कथामा आफ्नो भूमिका निर्वाह गरेका छन् ।

### ४.८.१०.३ संवाद/कथोपकथन

वर्णनात्मक शैली प्रयोग गरिएको यस कथामा संवाद क्षीण रहेको छ । यस कथाको संवाद राजकुमारी र उसको बाबुको केन्द्रीयतामा घुमेको छ । संवाद झिनो भए तापनि यसले कथानकलाई सक्रिय भएर अघि बढाएको छ ।

### ४.८.१०.४ देशकाल/वातावरण

नेपाली उच्च खानदानी परिवेशको घटना जस्तो भएपनि जापानी गुन्द्री आएकाले जापानी वातावरणमा रचिएको कथा हो । जापानी लोककथाको रूपान्तरित रूप भएकाले त्यहाँको भाषा, संस्कृति, देशकाल परिस्थिति आदिको झलक प्रशस्त मात्रामा पाइएको छ ।

### ४.८.१०.५ भाषाशैली

यो कथा आकारमा सानो भएकाले यसको भाषाशैली सरल, सुबोध्य र प्रभावकारी छ । तत्सम र तद्भव शब्दहरूको प्रयोग गरिएको यो कथा बालबालिकाका निम्ति प्रस्तुत गरिएको भए पनि सबै उमेरका व्यक्तिहरूका लागि उत्तिकै पठनीय र उपदेशात्मक रहेको छ ।

### ४.८.१०.६ उद्देश्य

विविध उद्देश्य लिई रचिएको यस कथाले बालबालिकाहरूलाई आफ्ना घर, आँगन, कोठा सफा सुग्घर राख्नुपर्ने सन्देश दिएको छ । प्रायः सबै उमेरका व्यक्तिहरूको खाना खाएपछि दाँत कोट्याउने बानी हुन्छ सो कुरालाई मध्यनजर गरी दाँत कोट्याएर सिन्का जताततै फाल्नु राम्रो बानी होइन भनी सबैलाई उपदेश दिइएको छ । उपदेश र मनोरञ्जन प्रदान गर्नु यस कथाको सफल पक्ष रहेको छ ।

### ४.८.११ चन्द्रमामा खरायो

**चन्द्रमामा खरायो** सुषमा आचार्यको चौथो रूपान्तरित बालकथा हो । यो कथा यस कथा सङ्ग्रहको शीर्षक कथा पनि हो । मानव र मानवेतर पात्र रहेको यस कथामा चन्द्रलोक र पृथ्वीलोकको विश्लेषण गरिएको छ । चन्द्रलोकको बूढो मान्छे, पृथ्वीलोकको बाँदर, फ्याउरो, खरायो आदिका संवाद तथा क्रियाकलापमा यस कथाको कथानक घुमेको छ । यस कथाले चन्द्रमामा देखिने खरायो र बूढो मान्छेको रहस्य पत्ता लगाएको छ ।

### ४.८.११.१ कथावस्तु

चन्द्रलोक र पृथ्वीलोकको परिवेशबाट यस कथाको कथावस्तु अघि बढेको छ । चन्द्रलोकको बूढो मान्छेले पृथ्वीलोकका बाँदर, फ्याउरो र खरायोको परीक्षा लिएको तानाबानामा यो कथाको विषयवस्तु अघि बढेको छ । चन्द्रलोकबाट बूढो मान्छेले पृथ्वीलोकमा हेर्दा बाँदर फ्याउरो र खरायोलाई देख्नु यो कथाको आदि भाग हो भने बूढो मान्छेले माग्नेको रूप लिएर दयालुपनको परीक्षा लिनु यस कथाको मध्ये भाग हो । बाँदर र फ्याउरोले बूढोलाई खानेकुरा दिन सक्नु तर खरायोले खाने कुरा दिन नसकेकाले आफू आगोमा पोलिएर बूढो मान्छेको आहारा बन्न खोजेको देखेर बूढो मान्छे खरायोको दयालुपनबाट प्रभावित भई उसलाई चन्द्रलोक लिएर जानु यस कथाको अन्त्य भाग हो । यसरी यो कथा पनि आदि, मध्य र अन्त्यको श्रृङ्खलामा श्रृङ्खलित भएर आएको छ ।

### ४.८.११.२ पात्र

चन्द्रलोकको बूढोमान्छे, पृथ्वीलोकका बाँदर, फ्याउरो र खरायो यस कथाका पात्रहरू हुन् । यसमा बूढो मान्छे मुख्य पात्र र अन्य सहायक पात्रका रूपमा आएका छन् । बालकहरूले पशुपंक्षी रुचाउने भएकाले बालकथाहरूमा पशुपक्षीहरूलाई पात्रका रूपमा उभ्याइएको हुन्छ । यस कथामा पनि मानव र मानवेतर पात्रको संयोजन गरेर

यो कथालाई रोचक र मनोरञ्जनात्मक बनाइएको छ । यसरी यी पात्रहरूका माध्यमले कथालाई सुगठित बनाउन सघाएको छ ।

### ४.८.११.३ संवाद

वर्णनात्मक शैलीको अत्यधिक प्रयोग गरिएको यस कथामा संवादको क्षेत्र पनि विस्तृत रहेको छ । चन्द्रलोकको बूढोमान्छे, पृथ्वीलोकको बाँदर, फ्याउरो र खरायो आदिका संवादको केन्द्रीयतामा घुमेको यस कथाको अन्त्य बूढो मान्छे र खरायोका बीचको संवादबाट भएको छ ।

### ४.८.११.४ देशकाल/वातावरण

चन्द्रलोक र पृथ्वीलोकको वातावरण यस कथामा रहेको छ । जापानी लोककथाबाट अनुवाद, रूपान्तरण गरिएकाले यसको देशकाल जापानको सेरोफेरोमा रचिएको छ ।

### ४.८.११.५ भाषाशैली

जापनी बाललोककथाको रूपान्तरित रूप भएकाले यस कथामा भाषाशैलीका दृष्टिले कतै-कतै वाक्य गठनगत त्रुटि देखिएका छन् । तत्सम र आगन्तुक शब्दहरूको प्रयोग गरिएको यस कथाको भाषाशैली सरल, स्वाभाविक र प्रभावकारी रहेको छ ।

### ४.८.११.६ उद्देश्य

**चन्द्रमामा खरायो** मूलतः बालबालिकाहरूलाई उपदेश र मनोरञ्जन दिनका लागि सफल रहेको छ । विविध किसिमका आदर्श र नैतिक शिक्षा दिनु पनि यस कथाको मुख्य उद्देश्य रहेको छ । यो कथा बालबालिकाका निम्ति, प्रस्तुत गरिएको भएपनि सबै उमेरका व्यक्तिका लागि उत्तिकै उपदेशात्मक र पठनीय रहेको छ ।

### ४.८.१२ एक इन्चको सानो मान्छे

**एक इन्चको सानो मान्छे** सुषमा आचार्यको अर्को रूपान्तरिक कथा हो । यस बालकथाले एउटा एक इन्चको सानो मान्छेले आफ्नो भविष्य आफ्नै मेहनत र स्वविवेकले बनाए झैं बालबालिकाहरूले पनि आफ्नो उमेर अनुसारको स्वविवेक प्रयोग गर्दै आफ्नो कार्य पूरा गरी भविष्य निर्माण गर्नुपर्दछ  भन्ने सन्देश दिएको छ । छोराछोरी नभएका एक बृद्ध दम्पतिले एक इन्चको सानो मान्छेलाई प्राप्त गरे त्यो मान्छे नबढे तापनि उमेरले ठूलो भई त्यसले राजकुमारीसँग विवाह गऱ्यो र तिनीहरूको जीवन सुखपूर्वक बित्यो भन्ने विषयवस्तुमा आधारित रहेर यस कथाको कथानक अघि बढेको छ ।

### ४.८.१२.१ **कथावस्तु**

एक इन्चको सानो मान्छेको भविष्य निर्माणको लगनशीलताबाट बालबालिकाहरूले लिन सक्ने शिक्षालाई परिलक्षित गरी लेखिएको यस कथामा मेहनत नै सफलताको प्रतीक हो भन्ने ध्रुवसत्य कुरालाई प्रस्तुत गर्न खोजिएको छ ।

दुईजना पतिपत्नीले तीर्थ गरेर फर्किदा बाटामा घाँसको थुप्रोमा एउटा सानो बच्चा भेट्नु यस कथाको आदि भाग हो भने त्यो बच्चा एक इन्च भन्दा ठूलो कहिल्यै नहुनु र धेरै वर्षको भएपछि आफ्नो भविष्य आफै सुनिश्चित गर्न घर छोडेर हिँड्नु यस कथाको मध्य भाग हो । एवम् रीतले सानो मान्छेले राजाका दरबारमा काम पाउनु, राक्षसको छडीले ठूलो हुनु यस कथाको अन्त्य भाग हो । यसरी यो कथा आदि, मध्य र अन्त्यको श्रृङ्खलामा उनिएर आएको छ ।

### ४.८.१२.२ **पात्र**

**एक इन्चको सानो मान्छे**, लघुकथामा सानो मान्छे, राजा, राजकुमारी, राक्षस आदि पात्र रहेका छन् । यस कथाको प्रमुख पात्र सानो मान्छे नायक र अन्य सहनायकका रूपमा आएका छन् । प्रमुख पात्रका रूपमा आएको सानो मान्छे देख्दा सानो भएपनि मेहनती र निडर स्वाभावको छ भने राजकुमारी उसकी सहयोगी पात्रका रूपमा आएको छ ।

### ४.८.१२.३ **संवाद**

वर्णनात्मक शैलीको प्रयोग गरिएको यस कथामा संवादले विस्तृत क्षेत्र ओगटेको छ । सानो मान्छेको केन्द्रीयतामा घुमेको यस कथाको संवाद सानो मान्छेबाट सुरु भएर सानो मान्छे मैं अन्त्य भएको देखिन्छ ।

### ४.८.१२.४ **देशकाल/वातावरण**

नेपाली जनजीवन, रहनसहन र दरबारिया परिवेश झैं लागेपनि मूलतः यो कथा जापानी भाषाबाट अनुवाद रूपान्तरण गरिएकोले यसको वातावरण पनि जापानको नै रहेको छ ।

### ४.८.१२.५ **भाषाशैली**

रोचक संवाद प्रस्तुत गरिएकाले पहिलेका कथाहरूभन्दा यसको प्रस्तुति शैलीमा भिन्नता देखिएको छ । अन्य कथाभन्दा आकारमा ठूलो यस कथाको भाषाशैली भने सरल र स्वभाविक नै देखिन्छ । तत्सम र आगन्तुक शब्दहरूको प्रयोगले यस कथालाई रोचक, मनोरञ्जनात्मक र उपदेशात्मक बनाउन सघाएको छ ।

### ४.८.१२.६ उद्देश्य

दया, करुणा, मैत्री जस्ता मानवीय गुणहरूले युक्त भएको व्यक्ति नै जीवनमा सफल हुन्छ भन्ने उद्देश्य बोकेको यस कथाले मुख्यतः बालबालिकाहरूलाई मनोरञ्जन र उपदेश नै प्रदान गरेको छ ।

### ४.८.१३ धूपीको रूख

बालबालिकाहरूलाई नै लक्षित गरी लेखिएको यस **धूपीको रूख** कथाले एउटा दयालु मान्छे धूपीको रूपका कृपाबाट सम्पन्न भएको देखाइएको छ । त्यसका विपरीत दयालु मान्छे सम्पन्न भएको देखेर रिस गर्ने उसको छिमेकीले सजाए पाएको देखाइएको छ । यसरी यस कथाले बालबालिकाहरू दयालु भएमा सबैजनाले माया गर्ने र खराब भएमा पिट्ने कुरा प्रस्ट पारिएको छ ।

### ४.८.१३.१ कथावस्तु

जापानी ग्रामीण परिवेशलाई मुख्य विषय बनाइएको यस कथामा गाउले दयालु मान्छेले पर्यावरण जोगाउन गरेको प्रयास देखाई सत्कर्म गर्नेको सधैं भलो हुने कुरा देखाइएको छ । यो कथा आदि, मध्य र अन्त्यको श्रृङ्खलामा एक-एक खुड्किलो पार गरी लेखिएको छ ।

### ४.८.१३.२ पात्र

बालकथाहरूमा पात्रको आधिक्य राम्रो नमानिने कुरालाई मध्यनजर गरेर यस **धूपीको रूख** कथामा थोरै पात्रको प्रयोग गरिएको छ । मानव पात्रका रूपमा एउटा दाउरा काट्ने दयालु बूढो मान्छे र उसको रिसाहा छिमेकी आएका छन् ।

### ४.८.१३.३ संवाद

**धूपीको रूख** कथामा संवाद पक्ष कमजोर देखिएको छ । कतै-कतै दयालु बूढो मान्छे, रूख र छिमेकीको संवाद यस कथाम भेटिन्छ ।

### ४.८.१३.४ देशकाल/वातावरण

यो कथा 'लोभी दाउरे र बन्चरो' नामक नेपाली लोककथा झैं लागेपनि जापानी धूपीको रूखलाई धन, दौलत र ऐश्वर्यको प्रतीकका रूपमा लिइने हुनाले यो कथा त्यहीँको सेरोफेरोमा केन्द्रित रहेको छ । जापानी लोकसाहित्यको अनुवाद र रूपान्तरण भएकाले पनि यस कथामा प्रशस्त मात्रामा त्यहाँको भाषा र संस्कृति झल्कन्छ ।

### ४.८.१३.५ भाषाशैली

वर्णनात्मक शैलीमा लेखिएको **धूपीको रूख** कथा रैखिक ढाँचामा अघि बढेको छ । तत्सम र आगन्तुक शब्दहरूको प्रयोग गरिएको यस कथाको भाषाशैली सरल, स्वाभाविक र प्रभावकारी रहेको छ ।

### ४.८.१३.६ उद्देश्य

धेरै लोभ गर्नुहुँदैन, सहयोगी हुनुपर्छ जस्ता सन्देश बोकेको प्रस्तुत कथा मनोरञ्जन र उपदेशका दृष्टिले महत्त्वपूर्ण रहेको छ । यो कथा बालबालिकाका निम्ति प्रस्तुत गरिएको भए पनि सबै उमेरका व्यक्तिका लागि उत्तिकै पठनीय र उपदेशात्मक देखिएको छ । यस कथाले बालबालिकाहरूलाई पनि प्रकृतिलाई माया गर्नुपर्ने कुरा सिकाएको छ ।

### ४.८.१४ 'समुद्र तर्ने खरायो'

बालबालिकाहरूले मानव पात्रभन्दा मानवेतर पात्रलाई बढी रुचाउने कुरालाई मध्यनजर गरी लेखिएको यस **समुद्र तर्ने खरायो** कथा पनि एक उत्कृष्ट कथाका रूपमा रहेको छ । यस कथामा मानवेत्तर पात्र खरायोका माध्यमबाट बालबालिकाहरूलाई ढाँटछल गर्नुहुँदैन ढाँटछल गऱ्यो भने दण्ड पाइन्छ भन्ने कुरामा सचेत गराउन खोजिएको छ । जसलाई खरायोले सार्क (माछा) हरूलाई मूर्ख बनाएर समुद्र तरेको र मूर्ख बनाएबापत उसले सार्कहरूबाट दण्ड पाएको कुराले प्रस्ट पारिएको छ ।

### ४.८.१४.१ कथावस्तु

बालबालिकाहरूका लागि सरल कथानकको चयन गर्नु कथाकारको वैशिष्ट्य हो । यस कथामा पनि सरल कथानकबाट गहकिलो भाव प्रस्तुत गरिएको छ । सार्कमाछाहरूलाई छलेर आफ्नो इच्छा पूरा गरेको खरायोले आफ्नो स्वार्थका लागि अरूलाई दुःख दिएकाले अन्त्यमा त्यसको सजाए स्वरूप आफ्ना शरीरका सबै भुत्ला सार्क माछाले थुतेर नाङ्गो बनाएको देखाइएको छ । यसरी अरूलाई अनावश्यक दुःख दिनेले अन्तिममा त्यसको प्रतिफलमा दुःख नै पाउनु पर्छ भनी बालबालिकाहरूलाई यस कथामा सचेत बनाइएको छ ।

### ४.८.१४.२ पात्र

बालबालिकाका रुचि र स्वभावलाई मध्यनजर गरी लेखिएको यस कथामा मुख्य पात्रका रूपमा खरायो र अन्य सार्क माछाहरू, राजा सहायक पात्रका रूपमा आएका छन् । 'समुद्र तर्ने खरायो' कथा खरायो कै केन्द्रीयतामा फनफनी घुमेको छ ।

४.८.१४.३ **संवाद**

मानवेतर पात्र भएकाले यस कथामा संवाद छैन ।

४.८.१४.४ **देशकाल/वातावरण**

नेपाली परिवेशमा रचिएको भैंm लाग्ने प्रस्तुत कथा पनि जापानी भाषाबाट नेपालीमा रूपान्तरित हुनाले जापान कै टापु, समुद्र आदि वातावरणमा रुमलिएको छ ।

४.८.१४.५ **भाषाशैली**

वर्णनात्मक शैलीमा लेखिएको यस कथाको भाषाशैली सरल र सुवोध्य रहेको छ । तत्सम र आगन्तुक शब्दहरूको प्रयोग गरिएको यो कथा रैखिक ढाँचामा रहेको छ । बालबालिकाहरूले सरल शब्दबाट जति ज्ञान आर्जन गर्छन् त्यो ज्ञान कठिन शब्दबाट आर्जन गर्न सक्दैनन् । तसर्थ बालकथाहरूमा प्रांयःजसो सरल र प्रभावकारी भाषाशैलीको प्रयोग गरिएको हुन्छ । त्यसैले यो कथामा पनि सरल शब्दहरूको चयन गरिएको छ ।

४.८.१४.६ **उद्देश्य**

बालबालिकाहरूसँग कहिल्यै पनि झुठो बोल्नु हुँदैन, मूर्ख बनाउने कार्य गर्नु हुँदैन जस्ता नैतिक र आदर्शवादी शिक्षा दिनु नै यस कथाको मूल उद्देश्य रहेको छ । यो कथा बालबालिकाहरूका लागि प्रस्तुत गरिएको भए पनि सबै उमेरका व्यक्तिका लागि उत्तिकै पठनीय र उपदेशात्मक रहेको छ ।

४.८.१५ **भाग्यभानी पराले बाबु**

**भाग्यमानी पराले** बाबु मा सबैका दिन सधैं एकैनासका हुँदैनन् समय परिस्थितिनुसार परिवर्तन हुँदै जान्छ भन्ने कुरालाई सोबी भन्ने जवानका माध्यमद्वारा देखाइएको छ । बालबालिकाहरूलाई बुझ्न सजिलो होस् र देख्दा आकर्षक लागोस् भनेर चित्रको प्रयोग गरिएको यस कथालाई चित्रकथा पनि भनिन्छ । यस कथामा सोबी भन्ने जवान आफ्नो मेहनत र बुद्धिले एकपछि अर्को गर्दै सफलताको सिँढी चढ्दै जान्छ र भाग्यमानी पराले बाबु कहलिन्छ । यस कथाका माध्यमबाट बालबालिकाहरूलाई सोबी जस्तै परोपकारी बन्ने सन्देश दिएको छ ।

४.८.१५.१ **कथावस्तु**

जापानी ग्रामीण परिवेशबाट लिइएको यस कथाको विषयवस्तु भाग्यमानी पराले बाबु सोबीको परोपकारी बानी कै सरोफेरोमा अघि बढेको छ । सोबीको एउटा परालको टुक्राका कारणले गाउँ तथा गाउँले धनी भई सोबीलाई गाउँलेहरूले गाउँको मुख्य मान्छे बनाई ‘भाग्यमानी पराले बाबु’ भन्ने उपाधि दिई सम्मान गरेका छन् ।

सोबी भन्ने जवानले एउटा परालको टुक्राले गाइने कीरालाई पुच्छरमा बाँध्नुसम्मको कथा यस कथाको प्रारम्भिक चरण हो भने रोइरहेको बच्चालाई फकाउन गाइने कीरा दिएबापत बच्चाकी आमाले उसलाई सुन्तला दिनु र त्यो सुन्तला तिर्खाएको व्यापारीलाई दिएर उसबाट तीनवटा कपडाको टुक्रा लिनुसम्मको कथा यस कथाको मध्य चरणमा पर्छ । एवम् रीतले कपडाको टुक्रा राजकुमारीलाई दिएबापत थुप्रै पैसा पाउनु र त्यो पैसाले थुप्रै जग्गा किनी गाउँलेहरूलाई बाँडेर गाउँको मुख्य मान्छे बन्नुसम्मको कथा यस कथाको अन्त्य चरण मान्न सकिन्छ । यसरी यस कथाको आदि, मध्य र अन्त्य एकपछि अर्को गर्दै श्रृङ्खलित रूपमा अघि बढेको देखिन्छ ।

### ४.८.१५.२ पात्र

जापानको गाउँमा हुर्किएको 'सोबी' यस कथामा नायक र अन्य बच्चा, बच्चाकी आमा, कपडा व्यापारी र राजकुमारी सहनायकका रूपमा आएका छन् ।

### ४.८.१५.३ संवाद

वर्णनात्मक शैलीमा लेखिएको यस कथाको संवाद झिनो छ । यस कथाको संवादलाई हेर्दा सोबी र बच्चाकी आमा तथा सोनी र राजकुमारीको संवाद नै मुख्य रहेको छ ।

### ४.८.१५.४ देशकाल/वातावरण

जापानी ग्रामीण परिवेशमा संरचित प्रस्तुत कथाले नेपाली परिवेशको वा सेरोफेरोको झझल्को पनि दिने प्रयास गरेको छ ।

### ४.८.१५.५ भाषाशैली

यस कथाका सरल वाक्यको अधिकता मात्र होइन । सरल शब्दको प्रयोग गराईले बालकथाको भाषाशैलीमा हुनुपर्ने गुणलाई पछ्याएको छ । तत्सम र आगन्तुक शब्दको प्रयोग गरी रैखिक ढाँचा र वर्णनात्मक शैलीमा लेखिएको यस कथाको भाषाशैली सरल, सुबोध्य र प्रभावकारी रहेको छ ।

### ४.८.१५.६ उद्देश्य

बालबालिकालाई उपदेश र मनोरञ्जन दिने उद्देश्यले लेखिएको प्रस्तुत कथामा समाजसेवी, परोपकारी र दयालु बन्नुपर्ने नैतिक र आदर्शवादी शिक्षा दिन खोजिएको छ । प्रस्तुत कथा बालबालिकाका निम्ति प्रस्तुत गरिएको भए पनि सबै उमेरका व्यक्तिका लागि उत्तिकै उपदेशात्मक र पठनीय रहेको छ ।

### ४.८.१६ उल्लु साबुरो

उल्लु साबुरो मन्द बुद्धि भएका विद्यार्थीहरूलाई आधार मानी लेखिएको छ । यस कथामा सरल कथानकबाट पनि गहकिलो भाव प्रस्तुत गर्न सकिन्छ भन्ने भनाईलाई सत्य सावित गरिएको छ । यस कथामा सामान्य एउटा पात्र मन्दवुद्धिको मूर्ख साबुरोको उदाहरण दिँदै बालबालिकाहरूलाई साबुरो झैं मूर्ख नबन्ने सल्लाह दिइएको छ ।

#### ४.८.१६.१ कथावस्तु

जापानी बाललोककथाको रूपान्तरित रूप भएकाले यस कथाको कथावस्तु जापानको ग्रामीण परिवेशको एउटा मूर्ख साबुरोको केन्द्रीयतामा घुमेको छ ।

मूर्ख साबुरोलाई आलु खन्न पठाउनु यस कथाको आदि भाग हो भने आलु खन्न जाँदा सुनका सिक्का, मरेको बिरालो, रूखको जरो आदिलाई भेट्टाउनु यस कथाको मध्य भाग मान्न सकिन्छ । एवम् रीतले साबुरोदेखि बाबुआमा दिक्क भएर आफै खेतमा काम गर्न जानु र जिल्ल पर्नुसम्मको कथालाई यस कथाको अन्त्य भाग मान्न सकिन्छ । यसरी कथानक झिनो भएपनि यसमा रोचक किसिमले तारतम्य मिलाएको छ ।

#### ४.८.१६.२ पात्र

बालबालिकाहरूलाई साबुरो झैं मूर्ख नबन्ने उपदेश दिँदै लेखिएको यस कथाका पात्रहरूमा साबुरो, बाबुआमा र छिमेकी रहेका छन् । मूर्ख साबुरो मुख्य पात्र र अन्य सहायक पात्रका रूपमा आएका छन् ।

#### ४.८.१६.३ संवाद

अन्य कथामा भन्दा यस कथामा संवाद सशक्त देखिएको छ । मूर्ख साबुरो र आमाबाबको संवाद, साबुरो र छिमेकीको संवादले नै यस कथाको तन्तुलाई जोडेको छ जुन संवादको धर्म हो ।

#### ४.८.१६.४ देशकाल/वातावरण

जापानी लोकसाहित्यलाई अनुवाद गरी लेखिएको प्रस्तुत कथा नेपाली लोकपरम्परा अनुसार लेखिए जस्तो लागे तापनि भरपूर मात्रामा जापानी लोकपरम्पराको झल्को दिन सफल भएको छ ।

#### ४.८.१६.५ भाषाशैली

जापानी बाललोककथाको रूपान्तरित रूप भएकाले यस कथाको भाषाशैलीमा जापानको भाषा र संस्कृतिको झलक पाइन्छ । तत्सम र आगन्तुक शब्दहरूको प्रयोग गरी रैखिक ढाँचामा लेखिएको यस कथाको भाषा सरल, सुबोध्य र प्रभावकारी रहेको छ ।

### ४.८.१६.६ उद्देश्य

बालबालिकालाई शिक्षा र मनोरञ्जन दिनु यस कथाको उद्देश्य रहेको छ । प्रस्ततु कथामा साबुरोका माध्यमबाट बालबालिकालाई कुनै पनि कार्य गर्दा सोचविचार गरेर मात्र गर्नुपर्दछ नत्र मूर्ख भइन्छ भन्ने सन्देश दिन खोजिएको छ ।

### ४.८.१७ 'बेमौसममा फूल फुलाउने व्यक्ति'

**बेमौसममा फूल फुलाउने व्यक्ति** मा मानिसहरूका सकारात्मक र नकारात्मक प्रवृत्तिहरूप्रति बालबालिकाहरूलाई सचेत गराइएको छ । यस कथामा एउटा दयालु बूढाको चरित्रका माध्यमबाट सबै बालबालिकहरूलाई दयालु बन्ने सन्देश दिइएको छ ।

### ४.८.१७.१ कथावस्तु

जापानको सेरोफेरोमा घट्ने घटनालाई आधार मानी कथावस्तु चयन गरिएको यस कथामा मानवीय सकारात्मक र नकारात्मक प्रवृत्तिहरूलाई औंल्याइएको छ ।

यस कथामा आदि, मध्य र अन्त्यलाई क्रमबद्ध रूपमा देखाइएको छ । कथाको आदि भागमा दयालु बूढाबूढीले कुकुरले खाल्डो खन्दै गरेको देखेर माया लागी उसका लागि खाडल खन्दिँदा त्यहाँ सुनैसुनैका पैसाले भरिएको ठूलो भाँडो भेट्टिएकोसम्मको कथालाई मान्न सकिन्छ भने खराब बूढो सिरुलाई मारेको र सिरुको चिहानको धूपीको रूखबाट बनाइएको केक पकाउने भाँडो बालिदिएकोसम्मको कथालाई मध्य भाग मान्न सकिन्छ । एवम् रितले बूढाबूढीले हिउँद मौसममा पनि त्यही खरानीका माध्यमबाट साकुराको फूल फुलाएर पुरस्कार स्वरूप धेरै सम्पत्ति, उपहारका साथै **बेमौसममा फूल फुलाउने व्यक्ति** भनी उपाधि पाएको सम्मको कथालाई यस कथाको अन्त्य भाग मान्न सकिन्छ ।

### ४.८.१७.२ पात्र

जापानी ग्रामीण परिवेशका दयालु बूढाबूढी, खराब बूढाबूढी, कुकुर र राजकुमार नै यस कथाका पात्रहरू हुन् । जसमध्ये दयालु बूढाबूढी मूल पात्र र अन्य सहायक पात्रका रूपमा आएका छन ।

### ४.८.१७.३ संवाद

वर्णनात्मक शैली प्रयोग गरिएको यस कथाको संवाद क्षीण किसिमको छ । घटनाको वर्णन गर्न नै कथाकारको कलम दगुरेको देखिन्छ । दयालु बूढाबूढीले कुकुरलाई सहयोग गर्ने मनसायले आउँदाको संवादले नै शीर्षकलाई सार्थकता दिन खोजे तापनि पूर्ण रूपले सफल भएको छैन । यस कथामा दयालु बूढाबूढी र खराब बूढाबूढीका संवाद पनि कतै-कतै भेटिन्छ ।

**४.८.१७.४ देशकाल/वातावरण**

जापानी लोककथाको रूपान्तरित रूप भएकाले यसमा त्यहाँको भाषा र संस्कृतिको झलक पाइन्छ । जापानी रहनसहन, रीतिरिवाजसँग सम्बन्धित भएकाले नेपाली परिवेश झैं लागे पनि प्रस्तुत कथा जापानकै सेरोफेरोमा घटित भई जापानी परिवेशलाई उद्घाटन गरेको छ ।

**४.८.१७.५ भाषाशैली**

तत्सम र आगन्तुक शब्दहरूको सामान्य प्रयोग गरी रैखिक ढाँचामा लेखिएको प्रस्तुत कथाको भाषाशैली सरल, सुबोध्य र प्रभावकारी रहेको छ ।

**४.८.१७.६ उद्देश्य**

प्रस्तुत कथा बालबालिकालाई उपदेश र मनोरञ्जन प्रदान गर्न रचिएको हो । यस कथामा कसैले कहिल्यै पनि कसैप्रति रिस, राग, द्वेश र डाह गर्नु हुँदैन, यदि त्यस्तो खराब बानी रह्यो भने त्यसको परिणाम नराम्रो हुने कुराको सन्देश दिन खोजिएको छ ।

**४.८.१८ आरुबाबु**

**आरुबाबु** सुषमा आचार्यको रूपान्तरित कथाहरूमा अन्तिम कथा हो । यो कथा पौराणिक, विषयवस्तुमा आधरित छ । परापूर्वकालमा देवता र दानवको युद्ध भए जस्तै यस कथामा पनि आरुबाबु र दैत्यहरूको युद्ध देखाई आरुबाबुको विजय भएको देखाइएको छ । यसरी यस कथामा सकारात्मक र नकारात्मक दुवै पक्ष भएमा जित जहिले पनि सकारात्मक पक्षको नै हुन्छ भन्ने सन्देश दिइएको छ ।

**४.८.१८.१ कथावस्तु**

बालबालिकाका लागि सरल कथावस्तुको चयन गर्नु कथाकारको वैशिष्ट्य हो । त्यो विशिष्टता यस कथामा पनि देख्न सकिन्छ । जहिले पनि राम्रो काम गर्ने मान्छेले सफलता हासिल गर्न सक्छ भन्ने भाव यस कथाले व्यक्त गरेको छ ।

कथाको आदिमा बूढाबूढीले आरुबाबुलाई भेट्टाएका छन् भने आरुबाबु ठूलो भई दैत्यहरूसँग द्वन्द्व गर्न गएसम्मको कथालाई यस कथाको मध्य भाग र आरुबाबु दैत्यहरूलाई विजय गरी धेरै धनसम्पत्ति पाएर धनी भएको सम्मको कथालाई यस कथाको अन्त्य भाग मान्न सकिन्छ । यसरी यस कथाको कथावस्तुले **आरुबाबु** शीर्षकलाई सार्थक बनाएको छ ।

**४.८.१८.२ पात्र**

मानव र मानवेतर पात्रको प्रयोग गरिएको यस **आरुबाबु** कथामा पात्रका रूपमा 'आरुबाबु', बूढाबूढी, बाँदर, कुकुर, मुनाल, दैत्यहरू आएका छन् । जसमा आरुबाबू मुख्य पात्र र अन्य सहायक पात्रका रूपमा रहेका छन् ।

**४.८.१८.३ संवाद**

अन्य कथाहरू भन्दा आकारमा ठूलो यस कथाको संवाद पनि विस्तृत र सशक्त देखिएको छ । आरुबाबु, बूढाबूढीको संवाद रहेको यस कथामा मुख्य रूपमा आरुबाबुको संवादले नै कथाको तन्तुलाई जोडेको छ ।

**४.८.१८.४ देशकाल/वातावरण**

जापानी बाललोककथाको रूपान्तरित रूप भएकाले जापानी लोकसंस्कृति परम्परा र रीतिरिवाजका साथै टापु, समुद्रजस्ता स्थानको वर्णन गरेकाले यो कथा जापानी परिवेशमै केन्द्रित छ भन्न सकिन्छ ।

**४.८.१८.५ भाषाशैली**

यस कथामा सरल वाक्यको अधिकता मात्र होइन सरल शब्दको प्रचुरताले बालकथाको भाषाशैलीमा हुनुपर्ने गुणलाई पछ्याएको छ । तत्सम र आगन्तुक शब्दहरूको प्रयोग गरी यो कथा रैखिक ढाँचामा लेखिएको छ । सरल, सुबोध्य र प्रभावकारी भाषाशैली प्रयोग गरी बालबालिकाहरूलाई जापानी संस्कृतिको जानकारी दिइएको छ ।

**४.८.१८.६ उद्देश्य**

बालबालिकाहरूलाई उपदेश र मनोरञ्जन प्रदान गर्न लेखिएको **आरुबाबु** कथाले बालबालिकालाई आरुबाबु भैंं पराक्रमी, मेहनती र निडर बन्न सिकाएको छ । बालबालिकाहरूका निम्ति प्रस्तुत गरिएको भए पनि यो सबै उमेरका व्यक्तिहरूका लागि उत्तिकै उपदेशात्मक, पठनीय र मनोरञ्जनात्मक रहनुका साथै नैतिक आदर्शवादी शिक्षा दिन पनि सफल रहेको छ ।

**निष्कर्ष :**

नेपाली, अङ्ग्रेजी, जापानी, हिन्दी आदि विभिन्न भाषाका ज्ञाता सुषमा आचार्यले **चन्द्रमामा खरायो** शीर्षक दिएर जापानी बाललोककथाहरूको नेपाली भाषामा अनुवाद-रूपान्तरण गरेकी छिन् । यसमा एघारवटा कथाहरू सङ्कलित छन् ।

बालबालिकाहरूलाई भाषाशिक्षण र नैतिक शिक्षाको ज्ञान दिने उद्देश्यले लेखिएका यी बालकथाहरू बालबालिकाका निम्ति मात्र नभई सबै उमेरका व्यक्तिहरूका लागि उत्तिकै पठनीय रहेका छन् । सरल सुबोध्य भाषाशैली भएका यी कथाहरू आकारमा साना भएकाले एकै बसाईमा पढेर सिद्धाउन सकिन्छ । बालबालिकाहरूको रुचि र स्वाभावलाई मध्यनजर गरेर लेखिएका यी सबै कथाहरूका अगाडि चित्रहरूको प्रयोगले यस सङ्ग्रहलाई बुझ्न र आकर्षक देखाउन सघाएको छ । आचार्यको यो कथा सङ्ग्रह जापानी कथाको रूपान्तरित रूप भए तापनि यसमा उनको मौलिकता झल्किएको छ ।

यस चित्रकथामा बालबालिकाहरूले मानव पात्रभन्दा मानवेतर पात्रलाई बढी रुचाउने कुरालाई ख्याल गरी प्रायःजसो कथाहरूमा मानवेतर पात्रहरूको प्रयोग गरिएको छ ।

यसै कृतिले आचार्यलाई कुशल अनुवादक र बुहभाषी व्यक्तित्वका रूपमा चिनाएको छ । आचार्यले यस कथासङ्ग्रहका माध्यमले बालबालिकालाई जापानी भाषा र संस्कृतिका बारेमा जानकारी दिएकी छिन् । यसै अनुवाद कार्यमार्फत् आचार्यलाई अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वासिङ्गन डी.सी.ले २०६६ सालको उत्कृष्ट बालसाहित्य पुरस्कार पनि प्रदान गरेको छ ।

### ४.९ शोक-शब्दाञ्जलि

**शोक-शब्दाञ्जलि** सुषमा आचार्यले रचना गरेको शोककाव्य हो । यसको प्रकाशन २०६५ सालमा भएको हो । आफ्ना पति पदमकुमार आचार्यको निधनबाट गहिरो चोट बेहोर्न पुगेकी आचार्यले पतिको शोकको पीडा आलो छँदै आफूलाई जन्म दिने पिता वासुदेव शर्मा लुइटेलको निधनबाट थप मर्माहत बन्न पुगेपछि त्यसैको प्रतिक्रिया स्वरूप यस काव्यको रचना गरेकी हुन् । यस काव्यमा पति र पिताको मृत्युबाट भोग्नु परेको पीडाको मार्मिक अभिव्यक्ति पाइन्छ । पितालाई सम्बोधन गरी लेखिएको यस कृतिमा पतिको शोक पनि पितालाई सम्बोधन गर्दा नै अभिव्यक्त भएको छ । कसैको मृत्युका पीडालाई काव्यका भाषामा उतार्नुलाई शोककाव्य भनिन्छ भने यस काव्यमा पनि कविले आफ्ना पिता र पतिको मृत्युको असहनीय पीडा व्यक्त गरेकी हुनाले यो एउटा शोककाव्य हो । यो **शोक-शब्दाञ्जलि** साहित्यका प्रमुख विधा कविता अन्तर्गत पर्ने खण्डकाव्यात्मक कृति हो ।

**शोक-शब्दाञ्जलि** आचार्यले रचना गरेको एक उत्कृष्ट खण्डकाव्य हो । यस खण्डकाव्यको विश्लेषण अनेक कोणबाट गर्न सकिन्छ । विश्लेषणका त्यस्ता कोणमध्ये

यहाँ कृतिगत सन्दर्भ, विषयवस्तु, प्रबन्धविधान, भावविधान, वैचारिक स्वर, छन्दविधान, उक्तिढाँचा, बिम्बालङ्करण र प्रतीकात्मक व्यञ्जनासामर्थ्य तथा भाषाशैली जस्ता साहित्यिक कवितात्मक अभिव्यक्तिका घटक तत्त्वहरूको उपयोग गरी प्रस्तुत खण्डकाव्यको विश्लेषण गरिएको छ ।[१५]

### ४.९.१ कृतिगत सन्दर्भ

सुषमा आचार्यले आफ्नो साहित्य यात्राको पच्चीस वर्ष (वि.सं. २०२२-२०६५) र आफ्नो जीवनयात्राका अन्ठाउन्न वर्ष (वि.सं. २००७-२०६५) पूरा गरिसकेको परिपक्क अवस्थामा रचेको एक उत्कृष्ट खण्डकाव्य **शोक शब्दाञ्जलि** हो । करुण रसको सशक्त अभिव्यक्ति रहेको यस **शोक शब्दाञ्जलि** आचार्यको उत्कृष्ट खण्डकाव्यको रूपमा देखिएको छ ।

प्रस्तुत खण्डकाव्यको प्रेरणास्रोतगत सन्दर्भतर्फ हेर्दा सो सम्बन्धमा यसका स्रष्टा कवि सुषमा आचार्य कै जीवनयात्रामा केन्द्रित भएको देखिन्छ । उनका अनुसार यसको विषयवस्तुगत मुख्य आधार उनका पिता र पतिको मृत्युको असहनीय पीडा नै हो ।

### ४.९.२ विषयवस्तु

पिता र पतिको मृत्युको पीडाले प्रस्तुत शोककाव्यको विषयवस्तु जन्माएको छ । यो खण्डकाव्य प्रथमतः भावनात्मक विषयवस्तुको उपयोग गरी रचिएको रचना हो । पिता र पतिको मृत्युका शोकमा शोकाकुल भएकी आचार्यमा अन्तर्निहित द्वन्द्वलाई यस खण्डकाव्यको विषयवस्तुगत केन्द्र बनाइएको छ । यो काव्य आचार्यको मात्र शोक नभएर हरेक पत्नीले आफ्ना पतिलाई र हरेक छोरीले आफ्ना पितालाई गुमाउनु पर्दा हुने विरहको प्रस्तुति हो ।

### ४.९.३ प्रबन्ध विधान

**शोक-शब्दाञ्जलि** खण्डकाव्यको प्रबन्ध विधान सामान्य खालको छ । यस खण्डकाव्यमा कविले आफ्नो कथ्य विषयका साथै आफ्ना भावना र विचारलाई खण्डकाव्यात्मक, आयाम विस्तार दिई व्यक्त गर्न प्रथमतः एउटा ठोस आख्यानको उपयोग गरेकी छिन् । उनले यस खण्डकाव्यका विषयलाई कुनै सर्ग, खण्ड आदिमा विभाजन नगरी सरसर्ती आख्यानात्मक रूपमा वर्णन गरेकी छिन् । यस काव्यको कथावस्तुको केन्द्रीय चरित्रका रूपमा कवि स्वयम्लाई प्रस्तुत गरिएको छ भने गौण पात्रका रूपमा उनका पति र पितालाई प्रस्तुत गरिएको छ । यस काव्यमा

---

[१५] महादेव अवस्थी, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श** (काठमाडौं : इन्टेलेक्च्युअल्ज बुक प्यालेस, २०६४), पृ. २०५ ।

समानुपातिक श्लोकवितरण गरिएको छैन, कहीं आधा पेजदेखि लेखिएको छ भने कहीँ पूरै पेजमा लेखिएको छ । यसकारण यस काव्यको प्रबन्धविधान अपेक्षाअनुरूप सुगठित, मितव्ययी र सघन किसिमको नभई सामान्य किसिमको छ भन्न सकिन्छ ।

### ४.९.४ भावविधान

भावविधानका दृष्टिले हेर्दा **शोक-शब्दाञ्जलि** करुणरस प्रधान खण्डकाव्यका रूपमा देखापर्दछ । यसमा कवि सुषमा आचार्यले आख्यानयोजना र प्रबन्धात्मक शिल्पसंरचनाका बीच सामञ्जस्यकारी तत्त्वका रूपमा विविध मनोभावनाहरूको अभिव्यक्ति गरेकी छिन् । विविध भाव र रसको अभिव्यञ्जना गरिएको यस खण्डकाव्यको भावविधान सुगठित र कलात्मक भएको छ र यसमा विविध रसहरूको प्रयोग भए तापनि करुण रस नै अङ्गी रसका रूपमा आएको छ । मृत्यु शाश्वत सत्य हो भन्ने कुरा सबैलाई थाहा छ तर आफन्तको मृत्यु अत्यन्त असहनीय हुँदो रहेछ भन्ने भावको प्रस्तुति पाइने यस कृतिमा प्रकृति र मानवका बीच तादात्म्य सम्बन्ध देखाइएको छ ।

### ४.९.५ वैचारिक स्वर

**शोक-शब्दाञ्जलि** काव्यमा मूलतः जीवनवादी-मानवतावादी वैचारिक स्वरको अभिव्यक्ति गरिएको छ । यसमा अभिव्यक्त उक्त वैचारिक स्वरको पुष्टि गर्ने केही उद्गारहरू यसप्रकार छन् :

बाबा !
अरूको सारा दुःख पिएर
हँसाउने नीलकण्ठ हौ तिमी
ढुङ्गाको मूर्तिलाई पूजा नगर्ने
मानवताका पुजारी हौ तिमी ॥

त्यसैले बाबा मेरो अनुरोध छ तिमीलाई
खेतका गराहरूमा धानका बाला भई झुलिदेऊ
डाडाँपाखा र भन्ज्याङ्हरूमा
गुराँस भई पक्रिदेऊ

उपर्युक्त उद्गाहरू र **शोक-शब्दाञ्जलि**का कथ्य, वस्तु, पात्र तथा वातावरणकै समष्टि सन्दर्भमा कवि आचार्यले मानवतावादी विचारका साथै सृष्टि र जीवनप्रतिको सकारात्मक आशावादी स्वर गुन्जाएकी छिन् ।

### ४.९.६ छन्दविधान

**शोक-शब्दाञ्जलि** मुक्त लयढाँचाको प्रयोग गरी रचिएको एक उत्कृष्ट रचना हो । यस काव्यको समालोचना गर्ने क्रममा रामप्रसाद ज्ञवाली भन्छन्- "यो कृति भावुकताको चरममा आएको श्रद्धा र सम्झनाको शब्दाश्रु भएर होला, विनासोच विचार भावना-भावनामा नै यसमाथि केही टिप्पणी गर्न मन लाग्यो ।"

यसरी यो शोककाव्य छन्दमुक्त भए तापनि सबै पाठकहरूको मन छुने जीवन्त काव्य हो भन्न सकिन्छ ।

### ४.९.७ उक्तिढाँचा

उक्तिढाँचाका दृष्टिले हेर्दा **शोक शब्दाञ्जलि** आख्यानात्मक खण्डकाव्यका रूपमा देखापर्छ । यस खण्डकाव्यका श्लोकहरूमा आचार्यले पिता र पतिको मृत्युका कारण उत्पन्न शोक र पीडाको प्रस्तुति आख्यानात्मक रूपले गरेकी छिन् । यस काव्यमा आत्मीयजनको अभावबोध हुँदा अनुभव हुने कहालीलाग्दो अत्यास छ र त्यस अत्यासबाट मुक्ति पाउन अदृश्य र अज्ञात शक्तिसँग गुहार मागिएको छ । यस काव्यका श्लोकहरूमा स्वयम् कवि पात्रको कथन प्रस्तुत गरिएकोले यो काव्य कविनिवद्ध काव्य हो भन्न सकिन्छ । यस काव्यले सुरुदेखि अन्तिमसम्मका श्लोकहरूमा पति र पिताको मृत्युका शोकमा विह्वल आचार्यको कारुणिक चित्रण गरेकाले यो एउटा जीवन्त काव्य हो ।

### ४.९.८ बिम्बालङ्करण र प्रतीकात्मक व्यञ्जनासामर्थ्य

विषयवस्तु कथ्य भावविचारको रमणीयताको वृद्धि गर्न यस खण्डकाव्यमा विविध बिम्बालङ्कारहरूको सहज-स्वभाविक प्रयोग गरिएको छ । यस खण्डकाव्यका प्रायःजसो श्लोकहरूमा प्रकृति, समाज दर्शन आदि विषयस्रोतसँग सम्बन्धित लघु बिम्बहरूको प्रयोग गरिएको छ । यस्तो बिम्बबिधानबाट प्रस्तुत काव्य मुख्यतः उपमा (रङ्गीन अनुहार.........), रूपक (मेरा निम्ति ..............) ।

आदि अर्थालङ्कारको प्रयोग गरिएको छ । यसैगरी यस काव्यमा उखान (छेपाराले .......) र विविध शिल्पप्रविधिको प्रयोग गरिएकाले यसको कथा पक्ष निकै गहिरिन पुगेको छ ।

### ४.९.९ भाषाशैली

यस **शोक-शब्दाञ्जलि** काव्यमा अत्यन्त परिष्कृत भावमय, सरस सुन्दर र प्रभावकारी भाषाशैलीको प्रयोग गरिएको छ । यसको भाषिक वर्णनयोजना तहमा ठाउँठाउँमा अन्त्यानुप्रास मिलेको छ भने कतै नमिलेको पनि भेटिन्छ । छन्दमुक्त यस काव्यलाई मिठासपूर्ण बनाउन ठाउँठाउँमा तत्सम र तद्भव शब्द पनि प्रयोग गरिएको छ । यसले गर्दा यस काव्यको शैली सरलतातर्फ झुकेको छ । शब्द, शब्दावली र वाक्यका प्रयोगको परिष्कारवादी चयन कौशल यस खण्डकाव्यमा देखाइएको छ । जसबाट कवि आचार्यको थोरैमा धेरै व्यक्त गर्ने मितव्ययी र सघन काव्यशैली यहाँ प्रस्तुत भएको छ । कथ्य भावअनुसार यस काव्यका ठाउँठाउँमा पाञ्चाली, गौडी, ओजगुणहरूको प्रयोग भेटिए पनि करुण रस प्रधान काव्य भएकाले वैदर्भी रीतिमा आश्रित माधुर्य गुणको व्याप्ति नै यसको शैलीगत सम्प्राप्ति हो । यिनै कुराका समष्टिमा सघन-मितव्ययी, सरस संवेद्य, सुन्दर-मधुर, प्रौढपरिष्कृत र भावमय भाषाशैलीको प्रयोग यस **शोक-शब्दाञ्जलि** खण्डकाव्यको एक उल्लेख विशेषता हो भन्न सकिन्छ ।

यसरी आचार्यद्वारा पति र पिताका निधनप्रति शोक व्यक्त गरिएको यो **शोक शब्दाञ्जलि** साहित्यप्रेमी र अन्य सबैका लागि स्मरणीय र पठनीय रहेको छ । भावसम्पन्न शोककाव्य रच्न सफल कवि सुषमा आचार्यलाई यस काव्यले एक सफल शोककाव्यकारका रूपमा स्थापित गराएको छ ।

## पाँचौं परिच्छेद

# उपसंहार

सुषमा आचार्यको जन्म २००७ साल फागुन ७ गते शिवरात्रिका दिन काठमाडौं महानगरपालिकाको ताहाचलमा भएको हो । आचार्यले ६ वर्षको उमेरदेखि औपचारिक रूपमा शिक्षा ग्रहण गरेकी हुन् । तीन वर्षको कलिलो उमेरमा आमादेखि अलग्गिएर सानी आमा शान्तिदेवीको स्नेहमयी लालनपालनमा हुर्केकी आचार्यले सानैदेखि शिक्षित र सहरिया वातावरणमा हुर्कने सौभाग्य प्राप्त गरेकी छिन् । प्रारम्भिक शिक्षा कालिमाटीको जनप्रभात स्कुलबाट सुरु गरेकी आचार्यले जापानबाट विद्यावारिधिसम्मको अध्ययन पूरा गरिसकेकी छिन् । आफ्नै पिताको प्रेरणाबाट साहित्यिक क्षेत्रमा शवरीका नामले लेख्दै आएकी आचार्य २०२९ साल अर्थात् २२ वर्षको उमेरदेखि प्राध्यापकका रूपमा सेवारत् यिनी हाल प्रमुख प्राध्यापकका रूपमा कार्यरत छिन् । आफ्नो जीवनको लामो समय शिक्षण पेसामा बिताइरहेकी आचार्य अन्य विविध सङ्घसंस्थाहरूमा सक्रिय भएर पनि साहित्यिक तथा सामाजिक क्षेत्रमा समेत सक्रिय भएको तथ्य फेला पर्दछ ।

सबैभन्दा पहिले २०२२ सालमा **जीवन घामछाया** शीर्षकको कविताबाट सार्वजनिक भएकी आचार्यको पुस्तकाकार कृति भने २०४९ सालको **गजुर ढल्किँदैछ** शीर्षकको कवितासङ्ग्रह नै हो । उनी पारिवारिक व्यवहारमा लाग्नु परे पनि, समाजसेवामा व्यस्त हुनु परे पनि, अध्ययनका सिलसिलामा र अन्य कारणले देश तथा विदेश भ्रमणमा बिताउनु परे तापनि उनले आफ्नो साहित्यिक यात्रालाई निरन्तरता दिएकी छिन् । सुषमाको साढे चार दशक लामो साहित्यिक यात्रामा उनले क्रमशः कविता, समालोचना, उपन्यास, बालककथा र पति र पिताको मृत्युको शोकमा शोककाव्य आदिको रचना गरेकी छिन् ।

सुषमा आचार्यले नेपाली साहित्यका विविध विधामको रचना गर्नुका साथै साहित्येतर विधामा पनि व्यापक रूपमा आफ्ना लेख रचनाहरू प्रकाशित गर्दै आइरहेकी छिन् । विद्यार्थी जीवनदेखि नै साहित्य सिर्जनारत सुषमा आचार्यको साहित्यिक कालविभाजन भने उनका फुटकर कविता र पुस्तकाकार कृति प्रकाशित भएदेखिबाट मात्र गरिएको छ । त्यसैले उनको साढे चार दशक लामो साहित्य यात्रालाई मूलतः तीन चरणमा विभाजन गरिएको छ । उनको प्रथम चरण (वि.सं. २०२२-२०५२) सम्मको समयावधि रहेको छ भने दोस्रो चरण (२०५३-२०६१) सम्म र तेस्रो चरण (२०६२-हालसम्म) रहेको छ । आचार्यको साहित्यिक यात्राको प्रथम-चरणमा एउटा कवितासङ्ग्रह प्रकाशित भएको छ भने दोस्रो चरणमा केही, समालोचनाहरू र एउटा

कवितासङ्ग्रह **एकपत्र साकुरालाई** जापानको शिक्षा व्यवस्थाको बारेमा चर्चा गरिएको **एजुकेसन सिस्टम अफ जापान** र नेपालको शिक्षा व्यवस्थाको अध्ययन गरिएको **एजुकेसन सिस्टम अफ नेपाल** शीर्षकका कृतिहरू प्रकाशित भएका छन् र तेस्रो चरणमा उपन्यास, समालोचना, बालकथा सङ्ग्रह र शोककाव्य गरी चारवटा विविध विधाका कृतिहरू प्रकाशित भएका छन् । उनको समग्र साहित्यिक यात्राकै अध्ययन गर्दा उनले विविध विधामा गरेर जम्मा बाह्रवटा कृतिहरू प्रकाशित गरेकी छिन् ।

कविता विधाबाट नेपाली साहित्यमा प्रवेश गरेकी आचार्यले पछि गएर आफूलाई समालोचक, उपन्यासकार, बालकथाकार र शोककाव्यकारका रूपमा पनि चिनाउन सफल भएकी छिन् । उनको साढेचार दशक लामो साहित्यिक यात्रामा हालसम्म बाह्रवटा विविध विधाका कृतिहरू देखिएका छन् जसमध्ये बढी मात्रामा समालोचनात्मक र अनुसन्धानात्मक विधाका कृतिहरू देखिएका छन् । विशेषगरी ग्रामीण नेपाली समाजमा भए गरेका घटनाहरूलाई यथार्थ रूपमै प्रस्तुत गर्ने आचार्य सामाजिक यथार्थवादी साहित्यकारका रूपमा परिचित छिन् । उनले **गजुर ढल्किँदैछ** कवितासङ्ग्रह भित्रका कविताहरूमा यथार्थ अवस्थाका अनुभूतिहरूलाई विषयवस्तु बनाएकी छिन् भने वर्गविभेद निरङ्कुशता विरुद्धको सङ्घर्ष, व्यक्ति प्रतिको व्यभिचारी आचरण आदिको पनि चर्चा गरेकी छिन् ।

सुषमा आचार्यले रचना गरेका साहित्यिक विधाहरूमध्ये गुणात्मक र कलात्मकताका दृष्टिले कविता पछिको दोस्रो विधा समालोचना नै हो । उनले हालसम्म पाँचवटा समालोचनात्मक कृतिहरू प्रकाशित गरेकी छिन् । उनको साहित्यिक यात्राको प्रारम्भ विन्दु कविता भए तापनि समालोचना विधामा उनी बढी सिद्धहस्त देखिन्छिन् । उनले आफ्नो साहित्यिक यात्राको प्रथम चरणमा **गजुर ढल्किँदैछ** (२०४९) कवितासङ्ग्रह प्रकाशित गरेकी छिन् भने दोस्रो चरणमा **मुलुकबाहिर एक सर्वेक्षण** (२०५३), **माइतघरलाई चियाएर हेर्दा** (२०५३), **नेपाली कविताको विकास वीरकालबाट भक्तिकालतिर** (२०५८), **लैनसिंह वाङ्देलका औपन्यासिक कृतिको मूल्याङ्कन** (२०५८), **एक पत्र साकुरालाई** (कविता) (२०५८), **एजुकेशन सिस्टम अफ जापान** (२०५८), **एजुकेशन सिस्टम अफ नेपाल** (२०५९) र तेस्रो चरणमा **निर्णय** उपन्यास (२०६२), **केही व्यक्ति र कृतिहरू** (२०६२), **चन्द्रमामा खरायो** बालकथासङ्ग्रह (२०६४), **शोक-शब्दाञ्जलि** (२०६५) जस्ता विविध विधाका कृतिहरू प्रकाशित गरेकी छिन् । उनको **गजुर ढल्किँदैछ** कवितासङ्ग्रहमा उनले आफू भित्रका यथार्थ अवस्थाका अनुभूतिहरू प्रकट गरेकी छिन् ।

त्यसैगरी **मुलुकबाहिर एक सर्वेक्षण र माइतघरलाई चियाएर हेर्दा** शीर्षकको समालोचनात्मक कृतिमा वाङ्देलको मुलुकबाहिर उपन्यासलाई विविध कोणबाट विश्लेषण गरेकी छिन् । यसैगरी **नेपाली कविताको विकास वीरकालबाट भक्तिकालतिर** शीर्षकको कृतिमा कविताको विकासक्रम र भानुभक्तलाई आदिकवि मान्नुका कारणहरू प्रस्ट पारेकी छिन् । लैनसिंह वाङ्देलका औपन्यासिक कृतिको मूल्याङ्कनमा वाङ्देलको जीवनी व्यक्तित्व र उनका औपन्यासिक कृतिको विविध दृष्टिकोणले मूल्याङ्कन गरिएको छ । त्यसैगरी **एकपत्र साकुरालाई** कवितासङ्ग्रहमा जापानका र केही यतैका विषयवस्तुहरूलाई समावेश गरिएको छ ।

सुषमा आचार्यका यी सबै समालोचनात्मक कृतिहरू र कविताको विकास, वीर कालदेखि भक्तिकालसम्म कवितासङ्ग्रह आदि कृतिहरू उनको दोस्रो चरणमा प्रकाशित भएका छन् । उनका तेस्रो चरणमा प्रकाशित **निर्णय** उपन्यास, **केही व्यक्ति र कृतिहरू** समालोचनात्मक कृति **चन्द्रमामा खरायो**, बालकथासङ्ग्रह र **शोक-शब्दाञ्जलि** मा सबैभन्दा सर्वोत्कृष्ट कृतिका रूपमा 'निर्णय' उपन्यासलाई नै लिइन्छ । सुषमा आचार्यले रचना गरेका साहित्यिक विधामध्ये सङ्ख्यात्मक रूपले एउटै भएर पनि गुणात्मक र कलात्मक पक्षबाट सफल भएको विधा उपन्यास विधा नै हो । विशेषगरी ग्रामीण नेपाली समाजमा भए गरेका घटनाहरूलाई यथार्थ रूपमै प्रस्तुत गर्ने आचार्य सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा परिचित छिन् । यस उपन्यासमा ग्रामीण नेपाली समाजमा प्रचलित परम्परावादी मान्यता कुसंस्कार र कुरीतिहरूको चर्चा एकातिर गरिएको छ भने अर्कोतिर सहरिया परिवेशमा आधुनिकताका नाममा देखिएका विकृति, विसङ्गति, शोषण कुसंस्कारको विरोध पनि गरिएको छ । यस उपन्यासले महिला-पुरुषको सामाजिक र वैयक्तिक चरित्र निर्माण गर्नुका साथै यौनमनोविज्ञान त्यसमा पनि महिलाका अन्तरकुन्तरमा पसी नारीको निकै राम्रो र संवेदित तरिकाले चित्रण गर्दै सम्मानपूर्वक मातृत्व भावजन्य रतिरागोन्मुख शृङ्गार रसको चयन गरिएको छ । त्यसैगरी यस चरणमा आएर आचार्यको **चन्द्रमामा खरायो** शीर्षकको बालकथा सङ्ग्रह देखापर्छ । त्यसमा उनले बालबालिकाहरूलाई भाषाशिक्षण र नैतिक शिक्षाका बारेमा उपदेश दिनुका साथै जापानको संस्कृतिलाई पनि बुझाउन खोजेकी छिन् । **केही व्यक्ति र कृतिहरूमा** उनले व्यक्ति, कृति, नेपाली भाषा, शिक्षा र संस्कृति जस्ता विषयहरूको विश्लेषण गरेकी छिन् । आचार्यले पति गुमाएको एकवर्ष कै अन्तरालमा पितालाई पनि गुमाउनु परकाले उनले आफ्नो आँशुलाई काव्यमा उतार्न सफल भएर एउटा **शोक शब्दाञ्जलि** शीर्षकको शोककाव्य लेख्न सफल भएकी छिन् । यसरी उनले

यस चरणमा धेरै विधाका कृतिहरू प्रकाशित गरी बहुआयमिक व्यक्तित्व बन्न सफल भएकी छिन् ।

सुषमा आचार्यका साहित्यिक रचनाहरूमा सामाजिक, जनजीवनको यथार्थचित्र खिचिएको छ र विशेषगरी नेपाली गाउँ, समाज र राष्ट्रमा व्याप्त राजनैतिक विकृति, विसङ्गति, आर्थिक शोषण, सामाजिक यातना, पीडा, अभाव, महँगी, अन्याय, अत्याचारमा पिल्सिरहेका मानव जीवनको मार्मिक अभिव्यक्ति पनि गरिएको छ । नारीमाथि गरिएका यातना, ताडना, पीडा, अन्याय, अत्याचार, हेला-उपेक्षा आदिलाई पनि कडा रूपमा प्रस्तुत गरिएको छ । नेपाल राष्ट्र तथा नेपाली भाषा र साहित्यप्रतिको अगाध स्नेहको भावनालाई आचार्यले आफ्ना रचनाहरूमा व्यक्त गरेकी छिन् । नेपाली उपन्यासको इतिहासमा आचार्य सामाजिक यथार्थवादी धाराअन्तर्गत कलम चलाउने उपन्यासकारका रूपमा स्थापित भएकी छिन् भने समालोचनाका क्षेत्रमा कृतिपरक, समालोचना गर्ने प्रभाववादी समालोचकका रूपमा देखिएकी छिन् ।

यसरी निष्कर्षमा के भन्न सकिन्छ भने सुरुदेखि अहिलेसम्म काठमाडौंमा रहेर नेपाली भाषा र साहित्यको विकास र उन्नति गर्ने साहित्यकारका रूपमा सुषमा आचार्यलाई लिन सकिन्छ । यिनलाई स्वदेश र विदेशमा रहँदा पनि नेपाल र नेपाली भाषा तथा साहित्यको विकास गर्ने साहित्यिक प्रतिभाका रूपमा लिन सकिन्छ । उनको प्रथम चरण अभ्यासकाल भएकाले पृष्ठभूमि काल भएको छ भने दोस्रो चरण संख्यात्मक रूपले धेरै कृति लेखेकीले उर्वर काल मान्न सकिन्छ भने अन्तिम अर्थात् तेस्रो चरणमा आएर उनले बहुविधामा हात हालेकीले यस काललाई उनका बहुआयमिक काल मान्न सकिन्छ । यसरी उनले आफ्ना तीन चरणमा विविध विधाका कृति रचना गरेर बहुआयामिक व्यक्तित्व बनेकी छिन् । समग्रमा भन्नुपर्दा सुषमा आचार्य नेपाली भाषा र साहित्यको विकासमा हालसम्म पनि साधनारत प्रतिभा हुन् । उनले कविता, समालोचना, अनुसन्धान, अनुवाद, बालकथा, शोककाव्य जस्ता विविध विधाहरू नेपाली साहित्यलाई दिएर नेपाली साहित्यको भण्डार भर्ने काम गरेकी छिन् । आफूले हात हालेजति चलाएजति सबै विधा र क्षेत्रमा प्रसिद्ध भएकी साहित्यकार आचार्य एक प्रतिभाशाली व्यक्तित्व हुन् । आधुनिक नेपाली साहित्य र समालोचनाको श्रीवृद्धिमा लागिरहेकी आचार्यको साधना निरन्तर रूपमा अघि बढिरहेको छ ।

## सन्दर्भग्रन्थसूची


आचार्य, सुषमा, **गजुर ढल्किँदैछ**, जाउलाखेल : महालक्ष्मी प्रकाशन, २०४९ ।

_________, **मुलुकबाहिर एक सर्वेक्षण**, काठमाडौं : लुषप्रेस नयाँबानेश्वर, २०५३ ।

_________, **माइतघरलाई चियाएर हेर्दा**, काठमाडौं : लुषप्रेस नयाँ वानेश्वर, २०५३ ।

_________, **नेपाली कविताको विकास वीरकालबाट भक्तिकालतिर**, जाउलाखेल : महालक्ष्मी प्रकाशन, २०५८ ।

_________, **एकपत्र साकुरालाई**, काठमाडौं : पुषप्रेस, २०५८ ।

_________, **लैनसिंह वाङ्गदेलका औपन्यासि कृतिको मूल्याङ्कन**, काठमाडौं : आगम प्रिन्टर्स २०५८ ।

_________, **केहि व्यक्ति र कृतिहरू**, काठमाडौं : लुष प्रेस, २०६२ (इ.सं. २००६) ।

_________, **चन्द्रमामा खरायो**, काठमाडौं : लुष प्रेस, २०६४ ।

_________, **निर्णय**, दो.सं. काठमाडौं : लुष प्रेस, २०६५ ।

_________, **शोक शब्दाञ्जलि**, काठमाडौं : लुष प्रेस, २०६५ ।

_________, **मेरो दृष्टिमा स्व. वासुदेव शर्मा लुइँटेल**, **जनमत** (वर्ष २५, अङ्क १२, २०६५, पौष), पृ. ३६-३७ ।

ज्ञवाली, रामप्रसाद, 'शोकशब्दाञ्जली माथि आत्मवादी समालोचना', **जनमत** (वर्ष २५, अङ्क १२, २०६५, पौष), पृ. २८-३१ ।

ठकुरी, माया, 'डा. सुषमा आचार्यको सङ्क्षिप्त जीवनी', **जनमत** (वर्ष २५, अङ्क १२, २०६५, पौष), पृ. ३२-३३ ।

त्रिपाठी, वासुदेव र अन्य, **नेपाली कविता भाग-४**, चौ.सं., काठमाडौं : साझा प्रकाशन, २०६० ।

दुवाल, मोहन, 'वासुदेव माड्साहेबका मन तरङ्गमा व्याप्त हुन खोजिरेहको डा. सुषमा आचार्य', **जनमत** (वर्ष २५, अङ्क १२, २०६५ पौष), पृ. २४/२५ ।

दुवाल, मोहन, 'साहित्य जीवनको प्रतिबिम्ब हो, यसले आफूले भोगेका र देखेका अनुभवहरूलाई इमान्दारीपूवक अभिव्यक्त गर्दछ', **जनमत** (वर्ष २५, अङ्क १२, २०६५ पौष), पृ. २६/२७ ।

प्रधान, कृष्णचन्द्रसिंह, **नेपाली उपन्यास र उपन्यासकार**, ते.सं. काठमाडौं : साझा प्रकाशन, २०५२ ।

बराल, कृष्णहरि र एटम नेत्र, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, दो.सं. २०५८ ।

लुइटेल, लीला, 'सुषमा आचार्य : व्यक्तित्व र कृतित्व' **अभिव्यक्ति** (वर्ष ४०, अङ्क १४५, पौष, माघ) २०६६, पृ. ३० ।

शर्मा, मोहनराज र लुइटेल खगेन्द्र, **शोधविधि**, ते.सं., २०६२ ।

श्रेष्ठ, दयाराम, **नेपाली कथा भाग-२,** दो.स. काठमाडौं : साझा प्रकाशन, २०६० ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, दो.सं., काठमाडौं : साझा प्रकाशन, २०६४ ।